# उपन्यासकार पद्मावती सिंहको
# 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्रसङ्काय अन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको
नेपाली विभागको स्नातकोत्तर (एम्. ए.)
द्वितीय वर्षको दसौं पत्रको
प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**राधिकादेवी शर्मा**
क्याम्पस दर्ता सं. : १६/०६१
रजिष्ट्रेसन सं. : ९-१-१८-१८६०-९८
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन


२०६६

# उपन्यासकार पद्मावती सिंहको
# 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्रसङ्काय अन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको
नेपाली विभागको स्नातकोत्तर (एम.ए.)
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**


शोध निर्देशक
**विष्णुप्रसाद सापकोटा**
उपप्राध्यापक

**शोधार्थी**
**राधिकादेवी शर्मा**
क्याम्पस दर्ता सं. : १६/०६१
रजिष्ट्रेसन सं. : ९-२-१८-१८६०-९८
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन


२०६६

# शोध–निर्देशकको मन्तव्य

**उपन्यासकार पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको नेपाली स्नातकोत्तर शोधपत्र राधिकादेवी शर्माले मेरो निर्देशनमा रहेर तयार पार्नुभएको छ । गहन अध्ययन र परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रदेखि म पूर्णतः सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

....................................

**विष्णुप्रसाद सापकोटा**

उप-प्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६६/०८/२७

# कृतज्ञता–ज्ञापन

मानवजीवनको जीवित बिम्बका रूपमा चिनिने उपन्यास विधा साहित्यको पाठ्य-श्रव्य भेद अन्तर्गत पर्दछ । यसले मनुष्यको विगत, वर्तमान र आगतको समीक्षा गर्दछ । समाजको विकृति र विसङ्गतिलाई औंल्याउँदै परिवर्तनको सङ्केत यसमा गरिएको हुन्छ । यस्तो साहित्यिक विधाको अध्ययन मेरो रुचिको विषय हो । त्यसमा पनि नेपाली समाजका नारी समस्यामा केन्द्रित रहेर रचना गरिएको 'समानान्तर आकाश' कृतिको अध्ययन गर्न पाउँदा म आफूलाई गौरवान्वित ठानेकी छु ।

प्रस्तुत **उपन्यासकार पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोध प्रस्ताव स्वीकृत गरिदिनुहुने मेरा आदरणीय गुरु तात्कालीन विभागीय प्रमुख र वर्तमान क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खरालप्रति आभारी छु । शोधकार्यलाई निर्देशन गर्ने शोधनायक उपप्रा. श्री विष्णुप्रसाद सापकोटा तथा आवश्यक मूल्याङ्कनको लागि पहल गरिदिनु हुने वर्तमान विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोध्य कृतिकी स्रष्टा पद्मावती सिंह, सन्दर्भ सामग्री उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालय, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय, सप्तगण्डकी बहुमुखी क्याम्पस पुस्तकालय, बालकुमारी बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति पनि आभार प्रकट गर्दछु ।

मलाई उच्च शिक्षा हासिल गर्न प्रेरणा दिने मेरी ममतामयी माता देवकला पौडेल तथा पिता पशुपति पौडेलप्रति म ऋणी छु । शोधपत्रको पूर्णताका लागि मलाई घच्घच्याउने मेरा जीवनसाथी वेगनाथ गैरे तथा परिवारजन एवम् शुभचिन्तकप्रति म शब्द सुमन टक्र्याउँदछु ।

अन्ततः यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर समक्ष पेस गर्दछु ।

..............................

**राधिकादेवी शर्मा**

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| ई.सं. | : | ईश्वी संवत् |
| उप.प्रा. | : | उप-प्राध्यापक |
| काठ. | : | काठमाडौं |
| चौ.सं. | : | चौँथो संस्करण |
| ते.सं. | : | तेस्रो संस्करण |
| दो.सं. | : | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प.सं. | : | पहिलो संस्करण |
| पाँ.सं. | : | पाँचौ संस्करण |
| प्र. | : | प्रसाद |
| प्रा. | : | प्राध्यापक |
| पृ. | : | पृष्ठ |
| वि.सं. | : | विक्रम संवत् |
| भू.पू. | : | भूतपूर्व |
| स्व. | : | स्वर्गीय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनकी शोधार्थी छात्रा राधिकादेवी शर्माद्वारा प्रस्तुत **उपन्यासकार पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोत्रपत्र नेपाली विषयमा स्नाकोत्तर (एम्.ए.) तह दसौँ पत्रको प्रयोजनको लागि स्वीकृत गरिएको छ ।

# मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| वनमालीराज शर्मा | प्रा.डा. नारायणप्रसाद खनाल | विष्णुप्रसाद सापकोटा |
| .......................... | .......................... | .......................... |
| बाह्य परीक्षक | विभागीय प्रमुख | शोध निर्देशक |

मिति: २०६६/०७/२७

# विषय सूची

| zLif{s | | k[i7 |
|---|---|---|

## पहिलो परिच्छेद


| | | |
|---|---|---|
| **१.** | **शोधपरिचय** | **१-६** |
| १.१ | शोध शीर्षक | १ |
| | १.२ शोधकार्यको प्रयोजन | १ |
| | १.३ विषय परिचय | १ |
| | १.४ समस्या कथन शोध समस्या | १ |
| | १.५ शोधका उद्धेश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| | १.७ शोधकार्यको औचित्य र महत्व | ३ |
| | १.८ शोधकार्यको सीमाङ्कन | ३ |
| | १.९ सामग्री सङ्कलन र शोधविधि | ३ |
| | १.१० शोधपत्रको रूपरेखा | ४ |


## दोस्रो परिच्छेद


| | | |
|---|---|---|
| **२.** | **पद्मावती सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय** | **७-१९** |
| २.१ | सङ्क्षिप्त जीवनी | ७ |
| २.१.१ | जन्म र जन्मस्थान | ७ |
| २.१.२ | शिक्षा-दीक्षा | ७ |
| २.१.३ | पारिवारिक जीवन | ७ |
| २.१.४ | बहुभाषा ज्ञान | ९ |
| २.१.५ | यात्रा/भ्रमण | ९ |
| २.१.६ | पुरस्कार र मानपदवी | ९ |
| २.१.७ | संस्थागत संलग्नता | ९ |
| २.२ | व्यक्तित्व | १० |
| २.२.१ | गीतकार व्यक्तित्व | १० |
| २.२.२ | कथाकार व्यक्तित्व | ११ |
| २.२.३ | कवि व्यक्तित्व | ११ |
| २.२.४ | सम्पादक व्यक्तित्व | १२ |
| २.२.५ | उपन्यासकार व्यक्तित्व | १२ |

| | | |
|---|---|---|
| २.२.६ | विविध व्यक्तित्व | १३ |
| २.३ | कृतित्त्व | १३ |
| २.३.१ | कृतित्वको सामान्य परिचय | १३ |
| २.३.२ | साहित्य लेखनमा प्रेरणा एवं संलग्नता | १३ |
| २.३.३ | विविध साहित्यिक विधा रचनामा संलग्नता | १४ |
| २.३.३.१ | गीत | १४ |
| २.३.३.२ | कथा | १५ |
| २.३.३.३ | कविता | १५ |
| २.३.३.४ | सम्पादक | १६ |
| २.३.३.५ | उपन्यास | १६ |
| २.३.३.६ | अन्य फुटकर लेखहरू | १६ |
| २.४ | उपन्यासकार पद्मावती सिंहको योगदान | १७ |
| २.४.१ | सिर्जनात्मक योगदान | १७ |
| २.४.२ | कलात्मक योगदान | १८ |
| २.५ | निष्कर्ष | १८ |


## तेस्रो परिच्छेद


| | | |
|---|---|---|
| **३.** | **नेपाली औपान्यासिक परम्परा र पद्मावती सिंहको समानान्तर आकाश उपन्यासको कृतिपरक अध्ययन** | **२०-९७** |
| ३.१ | उपन्यासको सैद्धान्तिक स्वरूप | २० |
| ३.१.१ | उपन्यासको परिचय | २० |
| ३.१.२ | उपन्यासको व्युत्पत्तिगत अर्थ | २१ |
| ३.१.२.१ | पूर्वीय मान्यतामा उपन्यासको अर्थ | २१ |
| ३.१.२.२ | पाश्चात्य मान्यताअनुसार उपन्यासको व्युत्पत्तिगत अर्थ | २२ |
| ३.१.३ | उपन्यासको परिभाषा | २२ |
| ३.१.४ | उपन्यासका आवश्यक तत्त्वहरू | २५ |
| ३.१.४.१ | कथावस्तु/कथानक | २६ |
| ३.१.४.२ | पात्र/चरित्र | २८ |
| ३.१.४.३ | संवाद | २९ |
| ३.१.४.४ | देशकालवातावरण | ३१ |
| ३.१.४.५ | भाषाशैली | ३२ |

| | | |
|---|---|---|
| ३.१.४.६ | उद्देश्य | ३३ |
| ३.१.४.७. | निष्कर्ष | ३५ |
| ३.२ | नेपाली औपन्यासक परम्परा | ३५ |
| ३.२.१ | पृष्ठभूमि | ३५ |
| ३.२.१.१ | प्राथमिक काल वि.सं. (१८२७ - १९४५) | ३६ |
| ३.२.१.२ | माध्यमिक काल (वि.सं. १९४६- १९९०) | ३७ |
| ३.२.१.३ | आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म) | ४१ |
| ३.२.१.३.१ | पहिलो चरण (वि.सं. १९९१) | ४१ |
| ३.२.१.३.२ | दोस्रो चरण (वि.सं. २०२१) | ४४ |
| ३.२.१.४ | आधुनिक नेपाली उपन्यासको यथार्थवादी युगका मुख्य धारा र प्रवृत्ति | ४६ |
| ३.२.१.४.१ | आदर्शोन्मुख यथार्थवादी धारा | ४६ |
| ३.२.१.४.२ | स्वच्छन्दतावादी धारा | ४६ |
| ३.२.१.४.३ | ऐतिहासिक यथार्थवादी धारा | ४७ |
| ३.२.१.४.४ | सामाजिक यथार्थवादी धारा | ४७ |
| ३.२.१.४.५ | अतियथार्थवादी धारा | ४८ |
| ३.२.१.४.६ | आलोचनात्मक यथार्थवादी धारा/प्रगतिवादी/नवआदर्शवादी धारा | ४८ |
| ३.२.१.४.७ | मनोवैज्ञानिक यथार्थवादी धारा | ४८ |
| ३.२.१.४.८ | पौराणिक यथार्थवादी धारा | ४९ |
| ३.३ | उपन्यासकार पद्मावती सिंहको समानान्तर आकाश उपन्यासको परिचय विश्लेषण र मूल्याङ्कन | ४९ |
| ३.३.१ | समानान्तर आकाश उपन्यासको संरचना | ४९ |
| ३.३.२ | समानान्तर आकाश उपन्यासको आन्तरिक संरचना | ५० |
| ३.३.३ | समानान्तर आकाश उपन्यासको कथावस्तु | ५० |
| ३.३.३.१ | कथावस्तुको स्रोत | ५१ |
| ३.३.३.२ | कथावस्तुको ढाँचा | ५२ |
| ३.३.३.३ | कथावस्तुको विकासक्रम | ५२ |
| ३.३.३.४ | समानान्तर आकाश उपन्यासको कथानक विकासक्रम | ५४ |
| ३.३.३.५ | कथावस्तु विवरण कलाको विवेचना | ५८ |
| ३.३.४ | समानान्तर आकाश उपन्यासमा प्रयुक्त पात्रहरू | ६२ |
| ३.३.४.१ | पात्र वा चरित्र वर्गीकरणका आधारहरू | ६२ |

| | | |
|---|---|---|
| ३.३.४.२ | पात्रहरूको वर्गीकरण | ६४ |
| ३.३.४.३ | पात्रवर्गीकरण तालिकाबारे टिप्पणी | ६५ |
| ३.३.४.४ | चरित्रचित्रण | ६६ |
| ३.३.५ | समानान्तर आकाश उपन्यासमा प्रयुक्त दृष्टिबिन्दु | ७१ |
| ३.३.५.१ | समानान्तर आकाश उपन्यासको वातावरण | ७२ |
| ३.३.५.२ | परिवेश | ७२ |
| ३.३.५.३ | समानानतर आकाश उपन्यासमा द्वन्द्व विधान | ७४ |
| ३.३.५.४ | समानान्तर आकाश उपन्यासको विचार पक्ष | ७५ |
| ३.३.५.५ | सारवस्तु | ७५ |
| ३.३.५.६. | प्रतीक र बिम्बविधान | ७६ |
| ३.३.५.७ | निष्कर्ष | ७९ |
| ३.३.६ | घटनाको तारतम्यता | ७९ |
| ३.३.६.१ | समानान्तर आकाश उपन्यासको बाह्य संरचना | ८२ |
| ३.३.६.२ | परिच्छेद योजना | ८२ |
| ३.३.६.३ | परिच्छेद तालिकको समीक्षा | ८३ |
| ३.३.६.४ | परिच्छेदमा कथानकको विवरण | ८४ |
| ३.३.६.५ | समानान्तर आकाश उपन्यासको शीर्षक | ८८ |
| ३.३.७ | समानान्तर आकाश उपन्यासमा प्रयुक्त भाषाशैली | ८९ |
| ३.३.८ | समानान्तर आकाश उपन्यासको रचनाशैली | ९३ |
| ३.३.९ | नारीवादी आँखामा समानान्तर आकाश उपन्यास | ९५ |
| ३.४ | निष्कर्ष | ९७ |

**चौथो परिच्छेद**

| | | |
|---|---|---|
| **४.** | **समानान्तर आकाश उपन्यासको मूल्याङ्कन** | **९८-१०५** |
| ४.१ | पृष्ठभूमि | ९८ |
| ४.२. | समाजिक यर्थाथवादी उपन्यास | ९८ |
| ४.३ | घटनाप्रधान उपन्यास | ९९ |
| ४.४ | नारीवादी उपन्यास | १०० |
| ४.५ | कारुणिक स्वरको उद्घाटन | १०१ |
| ४.६ | मानवतावादी भावना | १०२ |
| ४.७ | प्रकृतिचित्रण | १०२ |

| | | |
|---|---|---|
| ४.८ | बिम्बको सफल प्रयोग | १०३ |
| ४.९ | निष्कर्ष | १०४ |

## पाँचौ परिच्छेद

| | | |
|---|---|---|
| **५.** | **उपसंहार** | **१०६-१०७** |

## तालिका सूची

| | | |
|---|---|---|
| १. | कथानक विकासक्रम तालिका | ५४ |
| २. | पात्रवर्गीकरण तालिका | ६४ |
| ३. | परिच्छेद योजना तालिका | ८२ |

## सन्दर्भकृति सूची

# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **उपन्यासकार पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनको स्नातकोत्तर तह, नेपाली विभाग दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

प्रसिद्ध नारी सर्जक पद्मावती सिंहद्वारा सिर्जित **समानान्तर आकाश** (वि.सं. २०६२) एक उत्कृष्ट सामाजिक यथार्थवादी धारामा आधारित औपान्यासिक सिर्जना मानिन्छ । यस उपन्यासमा पुस्तौंदेखि नेपाली समाजमा जरोगाडेर रहेको पितृसत्तात्मक प्रभुत्त्वलाई चुनौति, लैङ्गिक समानता, नारीहरूको नारीत्त्व र मातृत्त्व रक्षाका लागि गरिने सङ्घर्ष जस्ता मूल विषयवस्तु रहेका छन् । नारीवादी आन्दोलनका अतिरिक्त यो उपन्यासको कलाकारिता विषयमा गहनतापूर्वक अध्ययन गर्नुपर्ने आवश्यकताबोध भएकाले यस शोपत्रको मूल विषयवस्तु पनि त्यसैलाई नै मानिएको छ ।

### १.४ समस्याकथन

यस शोधपत्रमा उपन्यासकार पद्मावतीसिंहको सामाजिक यथार्थवादी उपन्यास **समानान्तर आकाश**' को कृतिपरक अध्ययनलाई समस्याका रूपमा लिइएको छ । प्रस्तुत कृति उपन्यासकारको एउटै मात्र र प्रथम उपन्यास रचना भएपनि यसले नेपाली साहित्यको धरातल तथा सामाजिक परिवेशमा समेत नयाँ छाप पार्न सक्षम भएको छ । यस दृष्टिबाट हेर्दा यस शोधकार्यका यी समस्याहरू रहेका छन् :-

(क) के समानान्तर आकाश प्रवृत्तिगत रूपमा दृष्टिले सामाजिक यथार्थवादी उपन्यास हो ?

(ख) के यस उपनयासको विषयवस्तुगत नेपाली समाज व्यवस्थासँगै सम्बन्धित छ ?

(ग) यस उपन्यासको कथनकला आख्यान्कारिता कस्तो रहेको छ ?

(घ) **समानान्तर आकाश** उपन्यासको जीवनदृष्टि के हो र नेपाली उपन्यास परम्परामा यसको स्थान तथा योगदान कस्तो रहेको छ ? यिनै महत्वपूर्ण समस्याहरूको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.५ शोधका उद्देश्यहरू

प्रस्तुत "**समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन" विषयक शोधकार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :-

क) **समानान्तर आकाश** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो भनी प्रमाणित गर्ने ।

ख) यस उपन्यासको विषयवस्तु नेपाली समाजसँग सम्बन्धित छ भन्ने कुरा प्रस्ट पार्ने ।

ग) यस उपन्यासको कथनकला र आख्यानकारितालाई प्रस्ट पार्ने ।

घ) **समानान्तर आकाश** उपन्यासको जीवनदृष्टि र नेपाली उपन्यास परम्परामा यसको स्थान निर्धारण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

**समानान्तर आकाश** उपन्यासकार पद्मावती सिंहको एउटै मात्र औपन्यासिक हो । यो उपन्यासले लैङ्गिक समानता र समतामूलक समाजको स्थापना गर्न तर्फ जोड दिएको छ । यो उपन्यासको अध्ययन र विश्लेषण गर्ने काम प्रशस्त समालोचक र बुद्धिजीवीर्गबाट विभिन्न लेखरचना मार्फत् विभिन्न विचारहरू व्यक्त गरिएका छन् । तसर्थ यस कृर्तिको शोधकार्य पूर्वगरिएका संक्षिप्त व्याख्याविश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) **उपन्यासकार स्वयं**ले उपन्यासको प्रारम्भमा आफ्नो कुरा नामक लेखमा, 'अझ बढी लेखकीय उत्तरदायित्व बोध गरी आजका नारीहरूले समाजमा आफ्ना मूल्य, मान्यता र पृथक परिचय  स्थापित गर्न तथा आत्मनिर्भरताका लागि गरेका संघर्षलाई केलाएर **समानान्तर आकाश** खोजी गर्ने नारी पात्रलाई पुरुषको समकक्ष मन, वचन तथा कर्मले समानान्तर उभ्याउने प्रयास गरेकी छु ।' भनी साङ्केतिक रूपमा विषयनिर्देश गरेकी छिन् ।

ख) नारीवादी समालोचक **सुधा त्रिपाठी**द्वारा समानान्तर आकाश खोज्ने अभियन्तासँग लोली मिलाउँदै **समानान्तर आकाश** भूमिका खण्ड **समानान्तर आकाश** उपन्यासलाई मूल रूपमा त यसमा मातृत्त्वसम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । यसमा सदीँऔंदेखि आफ्नो आकाश गुमाएकाहरूलाई सो आकाश खोज्न हातहरू र आँट मात्रै प्रदान गरिएको छैन, तिनले आफ्नै आकाश ओढ्न भ्याएको समेत देखाइएको छ भनेर प्रस्ट पारेकी छिन् ।

ग)	**कृष्णचन्द्रसिंह प्रधान**ले "समानान्तर आकाश समानान्तर जीवनको चाहना" **समानान्तर आकाशमा** भूमिका खण्डमा बहुप्रचारित नारीवादी स्वर घन्काएर सुषुप्त नारी समाजलाई नै आत्मनिर्भर भई स्वाभिमानी हुने सन्देशसहित अन्यायविरुद्ध विद्रोह बाँच्न यसले उत्प्रेरित गर्छ ।

यसरी **समानान्तर आकाश** उपन्यासका विषयमा उक्त पुस्तकको भूमिकाखण्ड तथा अन्यकेही लेखरचनाहरूमा सामान्य सूचनात्मक परिचय दिइए पनि सर्वाङ्गीण रूपमा यस कृतिको विश्लेषण गरिएको पाइँदैन । यसर्थ यो कृर्तिको अध्ययन गरिएको हो ।

## १.७ शोधकार्यको औचित्य र महत्व

उपन्यासकार पद्मावती सिंहद्वारा लिखित "समानान्तर आकाश" सामाजिक विषयवस्तुमा आधारित नारीवादी स्वरलाई उजागर गरेर लेखिएको उत्कृष्ट उपन्यास हो । यो अत्यधिक महत्त्वपूर्ण सिर्जनात्मक कार्यको प्रतिफल हो । यहाँ सामाजिक परिवर्तन गर्न चाहने पद्मावती सिंहको विचार समय सापेक्ष उचित छ । यति हुँदाहुँदै पनि यस उपन्यासको विषयविश्लेषण र योगदानलाई स्पष्ट रूपमा व्याख्या गरेको पाइदैन । यस शोधपत्रमा **समानान्तर आकाश** उपन्यासको कृर्तिपरक अध्ययन गरी नेपाली उपन्यास परम्परामा यसको मूल्य र महत्त्व केलाउने उद्देश्य राखिएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत "**समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन" शीर्षक शोधकार्यको सीमा निर्धारण यसरी गरिएको छ :-

(क)	उपन्यासकार पद्मावती सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त परिचय,

(ख)	नेपाली औपन्यासिक परम्परा र "**समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन" र सङ्क्षिप्त विश्लेषण,

(ग)	**समानान्तर आकाश** उपन्यासको मूल्याङ्कन,

(घ)	शोध क्रियाकलापको उपसंहार ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पत्रपत्रिका तथा पुस्तकका आवश्यक अंशहरू टिपोटका रूपमा राख्नलाई पुस्तकालयीय विधिअनुरूप उपन्यासकार सिंहको समानान्तर आकाश उपन्यासलाई आधार सामग्रीको रूपमा प्रयोग गरिएको छ । उपर्युक्त विधिद्वारा सङ्कलित समग्र तथ्यहरूको लेखनकार्य आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित भएर गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

"**समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन" शिर्षकको शोधपत्रलाई तलका पाँच परिच्छेदमा विभाजन गरिएको छ । यसमा आवश्यकताअनुरूप विभिन्न शीर्षक-उपशीर्षकहरू समावेश गरिएको छ । प्रस्तुत शोधपत्रको ढाँचा यस प्रकार रहेको छ :-

**पहिलो परिच्छेद**

यस परिच्छेदमा मुख्य शीर्षक शोधपरिचय राखिएको छ । यस अन्तर्गत शोधशीर्षक, शोधकायृको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखाजस्ता शीर्षक-उपशीर्षक माथि प्रकाश पारिएको छ ।

**दोस्रो परिच्छेद**

यस परिच्छेदमा उपन्यासकार पद्मावती सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय मुख्य शीर्षक राखिएको छ । यस अन्तर्गत सङ्क्षिप्त जीवनी, जन्म र जन्मस्थान, शिक्षा-दीक्षा, पारिवारिक जीवन, बहुभाषा ज्ञान, यात्रा/भ्रमण, पुरस्कार र मानपदवी, संस्थागत संलग्नता, व्यक्तित्व, गीतकार व्यक्तित्व, कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, सम्पादक व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, विविध व्यक्तित्व, कृतित्व, कृतित्वको सामान्य परिचय, साहित्य लेखनमा प्रेरणा एवम् संलग्नता, विविध साहित्यिक विधा रचनामा संलग्नता, कथा, कविता, सम्पादन, उपन्यास, अन्य फुटकर लेखहरू, उपन्यासकार पद्मावती सिंहको योगदान, सिर्जनात्मक योगदान र कलात्मक योगदान जस्ता शीर्षक-उपशीर्षक माथि प्रस्ट पारिएको छ ।

**तेस्रो परिच्छेद**

यस परिच्छेदमा मुख्य शीर्षक अन्तर्गत नेपाली औपान्यासिक परम्परा र पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन रहेको छ । यस

शीर्षकका उपशीर्षकहरूमा, उपन्यासको सैद्धान्तिक स्वरूप, उपन्यासको परिचय, उपन्यासको व्युत्पत्तिगत अर्थ, पूर्वीय मान्यतामा उपन्यासको अर्थ, पाश्चात्य मान्यताअनुसार उपन्यासको व्युत्पत्तिगत अर्थमा प्रस्ट पारिएको छ । त्यसपछि अरु उपशीर्षकहरूमा उपन्यासको परिभाषा, उपन्यासका आवश्यक तत्त्वहरूमा (कथावस्तु/कथानक, पात्र/चरित्र, संवाद, देशकालवातावरण, भाषाशैली, उद्देश्य) पर्दछन् । नेपाली औपान्यासिक परम्परा अन्तर्गत पृष्ठभूमि, प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल (पहिलो चरण र दोस्रो चरण) राखिएको छ । त्यसपछि आधुनिक नेपाली उपन्यासको विभिन्न धारा र प्रवृत्तिहरू (यथार्थवादी धारा, आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, ऐतिहासिक यथार्थवादी धारा, सामाजिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा/प्रगतिवादी/नवआदर्शवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, पौराणिक यथार्थवादी धारा) राखिएको छ । उपन्यासकार पद्मावती सिंहको समानान्तर आकाश उपन्यासको परिचय विश्लेषण र मूल्याङ्कन अन्तर्गत, समानान्तर आकाश उपन्यासको संरचना, समानान्तर आकाश उपन्यासको आन्तरिक संरचना, कथावस्तु, समानान्तर आकाश उपन्यासमा कथावस्तुको स्रोत, कथावस्तुको ढाँचा, कथावस्तुको विकासक्रम, समानान्तर आकाश उपन्यासको कथानक विकासक्रम, कथावस्तु वितरण कलाको विवेचना, समानान्तर आकाश उपन्यासमा प्रयुक्त पात्रहरू, पात्र वा चरित्र वर्गीकरणका आधारहरू, पात्रहरूको वर्गीकरण तालिका, तालिकाबारे टिप्पणी, चरित्रचित्रण, समानान्तर आकाश उपन्यासमा प्रयुक्त दृष्टिबिन्दु, वातावरण, परिवेश, सामाजिक, साँस्कृतिक र राजनैतिक परिवेश तथा पर्दा र नेपथ्य परिवेश समावेश गरिएको छ । त्यसपछि समानान्तर आकाश उपन्यासमा द्वन्द्वविधान, समानान्तर आकाश उपन्यासको विचार पक्ष, सारवस्तु, प्रतीक र बिम्बविधान, निष्कर्ष, घटनाको तारतम्यता, समानान्तर आकाश उपन्यासको बाह्य संरचना, परिच्छेद योजना, परिच्छेद तालिको समीक्षा, परिच्छेदमा कथानकको वितरण, समानान्तर आकाश उपन्यासको शीर्षक, समानान्तर आकाश उपन्यासमा प्रयुक्त भाषाशैली, समानान्तर आकाश उपन्यासको रचनाशैली र नारीवादी आँखामा समानान्तर आकाश उपन्यास माथि प्रकाश पार्नुको साथै अन्तिममा निष्कर्ष पनि राखिएको छ ।

**चौथो परिच्छेद**

यस परिच्छेदको मुख्य शीर्षक समानान्तर आकाश उपन्यासको मूल्याङ्कन रहेको छ । यस शीर्षकभित्रका उपशीर्षकहरूमा क्रमशः पृष्ठभूमि, सामाजिक

यथार्थवादी उपन्यास, घटनाप्रधान उपन्यास, कारुणिक स्वरको उद्घाटन, मानवतावादी भावना, प्रकृतिचित्रण, बिम्बको सफल प्रयोग राखिएको छ । अन्त्यमा निष्कर्ष भाग समोवश गरिएको छ ।

**पाँचौ परिच्छेद**

प्रस्तुत परिच्छेद अन्तर्गत उपसंहार भाग समावेश गरिएको छ । त्यसपछि सन्दर्भकृति सूचीमाथि प्रस्त पारिएको छ । यसमा नेपाली भाषाका पुस्तकहरू, अङ्ग्रेजीभाषाका पुस्तकहरू, हिन्दी भाषाका पुस्तकहरू, सन्दर्भ पत्रिकाहरू र शोधपत्रको सूची प्रस्ट पारिएको छ ।

# दोस्रो परिच्छेद

## उपन्यासकार पद्मावती सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय

### २.१ सङ्क्षिप्त जीवनी

नेपाली साहित्याकाशकी नबोधित उपन्यासकार पद्मावती सिंहको सामान्य परिचय दिने सन्दर्भमा उनको जीवनको सटिक चिनारी विभिन्न उपशीर्षक अर्न्तगत यहाँ प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

उपन्यासकार पद्मावती सिंहको जन्म वि.सं. २००५ साल वैशाख १९ गते शनिवार अष्टमी तिथि, तदनुसार ईश्वी संवत् १९४८ मे १ तारिखका दिन काठमाडौंस्थित ओम्बहाल टोलको सम्पन्न परिवामा भएको थियो । उनी माता चन्द्रभुवनेश्वरी माथेमा र पिता परशुरामभक्त माथेमाकी पाँचौ पुत्रीरत्नका रूपमा जन्मेकी थिइन् । यिनका पिताले नोकरी व्यापारको अलवा गीत तथा सङ्गीत एवं राजनीतिमा पनि उत्तिकै चासो देखाउँथे ।

### २.१.२ शिक्षा-दीक्षा

पिता परशुरामभक्त माथेमाद्वारा पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेकी सिंहले सात वर्षकी भएपछि काठमाण्डौको कन्यामन्दिर विद्यालयबाट औपचारिक शिक्षाको प्रारम्भ गरी वि.सं. २०१८ सालमा सोही विद्यालयबाट द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा उर्त्तीण गरिन् ।

आफ्नो औपचारिक शिक्षालाई निरन्तरता प्रदान गर्ने सन्दर्भमा पद्मावती सिंहले त्रिचन्द्र कलेजबाट विज्ञान विषयमा प्रमाणपत्र तह र मानविकी तथा सामाजिकशास्त्र सङ्काय तर्फबाट स्नातक तह पार गरिसकेकी छिन् । आफूलाई शिक्षाक्षेत्रमा प्रेरणा प्रदान गर्ने प्रमुख व्यक्तिहरूमा पिता परशुरामभक्त माथेमा तथा अन्य परिवारका सदस्यहरू र विद्यालयका शिक्षकहरू रहेको बताउँछिन् ।[१]

[१] पद्मावती सिंहसँगको **अन्तर्वार्ताबाट** २०६४/०५/२१/६ ।

### २.१.३ पारिवारिक जीवन

काठमाडौंको सम्पन्न नेवार परिवारमा जन्मेकी पद्मावती सिंहको जीवनका प्रमुख दुई पाटाहरू देखापर्छन् । जसमा एउटा हो विवाह पूर्वको पाटो र अर्को विवाह पश्चातको । पहिलो पाटोबाट उनको परिवारिक जीवनलाई अवलोकन गर्दा उनका हजुरबुवा स्व. काजी नारायणभक्त माथेमा र हजुरआमा स्व. राममाया माथेमा हुनुहुन्छ । त्यसैले बूढाबाजे स्व. सरदार हरिभक्त माथेमा र बूढीबज्यै स्व. मुनिलानी माथेमा हुनुहुन्छ । बूढाबाजे सरदार तथा बाजे काजी पदबाट चिनिने पद्मावती सिंहका बुबा परशुरामभक्त माथेमा भू.पू. मन्त्री हुन् । काठमाडौंको प्रख्यात व्यापारीकारूपमा चिनिने उनी एकपटक उद्योग तथा वाणिज्य मन्त्रालय सम्हाल्न सफल भएका थिए ।

गीत-सङ्गीत तथा साहित्यानुरागी परशुरामभक्त माथेमाले नेपालमा गीत-सङ्गीतको चर्चा फैलाउन सफल रहेका थिए । नेपालमा सङ्गीत विषयको पुस्तक लेख्ने पहिलो व्यक्ति पनि उनी नै हुन् ।[२] उनले दुईवटी श्रीमती विवाह गरेका थिए । दुबैतर्फ गरेर जम्मा सात बहिनी छोरी र छ भाई छोराहरू भएका छन् । त्यसबाहेक आफूहरू तीनजना तथा तेह्र जना छोराछोरी गरी जम्मा सोह्र जनाको परिवार संख्या रहेको थियो । साहित्कार पद्मावती सिंह बाबु तर्फबाट पाँचौ र आमातर्फबाट कान्छी छोरी हुन् । उनका दुई भाई तथा दुई बहिनी एवं चार दाजु र चारजना दिदीहरू छन् । परिवारका सबै सदस्यहरू शिक्षित रहेका छन् ।

उपन्यासकार पद्मावती सिंहको दोस्रोपाटो विवाह पश्चात शुरु हुन्छ । यस सन्दर्भमा उनको विवाह वि.सं. २०२३ सालमा अठार वर्षको उमेरमा काठमाडौं ठमेल गल्कोपाखा निवासी स्वर्गीय शम्सेरबहादुर सिंह र नरेन्द्रलक्ष्मी सिंहका सुपुत्र राजबहादुर सिंहका साथ सु-सुम्पन्न भएको थियो । पढाई, व्यापर र खेलकुदमा निपुण राजबहादुर सिंहले इतिहास विषयमा स्नातकोत्तर तह पूरा गरी त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन पेशामा संलग्न रहेको पाइन्छ । नेपालका प्रख्यात खेलप्रेमीहरूमा पर्ने राजबहादुर सिंह राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव समेत भैसकेका छन् ।

साहित्यकार पद्मावती सिंहको विवाह घरतर्फका सबै सदस्यहरू बुझक्कड र शिक्षित भएकोले उनको शिक्षा प्राप्ति, जागिर र साहित्यसिर्जनातर्फ सामान्य समस्याहरू आइपरे पनि त्यस्ता समस्यालाई पार गराएर अघिबढ्न सक्ने वातावरण सिर्जना गर्दै आफ्नो मार्गमा सफलताका पाइलाहरू चाल्ने सुप्रयास सम्पन्न गरिन् ।

---

[२] *सुधत्रिपाठी :* समानान्तर आकाश खोज्ने अभियन्चासँग लोली मिलाउदै : समानान्तर आकाश : भूमिका खण्ड पृ छं ।

### २.१.४ बहुभाषा ज्ञान

साहित्यकार पद्मावती सिंहमा एउटै भाषा बुझ्न सक्ने क्षमता मात्र नरहेर उनको शिक्षा, पेशा र अनुभवबाट धेरै भाषाहरू बुझ्न सक्ने क्षमता रहेको छ । उनले विशेष गरी नेवारी, नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाको ज्ञान प्राप्त गरेकी छिन् । साहित्य सिर्जना र लेखरचनामा भने यिनको कलम नेपाली तथा अङ्ग्रेजी गरी दुईवटा भाषामा चलेको छ ।

### २.१.५ यात्रा/भ्रमण

समाजसेवाको सन्दर्भमा विविध योजना तथा परियोनासँग आबद्ध भएर उपन्यासकार पद्मावती सिंहले स्वदेशका विभिन्न क्षेत्रहरूको साथै केही विदेशी मुलुकहरूमा यात्रा गर्ने अवसर प्राप्त गरेकी छिन् । यसै सिलसिलामा उनले भारत, बङ्गलादेश, थाइल्याण्ड, सिङ्गापुर, क्यानडा तथा कम्बोडियाजस्ता मुलुकहरूको भ्रमण गरेकी छिन् । उनले अबको भ्रमण अमेरिकातर्फ हुने र त्यहाँका नेपाली विशेष गरी नेपाली नारीहरूको अध्ययनसम्बन्धी रहने कुरा बताउँछिन् ।

### २.१.६ पुरस्कार र मानपदवी

विभिन्न संघ संस्थाहरूमा आबद्ध रहेर जागिरे जीवन बिताए तापनि साहित्कार पद्मावती सिंहले नेपाली साहित्यको श्रीवृद्धिमा वि.सं. २०२२ सालदेखि वर्तमानसम्म निरन्तर योगदान प्रदान गरेकी छिन् । यस क्रममा उनले गरेका सिर्जनशील कार्यको कदर गर्दै उनलाई विभिन्न पुरस्कार र मानपदवीद्वारा सम्मानित गरिएको छ । त्यसको विवरण यस प्रकार छ :-

क) रत्नश्री स्वर्ण पदक वि.सं. २०३९

ख) मैनाली कथा पुरस्कार वि.सं. २०४७

ग) वीरेन्द्र-ऐश्वर्य सेवापदक वि.सं. २०५९

घ) राष्ट्रिय प्रतिभा पुरस्कार वि.सं. २०५९ र

ङ) साझा पुरस्कार वि.सं. २०६३

### २.१.७ संस्थागत संलग्नता

साहित्य तथा समाजसेवामा रहेर जीवनको वर्तमान मोडसम्म आएकी पद्मावती सिंह विभिन्न संघसंस्थाहरूसँग आबद्ध रहेकी छिन् । जसमध्ये उनको प्रमुख संलग्नता यस प्रकार रहेको छ :-

क)　अध्यक्ष : गुञ्जन (साहित्यिक पत्रिका)

ख)　आजीवन सदस्य : साहित्यकार पत्रकार संघ

ग)　आजीवन सदस्य : वाणी प्रकाशन

घ)　आजीवन सदस्य : जनमत प्रकाशन

ङ)　प्रकाशन अधिकृत : नेपाल परिवार नियोजन संघ

च)　प्रोग्राम कोअर्डिनेटर : सेभ द चिल्ड्रेन यु.एस.ए.

छ)　प्रोगाम अफिसर : द एसिया फाउण्डेसन

ज)　प्रोग्राम कोअर्डिनेटर : द फेडेरेसन अफ बिजिनेस एण्ड प्रोफेसन विमेन

## २.२ व्यक्तित्व

प्रत्येक मानिसको आ-आफ्नै पहिचान हुन्छ । सबै मानवको व्यक्तित्व एक-आपसमा समान हुन्छ भन्ने छैन् । सामान्यतः व्यक्तित्वका दुई तह रहेका हुन्छन् । जसमा एउटा हो आन्तरिक व्यक्तित्व र अर्को हो वाह्य व्यक्तिव । साहित्यकार सिंहको **समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन गर्ने यस शोधपत्रको लक्ष्य राखिएको छ । त्यसैले उनको बौद्धिक क्षमता कार्यगत योगदानलाई यहाँ हेर्ने गरिन्छ । यस्तापक्षलाई आन्तरिक व्यक्तित्व अर्न्तगत समावेश गरेर अध्ययन गरिन्छ । उनको शारीरिक व्यक्तित्वको चिनारी अनुहार जीउडाल शारीरिक अवस्था आदिलाई बाह्य व्यक्तित्वअर्न्तगत राखिन्छ ।

साहित्यकार पद्मावती सिंहको बाह्य व्यक्तित्वलाई वा शारीरिक व्यक्तित्वलाई दृष्टिगत गर्दा उनको अनुहारमा मिल्ने खालको नाक, ठुलो आँखा कतै कतै मात्र फुलेको तर कालो कपाल मोटो मोटो खालको शरीरलाई सुहाउँदो उचाई भएकी गोरो वर्णयुक्त राम्रो परिधान र श्रृङगारले गर्दा अझै पनि आकर्षक व्यक्तित्वकी धनी सिंह साठी बर्ष भैसकेकी एक परिपक्क तथा भलादमी राष्ट्र र भाषाप्रेमी समाजसेवी महिला हुन् ।

उपन्यासकार पद्मावती सिंहका साहित्यिक तथा अन्य व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.२.१ गीतकार व्यक्तित्व

नेपाली भाषमा प्रथम सङ्गीत विषयक पुस्तक लेख्ने व्यक्ति परशुरामभक्त माथेमाकी सुपत्री पद्मावती सिंहले बावुकै प्रेरणा पाएर आफूलाई २०३४/०३५ सालतिरकी एक स्थापित गायिकाको रूपमा चिनाउन सफल भएकी छिन् । यस क्रममा उनको कोकिल कण्ठबाट निस्किने कर्णप्रिय स्वरहरू रेडियो नेपालमार्फत् सम्पूर्ण नेपालीको

कानमा गुञ्जिन सफल हुन्थे । गीत सङ्गीतको सन्दर्भलाई हेर्दा उनका "जिन्दगीका गीतहरू", "धेरै दिनपछि", "थाहनभएको होइन मलाई" जस्ता गीति एल्वमहरू बजार तथा मिडियामा आएर निकै चर्चित भएका थिए ।

उपर्युक्त प्रसङ्गलाई हेर्दा के स्पष्ट हुन्छ भने साहित्यिकार सिंह नेपाली गीतसङ्गगीतको क्षेत्रमा महत्वपूर्ण योगदान प्रदान गर्न सक्षम नारी व्यक्तित्व हुन् ।

## २.२.२ कथाकार व्यक्तित्व

साहित्यकार पद्मावती सिंहको साहित्यिक यात्राको शुभारम्भ कथा विधाबाटै भएको हो । उनको प्रमुख उपलब्धी पनि यसै विद्यामा रहेको छ । वि.सं. २०२२ सालको 'आरती' पत्रिकामा 'पत्थरको हृदय' नामक कथा लिएर सिर्जनाको पथ समातेकी सिंहले अहिलेसम्म पाँचवटा कथात्मक कृतिहरू प्रकाशित गरिसकेकी छिन् । यसको अतिरिक्त विभिन्न पत्र-पत्रिकामा नयाँ-नयाँ कथाहरू अगाडि सार्दै पाठकमनमा आफ्नो प्रभाव झन्झन् प्रगाढ पार्न सक्षम भैरहकेकी छिन् । सङ्ख्यात्मक तथा गुणात्मक दुबै दृष्टिकोणले अन्य नारीकथाकारलाई उछिन्दै कथालेखनमा वर्तमानसम्म कार्यरत एक वरिष्ठ नारी कथाकारको रूपमा स्थापित छिन् ।

सामाजिक यथार्थवादी प्रवृत्तिलाई अङ्गीकार गरी लेखिएका यिनका कथाहरूमा प्रारम्भमा आर्दशोन्मुख यथार्थवादको प्रभाव रहेको पाइन्छ । मूलतः नारीसत्ताको चेतप्रति बढी जागरुकता पाइने यी कथाले नारीवादी साहित्यिक मान्यतालाई समसामयिक युगमा स्थापित गर्न सफल भएका छन् । अहिलेसम्म प्रकाशित भैसकेका कथाकार सिंहका कथात्मक कृतिहरू हुन् 'कथादि', 'कथायान', 'कथाकार', 'पद्मावती सिंहका कथाहरू' र 'मौन स्वीकृति' । यस्ता कथाहरूको माध्यमबाट साहित्यकार पद्मावती सिंहको कथाकार व्यक्तित्व उचाइमा रहेको पाइन्छ ।

## २.२.३ कवि व्यक्तित्व

साहित्यकार पद्मावती सिंह साहित्यका विभिन्न क्षेत्रमा कलम चलाउने सन्दर्भमा उनको अन्तस्करणमा कवित्वका भावहरू सल्बलाउने गर्दथे । यस्ता भावहरूलाई लेख्यरूप दिन पनि उनी सफल रहेकी छिन् । यसरी लेखिएका उनका कविताहरू विभिन्न पत्र-पत्रिकामा छापिएका छन्, जसमा 'म मेरो सपना भित्र', 'हिंसाको मौनता' 'रमनिया' 'म हेर्छु परको हिमशिखर' आदि पर्दछन् । यस्ता कविताले साहित्कार सिंहको कविव्याक्तित्वलाई झल्काउँछ ।

### २.२.४ सम्पादक व्यक्तित्व

नेपाली साहित्य जगत्की सफल व्यक्तित्व पद्मावती सिंह विविध पुस्तक तथा पत्रिकाहरूको सम्पादक रहेकी छिन् । यस्ता कार्यले उनको सम्पादक प्रतिभालाई प्रस्ट पार्दछ । उनको सम्पादनमा प्रकाशित केही पुस्तक तथा पत्रिकाहरू निम्न छन् :-

क) “नारी साहित्यकारहरूको विधागत इतिहास’

ख) “वियोण्ड द फ्रोन्टायर्स ओमन्स स्टोरिज फर्म नेपाल”

ग) “डटर अफ दि अर्थ कन्टेम्प्रोअरि नेपाली पोयम”

घ) “नियोजन” परिवारकल्याण पत्रिका

ङ) “गुञ्जन” साहित्यिक पत्रिका ।

### २.२.५ उपन्यासकार व्यक्तित्व

पद्मावती सिंह नेपालीसाहित्य जगत्की एक सफल नारीवादी उपन्यासकार हुन् । सङ्ख्यात्मक रूपमा एउटै मात्र औपन्यासिक कृतिको सिर्जना गरे तापनि यसबाट सिङ्गो साहित्य क्षेत्रमा व्यापक रूपमा गुणात्मक प्रभाव पार्न सफल उनको उपन्यास हो **समानान्तर आकाश**-२०६२ । यो उपन्यास २०६३ सालको साझा पुरस्कार प्राप्त गर्न सफल भएको छ । वि.सं. २०२२ सालबाट साहित्यमा प्रवेश गरेकी सिंहले साहित्यका कथा, कविता, यात्रा, संस्मरण, गीत जस्ता विधाहरूमा कलम चलाउँदै गएर आफ्नो लेखनीको परिपक्वतासँगै उपन्यास लेखनमा सफलता प्राप्त गरेकी छिन् । यसैबाट उनको औपन्यासिक वैशिष्टय परिचित हुन आउँछ ।

**समानान्तर आकाश** महिला समस्यामा केन्द्रित उपन्यास हो । उपन्यासमा प्रस्तुत नारीवादी स्वरूपले सामाजिक आन्दोलनको भूमिका निर्वाह गरेको छ । उपन्यासको सक्रियता नारीको व्यक्तिगत जीवनको स्वतन्त्रता भन्दा समाजको सुख, शान्तिको निम्ति नारीवादको औचित्य सावित गर्नमा केन्द्रित भएको महसुस हुन्छ ।[३] उपन्यासकार सिंहले समाजको यथार्थपक्षलाई फोटोग्राफरले जस्तै गरी उतार्न सफल भएकीले उनी एक सशक्त सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

---

[३] किशोरी सिहं, ‘समानान्तर आकाश यात्रा’ कान्तिपुर वर्ष १४ को अङ्क २०४ वि.सं. २०६३ भदौ २५, पृ. ७ ।

### २.२.६ विविध व्यक्तित्व

उपर्युक्त विभिन्न साहित्यिक व्यक्तित्वका पाटाहरूलाई नियाल्दा पद्मावती सिंह गीतकार, कथाकार, कवि, सम्पादकजस्ता बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व हुन् । यसका अतिरिक्त उनले यात्रासंस्मरण पनि लेखिकी छिन् । उनले “डाँडा भञ्ज्याङ्ग अनि चौतारी”, “जीवनमा पुग्नै पर्ने ठाउँ” जस्ता शीर्षकका संस्मरणहरू लेखेकी छिन् । उनी एक समाजसेवी नारी हुन् । यस सन्दर्भमा उनी विभिन्न संघसंस्थाहरूसँग आबद्ध भएर अन्तर्राष्ट्रिय परिवेशसम्म परिचित हुन सक्षम रहेकी छिन् ।

## २.३ कृतित्व

### २.३.१ कृतित्वको सामान्य परिचय

स्रष्टाका सिर्जनाको रूप, भाव, लेखनकला, विचार र जीवनदृष्टिका समष्टिबाट प्राप्त हुने सिर्जनात्मक विशिष्टता नै कृतित्व हो । साहित्यका विभिन्न विधा वा फाँटहरू स्रष्टाका लेखन क्षेत्र हुन् । यी क्षेत्रमा सर्जकले कुनै पनि विषय समाएर सिर्जना गर्दा कृतित्त्वको स्वरूप निर्धारण गरेको हुन्छ ।[४] यस्तै पाटाहरूलाई प्रमुख स्रोत बनाएर उपन्यासकार पद्मावती सिंहको कृतित्वको सामान्य अध्ययन गरिएको छ ।

### २.३.२ साहित्य लेखनमा प्रेरणा एवं संलग्नता

साहित्य सिर्जनाका सन्दर्भमा साहित्यकारलाई वातावरणले अत्यन्त महत्वपूर्ण भूमिका बहन गरिदिएको हुन्छ । यस्तै वातावरणको प्रभाव साहित्यकार पद्मावती सिंहमा पनि परेको छ । सङ्गीत प्रेमी तथा राजनीतिज्ञ परशुरामभक्त माथेमाकी सुपुत्री पद्मा माथेमाले शिक्षित परिवारिक परिवेशमा बाल्यकाल व्यतीत गरिन् । यसै बेला उनको बालहृदयलाई सकारात्मक विचारले परिपूर्ण पारिदियो । परिणामस्वरूप उनी पछि आएर समाज, भाषा र साहित्यसेवी व्यक्तित्वका रूपमा स्थापित हुन सफल भइन् । उनी गीती क्षेत्रमा होस् अथवा साहित्य सिर्जनाको क्षेत्रमा होस् सामाजिक सेवा र समाज सुदृढीकरण सबै पक्षमा आफूलाई समान रूपमा चिनाउन सफल भइन् ।

साहित्यकार पद्मावती सिंहलाई साहित्य सिर्जनामा लाग्ने सुप्रेरणा आफ्नै पिता परशुरामभक्त माथेमाद्वारा प्रदान गरिएको पाइन्छ । उनले आफ्नी छोरी पद्मा माथेमालाई पढ्ने तथा सिर्जनात्मक सामग्रीहरू उपलब्ध गराइदिएर साहित्यको मार्गमा अग्रता तर्फ पाइला चाल्ने प्रेरणा दिए । त्यस्तै युगकवि सिद्धिचरण श्रेष्ठले साहित्यकार पद्मावती

---

[४] प्रेमराज लामिक्षाने, स्वप्नभङ्ग उपन्यासको कृतिपरक अध्ययन, भरतपुर चितवन, त्रि.वि. अर्न्तगत वीरेन्द्र बहुमुखी क्याम्पस २०५९, पृ. ९ ।

सिंहलाई साहित्यप्रतिको मोह तथा अनुराग प्रकट गर्दै समाजमा सक्षम साहित्यकारको पहिचान कायमराख्न सफल हुन कडा मेहनत गर्नुपर्ने सन्देश प्रदान गरे । यसकै परिणामस्वरूप अघि बढेर उनी वर्तमानसम्म सिर्जनाको क्षेत्रमा निरन्तर लागिरहेकी छिन् ।

साहित्यकार पद्मावती सिंहलाई सिर्जनामा लाग्ने प्रेरणा प्रदानगर्ने प्रमुख व्यक्तित्व उनकै बाबु परशुरामभक्त माथेमा र कवि सिद्धिचरण श्रेष्ठ नै हुनुहुन्छ ।[५] त्यस्तै अन्य प्रेरकहरूमा उनको जन्मघर र कर्मघरका परिवार सदस्यहरू तथा श्रीमान् राजबहादुर सिंह स्वयं रहेका छन् ।

## २.३.३ विविध साहित्यिक विधा रचनामा संलग्नता

पद्मावती सिंहले नेपाली औपन्यासिक जगत्मा एक सफल नारी उपन्यासकारको रूपमा आफूलाई चिनाउन सफल भएकी छिन् । यसका साथै उनी एक विशिष्ट कथाकार पनि हुन् । यसबाहेक उनले लेखेका कथा, उपन्यास, लेखरचनाहरू तथा सम्पादन सम्बन्धीकार्यहरूलाई फरक-फरक शीर्षकबाट वर्गीकरण गरिएको छ ।

### २.३.३.१ गीत

पद्मावती सिंहले नेपाली गीतसङ्गीतको क्षेत्रलाई अघि बढाउने सन्दर्भमा आफ्नो कला र गला दुबैलाई विशेष तरिकाबाट प्रस्तुत गरेको पाइन्छ । यस सन्दर्भमा उनी रेडियो नेपालमार्फत् चर्चामा आएकी हुन् । बाबु परशुरामभक्त माथेमाको सङ्गीतप्रतिको प्रभाव उनमा परेकोले उनी यस क्षेत्रमा लागेकी हुन् । वि.सं. २०३५/०३६ सालतिर रेडियो नेपालको साङ्गीतिक कार्यक्रममा उनी अग्र पङ्क्तिमा आएकी थिइन् । यिनले निकालेका गीतीएल्बमहरू निम्न छन् :-

अ) जिन्दगीका गीतहरू

आ) धेरै दिनपछि

इ) थाह नभएको होइन मलाई

उपर्युक्त गीतीएल्बमहरू बजार तथा सञ्चार आएर निकै चर्चित भएका थिए । त्यसैले पद्मावती सिंह तत्कालीन समयकी सफल गीतकार तथा गायक थिइन् । उनले आफ्ना गीतिएल्बम मार्फत् गीती कृतित्वलाई जोगाउन सक्षम भइन् ।

### २.३.३.२ कथा

नेपाली कथा जगत्मा वि.स. २०२२ सालदेखि वर्तमान समयसम्म सशक्त रूपमा क्रियाशील पद्मावती सिंहले थुप्रै कथाहरू लेखेकी छिन् । उनले लेखेका कथाहरू विभिन्न

[५] पद्मावती सिंहसँगको, पूर्ववत् ।

पत्रपत्रिकामा छापिएका छन् । यसबाहेक उनका पाँचवटा कथात्मक कृतिहरू प्राकाशित भइसकेका छन् । जसको सूची यस प्रकार छन् :-

अ) कथादि (वि.सं. २०३८)

आ) कथायन (वि. सं. २०३९)

इ) कथाकार (वि.सं. २०४४)

ई) पद्मावती सिंहका कथाहरू (वि.सं. २०५७)

उ) मौन स्वीकृति (वि.सं. २०६......)

उपर्युक्त कथात्मक कृतिका आधारमा कथाकार पद्मावती सिंह एक सामाजिक अभियन्ता जस्ती पनि देखिन्छिन् । उनका अधिकांश कथा नारी केन्द्रित रहेका छन् । पितृसत्तात्मक समाजप्रति तीव्र असन्तुष्टि प्रकट गर्दै नारी सत्ताको चेतप्रति बढी जागरुक देखिन्छन् । आफ्नो लेखनीद्वारा समाज परिवर्तनको स्वर धन्काउँदै नारीहरूलाई सचेत हुँदै आफ्ना अधिकारहरूबाट वञ्चित नहुने सन्देश प्रकट गरिएको छ । सिंहका कथात्मक कृतिका अतिरिक्त अन्य थुप्रै कथाहरूले विभिन्न पत्रपत्रिकाहरूमा स्थान ग्रहण गर्न सफल भएका छन् ।

### २.३.३.३ कविता

नारीवादी साहित्य सर्जक पद्मावती सिंहले सिर्जनाका विभिन्न पाटाहरूमा कलम चलाउने सवालमा उनको अन्तस्करणमा कवित्वका भावहरू सल्बलाउने गर्दछन् । यस्ता भावहरूलाई लेख्यरूप दिन पनि उनी सफल देखिन्छिन् । हुनत सिंहको कुनै कवितात्मक कृति प्रकाशित भएका छैनन् तर पनि विभिन्न पत्रपत्रिकाहरूमा उनका फुटकर कविताहरू प्रकाशित भएका छन् ।

जसमध्ये प्रमुख केही कविताहरू निम्न छन् :-

अ) म मेरो सपनाभित्र : दीपिका

आ) हिंसाको मौनता : पूर्नजागरण

इ) रमनिया : काकेता

ई) म हेर्छु परको हिमशिखर : दीपज्योति

उ) चिसो वर्तमान जीइरहेछु : कान्तिपुर

ऊ) प्रतिक्षा गर्दा गर्दै शताब्दी सम्म : दीपज्योति आदि हुन् ।

### २.३.३.४सम्पादन

पद्मावती सिंह एक कुशल सम्पादक पनि हुन् । उनले पुस्तक तथा पत्रिकाको सम्पादक बनेर आफ्नो सम्पादक कार्यलाई सफल बनाएकी छिन् । यसै सन्दर्भमा उनले सम्पादन गरेका पत्रिका तथा पुस्तकको विवरण यस प्रकार छ :

अ) नारी साहित्यको विधागत इतिहास

आ) नियोजन (परिवार कल्याण पत्रिका)

इ) गुञ्जन (साहित्यक पत्रिका)

ई) वियोण्ड द फ्रोन्टायर्स ओमन्स स्टोरिज फर्म नेपाल

उ) डटर अफ दि अर्थ कन्टेम्प्रोअरी नेपाली पोयम

### २.३.३.५ उपन्यास

उपन्यासकार पद्मावती सिंह एक चर्चित नेपाली नारीवादी उपन्यासकार हुन् । उनले वि.सं. २००४ सालमा लैनसिंह वाङ्देलद्वारा “माइतघर” उपन्यास मार्फत् भित्र्याइएको सामाजिक यथार्थवादी धारलाई प्रमुख आधार बनाएर वि.सं. २०६२ सालमा आफ्नो कथा लेखनीको परिपक्वता पछि लेखिएको उपन्यास **समानान्तर आकाश** प्रकाशित गरिन् । सङ्ख्यात्मक रूपमा उनको यो प्रथम तथा एक मात्र औपन्यासिक कृति हो । गुणात्मक दृष्टिकोणले यसले सफलताको शिखर चुम्न सफल भएको छ । यसमा नेपालको ग्रामीण तथा सहरिया दुबै समाजको राम्रो तस्वीर उतारिएको छ । यसले नारी शोषण र दमनलाई देखाउँदै स्वयं सक्षम भएर समानताको मार्ग भेट्टाउन तर्फ अग्रसर भएमा अवश्य पनि सफल भइन्छ र सुन्दर समाज तथा विकसित राष्ट्रको निर्माण गर्न सकिन्छ भन्ने मूल सन्देश प्रदान गरेको छ । समाज र राष्ट्रको समुन्नतिका लागि नर-नारीको सहअस्तित्वलाई प्रधानता दिएर लेखिएको यस उपन्यासले वि.सं. २०६३ सालको साझा पुरस्कार प्राप्त गर्न सक्षम भएको छ ।

### २.३.३.६ अन्य फुटकर लेखहरू

उपन्यासकार पद्मावती सिंहद्वारा लेखिएको फुटकर लेखरचनाहरू पनि छन् । जसको छोटो विवरण तल प्रस्तुत गरिएको छ ।

आ) डाँडा भञ्ज्याङ अनि चौतारा आरुघाट ‘संस्मरण’ : मधुपर्क

आ) हिंसाको मौनता ‘कथा’ : गरिमा

ई) अर्न्तद्वन्द्व ‘कथा’ : मधुपर्क

उ) पराजित मानसिकता ‘कथा : समकालीन साहित्य

ऊ) चिसोवर्तमान जिइरहेछु ‘कविता’ : कान्तिपुर

ए) प्रतिक्षा गर्दागर्दै शताब्दीसम्म ‘कविता’ : दीपज्योति

ऐ)	दुई गीत 'गीत'  : मधुपर्क

ऐ)	भित्तामा टाँगिएको तेलचित्र 'कथा' : गरिमा

ओ)	मौन स्वीकृति 'कथा' : मधुपर्क

औ)	एक्लै छौ तिमी एक्लै छु म 'कथा' : मधुपर्क

अं)	साइबर अपराध 'नारी' : मधुपर्क

अः)	सकुशल फर्केर आएँ 'संस्मरण' मधुपर्क

उपर्युक्त विवरणले नेपाली साहित्यजगत्मा पद्मावती सिंहको कृतित्वको राम्रो पहिचान हुन्छ । लेखन तथा सिर्जनात्मक क्षेत्रमा अझ पनि उत्तिकै सशक्त रहेकी साहित्यकार सिंहसँगको प्रत्यक्ष कुराकानीबाट थप कृति तथा लेखरचनाहरू प्राप्तीको पूर्णरूपमा अपेक्षा गर्न सकिन्छ ।

## २.४ उपन्यासकार पद्मावती सिंहको योगदान

उपन्यासकार पद्मावती सिंह नेपाली उपन्यास यात्रामा नवीन मान्यतालाई भित्र्याउन सफल एक सशक्त नारी प्रतिभा हुन् । प्रस्तुत **समानान्तर आकाश** उपन्यासले नेपाली औपन्यासिक परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ । यस उपन्यासका आधारमा साहित्यकार सिंहको योगदानलाई फरक-फरक ढङ्गले छोटकरीमा तल देखाइएको छ :-

### २.४.१ सिर्जनात्मक योगदान

पितृसत्तात्मक समाजको प्रभुत्वशाली वातावरणमा हुर्केर पनि नेपाली साहित्यमा लिङ्गगत समानताको आह्वान गर्दै सामाजिक यथार्थवादी लेखकीय धाराको माध्यमले लेखन यात्रामा अग्रगामी पाइला चाल्ने पद्मावती सिंह सफल व्यक्तित्त्व हुन् । आधुनिक नेपाली उपन्यास यात्रामा नवीन आयतन निर्माण गर्नु यिनको महत्त्वपूर्ण योगदान रहेको छ । औपन्यासिक यात्राको इतिहासमा नारीवादी स्वर गुञ्जाउँदै लिङ्गगत समानताको स्थापना गर्न उनको '**समानान्तर आकाश**-२०६२' निकै सफल देखिन्छ । उपन्यासकार सिंहले आधुनिक नेपाली उपन्यासलाई गतिदिने उद्देश्यले यो उपन्यासको सिर्जना गरेको पाइन्छ । यसरी सुसुप्तावस्थामा रहेका नारीहरूलाई घच्घचाउँदै समानताको खोजी तर्फ लाग्न प्रेरणा प्रदान गरेर उपन्यासलाई पूर्णता प्रदान गर्न सक्नु उपन्यासकार सिंहको सिर्जनात्मक योगदान रहेको छ । यसकै प्रतिफल मानिन्छ '**समानान्तर आकाश**-२०६२' उपन्यास ।

### २.४.२ कलात्मक योगदान

नेपाली उपन्यासको क्षेत्रमा नारी समस्यामा केन्द्रित रहेर लेखिएको प्रस्तुत **समानान्तर आकाश** उपन्यास उपन्यासकार सिंहको उत्कृष्ट उपन्यास हो । यसका माध्यमबाट उपन्यासकार सिंहको लेखकीय कलालाई निर्क्योल गर्न सकिन्छ । परम्परित मूल्य मान्यता र पितृसत्तात्मक परिपटीलाई बेवास्ता गर्दै नेपाली उपन्यासका क्षेत्रमा नवीन प्रवृत्ति सिर्जना गर्न सक्नु उपन्यासकार सिंहको विशिष्ट लेखकीय योगदान मानिन्छ । विषयवस्तु अनुकूलका पात्रहरूको माध्यमले वर्तमान समाज व्यवस्थालाई चुनौति दिँदै नवीन समाज र संरचनाको आह्वान गर्न सक्नु उपन्यासकार सिंहको कलात्मक योगदान ठहर्छ ।

नारी पुरुषबीच मानवीय सम्बन्ध स्थापित हुनुपर्ने दृष्टिकोण प्रस्तुतिका साथ कर्मवादी तथा स्वतन्त्र र स्वाबलम्वी जीवनप्रति आस्था राख्दै नारीवादी अवधारणालाई कलात्मक रूपबाट अभिव्यक्त गर्नु उपन्यासकारको विशेषता हुन आउँछ । नारी अस्मिता

र अस्तित्त्वको रक्षा गर्दै मातृत्त्वलाई उचाइमा पुऱ्याउने प्रेरणा उपन्यासकारले सबै मानव समुदायमा प्रदान गरेकी छिन् । नेपालको प्राकृतिक पर्यावरणको शब्दचित्र प्रस्तुत गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य मान्यतालाई उपन्यासमा समावेश गर्न सक्नु त्यस्तै नेपालको समाज र संस्कृतिको चित्रणमा सफलता प्राप्त गर्न सक्नु जस्ता पक्षले उपन्यासकार पद्मावती सिंहको कलात्मक योगदानलाई प्रस्ट पारको छ ।

## २.५ निष्कर्ष

साहित्यकार पद्मावती सिंहको जन्म वि.सं २००५ साल वैशाख १९ गते भएको हो । उनका पिता भू.पू. मन्त्री परशुरामभक्त माथेमा एक विद्वान्, समाजसेवी राजनीतिज्ञ र सङ्गीतप्रेमी व्यक्तित्व थिए । इमान्दार र लगनशील तथा प्रतिभावान् क्षमताकी धनी पद्मावती सिंहले आफ्नै परिवारको शिक्षित र साहित्यिक वातावरणमा रमाउँदै अध्ययनलाई अग्रता प्रदान गरिन् । अध्ययनको साथसाथै साहित्य साधनाको मार्गमा पनि उनी सशक्त रूपमा लागिरहिन् । तात्कालीन परिवेशमा छोरी भएर पनि उच्चशिक्षा प्राप्त गर्न सक्षम पद्मावती सिंहले विज्ञान सङ्कायबाट प्रमाणपत्र तह र मानविकी सङ्कायबाट स्नातक तह पार गर्न सफल भएकी छिन् । जुनसुकै सङ्काय तर्फबाट स्नातक तह पार गर्न सफल भएकी छिन् । जुनसुकै सङ्काय तर्फबाट औपचारिक शिक्षा प्राप्त गरे तापनि यिनको साहित्य तर्फ निकै रुचि थियो । यसकै प्रतिफल स्वरूप यिनी पछि आएर प्रख्यात साहित्यकार बन्न सफल भइन् ।

विद्यार्थी जीवनबाट नै साहित्यमा अत्यन्त मोहित पद्मावती सिंह वि.सं. २०२२ सालको **आरती पत्रिका**मा प्रकाशित 'पत्थरको हृदय' नामक कथा लिएर साहित्यको क्षेत्रमा प्रवेश गरेकी हुन् । पुस्तकाकार कृतिको रूपमा वि.सं. २०३८ सालमा **कथादि** नामक कथा सङ्ग्रह प्रकाशित भएपछि यिनी वर्तमानसम्म नै पुस्तकाकार तथा फुटकर लेखरचना प्रकाशित गर्न सफल छिन् ।

सिर्जना र समाज सेवा दुबैतर्फ क्रियाशील पद्मावती सिंह नेपाली साहित्यकी बहुमुखी नारी स्रष्टाको रूपमा देखापरेकी छिन् । उपन्यास, कथा, कविता, यात्रा संस्मरणात्मक लेख तथा विविध लेखरचनामा कलम चलाए पनि मूलतः उनी कथाकार हुन् । यति हुँदाहुदै पनि उनको प्रथम र एक मात्र उपन्यास **समानान्तर आकाश**ले उनको व्यक्तित्वलाई अझै चम्काएको छ । यस उपन्यासमार्फत् उपन्यासकारले आम नेपाली नर-नारी दुबै पक्षलाई परतन्त्रविहीन स्वच्छन्द जीवन जीउनको लागि एकआपसमा हातेमालो गर्दै सौहार्दको भावना बोकेर अघि बढ्ने प्रेरणा प्रदान गरेकी छिन् । यसको परिणाम स्वरूप समाज र राष्ट्र अघि बढ्ने कुराको पूर्वसङ्केत पनि गरिएको छ ।

# तेस्रो परिच्छेद

## नेपाली औपन्यासिक परम्परा र पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यासको कृतिपरक अध्ययन

### ३.१ उपन्यासको सैद्धान्तिक स्वरूप

साहित्यका विविध विधामध्ये उपन्यास परोक्ष कथन पद्धतिमा आधारित गद्यात्मक पाठ्यभेद अन्तर्गत पर्दछ । साहित्यिक इतिहासको प्राचीन काल देखि नै पूर्वीय एवम् पाश्चात्य दुबै क्षेत्रमा यो लोकप्रिय विधाको रूपमा स्थापित हुँदै आएको छ । उपन्यासको भाषा सरल, आलङ्कारिक, वर्णनात्मक, कवितात्मक जुनसुकै प्रकारको पनि हुन सक्छ । उपन्यासको स्वरूप यस्तै हुन्छ भनेर किटान गर्न सकिदैन । यति हुँदाहुँदै पनि उपन्यासको सैद्धान्तिक स्वरूपलाई तलका विभिन्न शीर्षकहरूमा वर्गीकरण गरी प्रस्ट पारिएको छ :-

### ३.१.१ उपन्यासको परिचय

आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात गर्ने विधाका रूपमा उपन्यास चर्चित रहेको छ र यो शब्द अंग्रजी 'नोभल' को नेपाली रूपान्तरण हो ।[१] अंग्रेजी साहित्यमा चौधौँ शताब्दीभन्दा अघि फिक्सनले उपन्यास लगायत सम्पूर्ण गद्य साहित्यलाई जनाउँथ्यो तर हिजोआज यसको अर्थ बनाइएको कथा भएको छ । नोभल शब्दले आजकल प्रसिद्धी पाएपनि फिक्सन उपन्यासकै लागि अत्यधिक प्रयोग भएको पाइन्छ ।[२] बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधि भित्रको समय र थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।[३] छोटकरिमा भन्नुपर्दा उपन्यास गद्यभाषामा लेखिने साहित्यको एक विधा हो, जसमा जीवनका समग्रपक्षको चित्रण भएको हुन्छ ।

---

१ कृष्णहरि बराल र नेत्र एटम (सम्पा.), उपन्यास सिद्धान्त र नेपाली उपन्यास, ललितपुर, साझा प्रकाशन, २०५६, पृ. ३ ।

२ रोबर्ट स्कूलस र अन्य (सम्पा.) इलेमेन्ट्स अफ लिट्रेचर फोर्थ एडिसन, दिल्ली, म्याकमिलन इण्डिया लिमिटेड १९९३, पृ. १२१ ।

३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर, साझा प्रकाशन २०४६, पृ. ९४ ।

### ३.१.२ उपन्यासको व्युत्पत्तिगत अर्थ

'उपन्यास' संस्कृत भाषाबाट निर्मित भएको शब्द हो तर पनि यो शब्द अंग्रजी भाषाको नोभल शब्दको पर्यायवाची बनेर आएको हो ।[४] यसै कारणले गर्दा उपन्यास शब्दको व्युत्पत्तिगत अर्थ स्पष्टगर्दा विशेष गरी पूर्वीय तथा पाश्चात्य मान्यतालाई हेर्नु युक्तिसङ्गत ठहर्छ ।

#### ३.१.२.१ पूर्वीय मान्यतामा उपन्यासको अर्थ

"उपन्यास शब्द संस्कृतको 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'धञ्' (अ) प्रत्यय लागेर बनेको हो । शाब्दिक अर्थ 'उप' भनेको नजिक र 'न्यास' भनेको राख्नु हो । यसरी वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ ।[५]

संस्कृत साहित्यमा उपन्यासको विविध अर्थ दिइएपनि भरतमुनिले "कुनै अर्थलाई युक्तियुक्त रूपमा प्रस्तुत गर्नु नै उपन्यास हो भन्दै यसलाई नाटकको प्रतिमुख सन्धिको एउटा उपभेदको रूपमा लिएका छन् ।[६] उपन्याससँग ज्यादै नजिक वा निकट रहेको साहित्यलाई संस्कृतमा 'आख्यान' वा 'आख्यायिका' भनिन्थ्यो । यस्ता गद्यात्मक रचनाहरू वैदिक सूक्तहरूमा समेत भेटिएबाट यसको प्राचीनता प्रकट हुन आउछ । बाणभट्टको 'कादम्बरी' तथा दण्डीको 'दशकुमारचरित' आदि गद्यकै आख्यायिका हुन् ।[७] आधुनिक उपन्यासले हालको अर्थग्रहण नगरुन्जेल पूर्वीय साहित्यमा उपन्यास एक प्रकारको कुनै घटना वा विषयवस्तुको नियोजनमा भएको अनुभव हुन्छ ।[८] संस्कृत साहित्यका यी विद्वान् विश्लेषकहरूले उपन्यास शब्दको आ-आफ्नो परिभाषा दिए पनि बर्तमान उपन्यास शब्दले दिने अर्थ प्राचीन संस्कृत साहित्यमा आख्यान उपाख्यान आदिलाई उपन्याससँग मेल गराइन्थ्यो र पनि यसले हालको उपन्यास विधाको अस्तित्वलाई ग्रहण गर्न सकेको छैन । वर्तमान परिवेशमा गद्य साहित्यको एउटा स्वतन्त्र विधाका रूपमा उपन्यासलाई स्थान दिइएको छ ।

---

४ भोलानाथ तिवारी (सम्पा.) बृहत् पर्यायवाची कोश (दो.सं.) इलाहावादः किताब महल प्रा.लि. १९६२ पृ. ५१ ।

५ हिमांशु थापा साहित्य परिचय (ते.स.), ललितपुर; साझा प्रकाशन २०४७, पृ १२० ।

६ भरतमुनि नाटयशास्त्र २१.८३ उदृत हिमांशु थापा पूर्ववत्, पृ. १२० ।

७ कृष्णहरिबराल र नेत्र एटम, पूर्ववत्, पृ.३ ।

८ पूर्ववत् पृ.८ ।

### ३.१.२.२ पाश्चात्य मान्यताअनुसार उपन्यासको व्युत्पत्तिगत अर्थ

पाश्चात्य साहित्यमा प्रचलित नोभल शब्दको नेपाली रूपान्तरण हो । उपन्यास नोभल शब्द इटालेली भाषाको 'नोभला' बाट अग्रेजी साहित्यमा आएको मानिन्छ । त्यस्तै ग्रीसेलीभाषाको नयाँ अर्थ दिने 'नोभस' शब्दबाट नोभेला शब्द बनेको पाइन्छ । इटालेली भाषामा 'नोभला' शब्दले केही मात्रामा यथार्थको प्रयोग गरिएका रमाइला छोटा रूपक गद्यरचनालाई बुझाउँथ्यो भने त्यस्तै रचनालाई फ्रान्सेली भाषामा 'नोभल' भनिन्थ्यो । इटालेली भाषामा 'नोभेला' लाई रोमान्सका रूपमा प्रयोग गरिन्थ्यो ।[९] फ्रान्सेली भाषामा नोभेलाले समाचारलाई बुझाउँछ ।[१०] बोकासियो स्वयंले सम्पादन गरेको डेकाँमेरोनमा सङ्कलित कथाहरूलाई नोभली वा नोभला भनिन्थ्यो । उनका कथाहरू परम्परित दन्त्यकथा भन्दा भिन्दै र परिष्कृत थिए, तसर्थ न्यू स्टोरी वा नोभल स्टोरीको मान्यता पाए ।[११] अठारौं शताब्दीमा ड्यानियल डिफोको 'रविन्सनि कुसो' कृति देखा पऱ्यो । त्यस रचनाले यथार्थ धरातलमा टेकी उपकथाहरूमा शृङ्खलित भएर कथानक अगाडि बढाउने र शिष्टव्यङ्ग्य गर्ने शैलीको सुरुवात गऱ्यो । यस कृतिले उपन्यास जगत्मा नयाँ मोड दियो । यसले विश्व साहित्यमा नोभलको मान्यता पायो ।[१२] यसै पूर्वाधारहरूसँग सम्बन्धित साहित्यको ज्वलन्त विधा उपन्यास अहिलेसम्म विविध धार वा चरणहरूलाई पार गर्दै तथा विभिन्न प्रवृत्ति एवम् मान्यताहरूलाई अङ्गाल्दै विकासको शिखरतर्फ उक्लिरहेको पाइन्छ ।

### ३.१.३ उपन्यासको परिभाषा

निकै लामो साहित्यिक भ्रमणमा विभिन्न नाम र स्वरूपमा विकास हुदै अठारौँ श. दी. मा पाइला टेकेपछि उपन्यासजगत्मा आधुनिकीकरणका तरङ्गहरू फैलिन थालेको पाइन्छ । उपन्यासमा पात्र, घटना, संवाद, दृश्य उद्देश्य आदि तत्त्वहरू हुन्छन् । यिनै तत्वहरूलाई भाषिक शृङ्गारले सजाएर त्यसको विषयलाई जीवन्त स्वरूप प्रदान गरिन्छ ।

---

९ विलियम एच. ह्यारिस एण्ड जुडिथ एस. सिप्ले, द न्यू कोलम्विया इन्साइक्लोपिडिया(फोर्थ एडिसन) लण्डनः कोलम्विया युनिभर्सिटि प्रेस १९७५, पृ. १९७१ ।

१० जोसेफ टी. सिप्लो (सम्पा.), डिक्सनरीअफ वर्ल्ड लिटरेचर, न्युयोर्क : द फिलोसोफिकल लाइब्रेरी १९४३, पृ. २ ।

११ रोवर्ट स्कुलस र अन्य (सम्पा.), पूर्ववत् पृ. १४१ ।

१२ एच.एम. अब्राहम, अ ग्लोसरी आफ लिट्रेचर रिप्रिन्टेड, दिल्ली म्याकमिलन इन्डिया लि. पृ. १११ ।

हाल उपन्यासका तत्त्व, स्वरूप र आकारबारे यसै हुनपर्छ भनेर विवाद गर्नुपर्ने स्थान छैन । विद्वान्हरूले उपन्यासलाई चिनाउने क्रममा आफ्नै परिभाषाहरू दिएका छन् । जुन निम्न छन् :

क) विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबै प्रकारका कृतिहरूलाई उपन्यास भनिन्छ ।[१३]

ख) उपन्यासको रुचि र अस्तित्व जहाँ पनि नारी र पुरुषका जीवनका साथ साथै मानवीय कार्य र भावनाको भव्यचित्रण गर्नमा रहेको हुन्छ ।[१४]

ग) उपन्यास कोरा कथात्मक गद्य लेखन होइन यो त मानव जीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ ।[१५]

घ) ठिक्कको लम्बाइ भएको आख्यान वा कथा जसको एउटै लामो भाग वा धेरै वा कम जटिल भएको कथागत चित्रण र वर्तमान अथवा विगतको समयको वास्तविक जीवनको प्रतिनिधित्व गरिएको आख्यान नै उपन्याय हो ।[१६]

ङ) वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्रहरू तथा कार्यहरूको वर्णन भएको स्वाभाविक रूपको अपेक्षाकृत लामो काल्पनिक गद्य नै उपन्यास हो ।[१७]

च) उपन्यास कल्पित लामो कथाका साथै धेरै पात्रहरू भएको जीवनका विविध कुराहरूको चित्रण हो ।[१८]

छ) मानव चरित्रलाई नियालेर त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल तत्त्व हो ।[१९]

ज) लामो साहित्यिक कथा उपन्यास हो ।[२०]

---

१३ पूर्ववत्, पृ. ११० ।

१४ डब्लु एच. हड्सन, एन इन्ट्रोडक्सन टु दी स्टडी अफ लिटरेचर नयाँ दिल्ली ; कल्याणी पबिलसर्स, २३ दरियागञ्ज १९९४, पृ. १२९ ।

१५ राल्फ फक्स, दि नोभल एण्ड दि पिपुल, लण्डन ; कोवर्ट पब्लिसिङ् लि. १९४४ पृ. २० ।

१६ दि. अक्सफोर्ड डिक्सनरी (भोल्युम ७) लण्डन : अक्सफोर्ड एट द ल्कोरेडन प्रेस १९३३, पृ २४१ ।

१७ बेक्सटर न्यू इन्टरनेशनल डिक्सनरी (दो.सं.) सी.एण्ड सी. मेमोरियम कर्पोरेशन, पृ १६७० ।

१८ कालि प्र. तथा अन्य (सम्पा.) वृहद हिनदी कोश (दो.सं.) बनारस ज्ञान मण्डली, ई १९५६, पृ. १९८ ।

१९ प्रेमचन्द कुद्ध विचार, इलाहावाद; सरस्वती प्रेस १९३९, पृ ४७ ।

२० चक्रमणि चालिसे, नेपाली बगलीकोश (दो.सं.) ललितपुर ; साझा प्रकाशन, २०२४ पृ २० ।

झ) उपन्यास धेरै अध्याय वा खण्डमा लेखिने लामो साहित्यिक कथा चरित्र प्रधान गद्य महाकाव्य हो ।[२१]

ञ) मानव र समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्याख्यानलाई उपन्यास भनिन्छ ।[२२]

ट) उपन्यास चरित्र एवम् घटनाको माध्यमले समाजको वाह्य र आन्तरिक रूप तथा अवस्थालाई चित्रित गर्ने सुनियोजित कथानक र निश्चित आयाम भएको गद्यायम आख्यान हो ।[२३]

ठ) उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानवजीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति हुन्छ ।[२४]

ड) मानव मस्तिष्कको चिरफारको साथै शारीरिक हिस्सी, सौष्ठव र संयोजनको वर्णन देखि लिएर मानववीचको सम्पर्क सामाजिक दायित्व धार्मिक र आध्यात्मिक चिन्तनको उच्चता तथा ऐतिहासिक र भौगोलिक वर्णन जस्तो सभ्यता संस्कृति र कलालाई संरक्षण गर्ने समस्त भावनात्मक विचारात्मक शारीरिक भौतिक तथ्य र तत्त्वहरूको गाद्यिक विवेचना नै उपन्यास हो ।[२५]

ढ) यर्थार्थसँग परिचालन, सत्यको सन्धान, मुल्यको संरक्षण जीवनको वैविध्यता माथि एकरूपता प्रदान, जीवन शिक्षण व्यक्तिताको पूर्नन्वेषण तथा मानवताको उपन्यासका प्रमुख उत्तरदायित्व परिभाषित छन् ।[२६]

यसरी विभिन्न विद्वान्हरूले उपन्यासको परिभाषा अ-आफ्नै तरिकाले दिएका छन् । कुनै एक विद्वान्को परिभाषाले मात्र वर्तमान उपन्यासको परिभाषा पूर्णसँग दिन सकेको पाइदैन । यी समग्र विद्वान्हरूका परिभाषालाई केलाएर हेर्दा मात्र उपन्यासको परिभाषा खुल्न जान्छ । आजको समयमा उपन्यासको निकै नयाँ संरचना शैली र विधिमा व्यापक प्रयोगहरू भएका छन् । यसबाट झन उपन्यासको परिभाषा निर्क्योल गर्नु असम्भव रहेको छ । तसर्थ वास्तविक जीवनको गद्यात्मक वर्णन मानव जीवनको रहस्य खोल्ने गद्य मानवीय आवेगद्वारा सिर्जित रचना हालको जटिल एवम्

---

२१ बासुदेव त्रिपाठी तथा अन्य (सम्पा.) नेपाली वृहत शब्दकोश काठ; ने.रा.प्र.प्र. २०४० पृ. १५२ ।

२२ कृष्ण हरिबराल र नेत्र एटम, पूर्ववत्, पृ. ७ ।

२३ केशब प्र. उपाध्याय साहित्य प्रकाश (पाँचौ सं.) काठ : सा.प्र. २०४९, पृ. १५७ ।

२४ हिमांशु थापा, पूर्ववत् ।

२५ ताना शर्मा पूववत् (कृष्णहरि बराल र नेत्रएटम), भूमिका खण्ड ।

२६ इन्द्र बहादुर राई नेपाली उपन्यासका आधारहरू, (दो.सं.) ललितपुर, सा.प्र.२०५० पृ. २०८ ।

सङ्कटग्रस्त मानवजीवनको प्रतिनिधिमूलक अभिव्यक्ति जीवनको विस्तृत पक्ष र संवद्ध परिवेशको प्रस्तुति आदि जस्ता एकल परिभाषाको केही निकट भएको मात्र मान्न सकिन्छ । यसरी विभिन्न विद्वान् समालोचकहरूबाट उपन्यासलाई आयामका दृष्टिकोणले लामो वा छोटो जस्तेसुकै पनि हुन सकने जीवनको विविध समस्यालाई कलात्मक रूपले प्रदर्शन गर्ने कथात्मक गद्य रचना भएको कुरा स्वीकारेका छन् । यसरी जस्तो कुनै आयाम भएपनि पात्र घटना परिवेश आदिको सहाराले जीवनको यथार्थ पक्षको उद्घाटन गर्ने कथात्मक काल्पनिक गद्य रचनालाई उपन्यास हो भन्नु अत्युक्ति नहोला ।

### ३.१.४ उपन्यासका आवश्यक तत्त्वहरू

उपन्यास मानिसको जीवन हो भने जीवनलाई पूर्ण आकार दिन विभिन्न अङ्गहरूको यथास्थानमा संगठन आवश्वयक परे जस्तै आन्तरिक र वाह्य दुबै तर्फका तत्त्वहरूको सम्मिश्रणबाट मान्छे बनेजस्तै उपन्यासका लागि केही अवयवहरू आवश्यक पर्दछन् । यिनै अर्न्तवाह्य उपकरणहरूलाई उपन्यासका तत्त्व भनिन्छ ।[२७] उपन्यासका स्वरूप विषयगत विविधता तथा परिभाषाका सम्बन्धमा विद्वान्हरूबीच मतैक्य नदेखिए तापनि उपन्यासका लागि तत्त्व वा उपकरणको अनिर्वायता हुन्छ भन्ने कुरामा सबै विद्वान्हरूबीच सहमति छ । उपन्यासका तत्त्वहरूको समुचित प्रयोग र अर्न्तमिश्रणबाटै उपन्यास बन्ने हो । वर्तमान समयका उपन्यासमा प्राचीन विद्वान्हरूले तोकेका तत्त्वहरूको सम्पूर्ण प्रयोग गरेको त पाइँदैन तर पनि औपन्यासिक तत्त्वका अभावमा यसको कल्पना पनि गर्न सकिदैन । मूलतः कथावस्तु, चरित्रचित्रण, संवाद, देशकाल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन जस्ता तत्त्वहरू नै उपन्यासका खास खास तत्त्व हुन् । कतिपय विद्वान्हरूका अनुसार उपन्यास आन्तरिक समयावधिमा प्रवाहित मूल औपन्यासिक घटना वा कार्य व्यापारसँग सम्बद्ध द्वन्द्व वा सङ्घर्ष कौतुहल वा द्वैधभाव प्रभावोत्पादकता तथा रस पनि उपन्यासका तत्त्वकै श्रेणी भित्र पर्न आएको स्पष्ट पार्छन् ।[२८] त्यस्तै दृष्टिबिन्दु प्रतीक र विम्ब तथा गति र लय जस्ता शैलीको भुमिकाका महत्वपूर्ण तत्त्वहरू पनि उपन्यासका तत्त्वमै पर्न आउन पर्ने मानिन्छ ।[२९] उपन्यासको स्वरूपगत विविधता युक्त र यसमा देखिएका विभिन्न प्रयोग र विकासलाई मध्यनजर लगाउँदा उपन्यासका तत्त्वहरू यत्ति नै हुन्छन् भनेर किटान गर्न सकिदैन

---

२७ टंक प्रसाद न्यौपाने, <u>साहित्यको रूपरेखा</u> (दो.सं.), ललितपुर, नेपाल सा.प्र. २०४९, पृ. १४७ ।

२८ प्रतापचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. ४४ ।

२९ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत, पृ. २१ ।

तापनि समान्यतया उपन्यासमा पाइने आवश्यक तत्त्वहरूका आधारमा उपन्यासमा छवटा तत्त्व आवश्यक मानिएको छ ।[३०] ती कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य हुन् ।

### ३.१.४.१ कथावस्तु / कथानक

विभिन्न पात्रहरूका विभिन्न गतिविधि र क्रियाकलापबाट विभिन्न घटनाको जन्म हुन्छ । यिनै घटनाहरूको संङ्गठित रूप नै कथावस्तुको संरचना हुन्छ ।[३१] कथावस्तु उपन्यासको कच्चापदार्थ नै हो। विभिन्न क्रियाकलाप तथा घटनाहरूलाई कथावस्तुले एउटा कार्यकारण शृङ्खलामा बाँधेको हुन्छ। तसर्थ कथावस्तुमा विभिन्न घटना र क्रियाकलापको शृङ्खलात्मक कलात्मक र प्रभावात्मक गठन र गुम्फन हुन्छ ।[३२] कथानक उपन्यासको आधार वस्तु हो जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शबदमा भन्ने हो भने घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुसङ्गठन प्रदान गर्ने काम गर्छ । यसलाई कार्यकारण र तारातम्यपूर्ण सूत्रवद्ध रूपमा अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्मा जम्मी उपन्यासको आकृति खडा हुन्छ ।[३३]

एरिष्टोललले नाटकको सन्दर्भमा कथावस्तुलाई आत्मा भने झैं विद्वान् र उपन्यासकारहरूले कथावस्तुलाई उपन्यासको प्राणको रूपमा लिएका छन् ।[३४] जुनसुकै आख्यानात्मक रचनामा पनि कथावस्तुको भूमिका निकै महत्पवूर्ण हुन्छ । घटनावलीको प्रसङ्ग र कार्यव्यापारको योजनावद्ध प्रस्तुतिवाट पाठक वा श्रोतामा उत्सुकता जगाउने काम कथावस्तुकै सहाराले हुन्छ । घटना वा पात्रको सङ्गठन भई निश्चित समयावधिमा घटित घटनाहरूको सेरोफेरो नै कथानकको गोरेटो हो । यसैबाट उपन्यासले खास गति लिएको हुन्छ । कथानकमा चरित्र, विचार, कल्पना, बुद्धि साधन जस्ता कुराहरू समाविष्ट हुनछन् । यसर्थ कथानकलै नै उपन्यासको प्रारूप निर्माण गर्नमा मूल भूमिका निर्वाह गर्दछ ।

---

३० डा. हिमांशु थापा, साहित्य परिचय (चौ.सं.) ललितपुर, सा.प्र. २०५० पृ. १२७ ।

३१ पूर्ववत् ।

३२ पूर्ववत्, पृ. १२८ ।

३३ कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, (ते.सं.) ललितपुर, नेपालः सझा प्रकाशन २०५६, पृ.२५ ।

३४ डा. हिमांशु थापा, पूर्ववत्, पृ. १२८ ।

कथानकको गठन रोचक र कौतुहलबर्द्धक हुनुपर्छ । यसबाट पाठकमा रोचकता बढ्न जान्छ र यसैबाट पाठकको मन विरेचित हुन पुग्छ । त्यस्तै कथानक घटनाहरूका कार्यकारण सम्बन्धमा आवद्ध भएको श्रङ्खला हुनाले यसमा द्वन्द र त्यबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्व रहन्छ । आनरिक वा वाह्य द्वन्द्वबाट नै पात्रहरूले अगाडिका क्रियाकलाप गर्दछन् र कथानक गतिशील भई शृङ्खलितरूपमा अगाडि बढ्दछ ।[३५] कथानक इतिहास यथार्थमूलक अनुभव मिथन रागात्मक सौन्दर्य तथा स्वैर कल्पनामा आधारित भएर रचिन्छ ।[३६] कथानकको आदि देखि अन्त्यसम्म रहने घटनावलीहरूको अवस्था नै कथानकको ढाँचा हो। मूलतः कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ ।[३७] उपन्यासमा मुख्य र सहायक गरी दुई प्रकारको कथानक हुन्छ ।

उपन्यासको आरम्भ देखि अन्त्यसम्म व्याप्त भएको कथानक मुख्य हुन्छ भने यसै मुख्य कथानकको उद्देश्यलाई सहयोग पुऱ्याउन उद्देश्यले राखिएको कथानक सहायक हुन्छ तर पनि कथानकलाई सङ्गठनको आधारमा सङ्गठित र अव्यवस्थित कथानकको प्रकृतिको आधारमा सरल र संयुक्त तथा अन्य दुःखान्त, हास्य, सुखान्तक, व्याङ्गयात्मक रागात्मक जस्ता विविध प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।[३८] कथानकको आङ्गिकविकास भनको आदि मध्य र अन्त्यको समुचित विन्यास हो ।[३९] तर पनि उपन्यासमा आयाम बढाउने मात्र उद्देश्य लिएर घटना प्रसङ्ग वा अनावश्यक पात्रको सिर्जना गर्नु हुँदैन । यसो गरिएमा कथावस्तु शिथिल हुन जान्छ । प्रसिद्ध पाश्चात्य काव्य चिन्तक एरिष्टोलले आख्यानात्मक कृतिका लागि कथावस्तुलाई आत्माका रूपमा स्वीकार्दै कथानक भनेको कार्यव्यापार र घटनावलीको व्यवस्थापन हो र यसको जग आदि, मध्य र अन्त्यको शृङ्खलामा एकान्वित हुनु हो ।[४०] भनेका छन् ।

---

३५ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत् पृष्ठ २५ ।

३६ पूर्ववत्, पृ. २४ ।

३७ पूर्ववत्, पृ. २७ ।

३८ पूर्ववत्, पृ. २८ ।

३९ पूर्ववत् पृ. ८ ।

४० बासुदेवत्रिपाठी, <u>पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा</u> भाग १, (चौ.सं.) सभा प्रकाशन ललितपुर, २०५०, पृ. २८ ।

एरिष्टोलले दुःखान्त सङ्गठनको चर्चा गर्दा सङ्गठित कथानक विश्रृखलित तथा आकस्मिक रूपवमा थालिन तथा टुङ्गिन नहुने बताएका छन् ।[४१] अन्तर्वेग विषमता जटिलता र घात-प्रतिघातले गर्दा उपन्यासमा आज मानव जीवनको सिङ्गो र सङ्लो चित्र प्रस्तुत गर्ने प्रवृत्ति विकसित हुँदै आएको छ ।[४२] आजको समयमा तथाकथित अउपन्यासको शिल्पीय स्वरूप कथानक विनाको प्रयोग तर्फ लम्कन चाहेको दृष्टान्त पाइन्छ ।[४३] उपन्यास एक आख्यानात्मक गद्यविधा हो । कथानकको अपेक्षा गर्न जति खोजिए पनि एक न एक माध्यमबाट कतै न कतै आएकै हुन्छ । कथानकको पूर्णतया परित्याग गरेर उपन्यास संरचना गर्नु असम्भव देखिन्छ । यो उपन्यासको लागि प्रथम आवश्यक तत्त्व हो । तसर्थ कथानक उपन्यासकै प्राण हो ।

### ३.१.४.२ पात्र/चरित्र

उपन्यासभित्रका हर्षविषाद जय-पराजय सम्बन्धी विभिन्न घटनाहरूका कर्ता भोक्ता वा द्रष्टाहरूलाई पात्र वा चरित्र भनिन्छ ।[४४] उपन्यासकारले जुटाएको कच्चा सामग्रीरूपी घटनाहरू तिनै पात्रपात्रामार्फत् अघि बढाइन्छ । आजको समाज जटिल र विषमतायुक्त छ, साथै मनोविज्ञान र मनोविश्लेषण बढ्दो विकास र यस प्रतिको अभिरुचिले गर्दा पात्रका विभिन्न अन्तःचेतना र संवेदना तथा यसको परिवेशमा आधारित पात्र वा चरित्रचित्रणको स्थान मूल्यवान हुदै गएको छ ।[४५] उपन्यासमा पात्र स्वतन्त्र, सक्रिय र सजीव हुनुपर्छ । उपन्यासकारले आफ्नै हैकम पात्रमाथि लाद्न हुँदैन ।[४६] वास्तवमा उपन्यासको विषय नै मानवीय चरित्र हो । चरित्र दुई किसिमका हुन्छन् । बाह्य र आन्तरिक ।[४७] उपन्यास सादृश्य हुनुपर्छ र यसलाई पात्रकै माध्यमबाट जीवन सादृश्य बनाउन सकिन्छ । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्ति नै जीवन

---

४१ पूर्ववत् पृ. ५६ ।

४२ मोहनहिमांशु थापा, पूर्ववत् पृ. १२८ ।

४३ कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत् पृ. ८ ।

४४ टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १३३ ।

४५ डा. हिमांशु थापा, पूर्ववत्, पृ. १३३ ।

४६ पूर्ववत् ।

४७ टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १३३ ।

स्वयं मनुष्य र उसको वृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ । मानिसहरूमा विभिन्न विशेषताहरू हुन्छन् । यिनै मानिसहरूमा पाइने वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु नै उपन्यासको चरित्रचित्रणको लक्ष्य हो ।[४८] उपन्यासमा जीवन्तता प्रदान गरी त्यसलाई मुर्तरूप दिने मूल जिम्मेवारी पात्रको हुन्छ । तसर्थ उपन्यासका सबैभन्दा बढी पात्रमा नै निर्भर रहेको हुन्छ । चरित्रले सामाजिक वर्ग जाति पेशा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गर्दछ । चरित्रचित्रणद्वारा तिनै पक्षहरूमध्ये कुनै विशिष्ट कुराको छाप पाठकमा बानी बोली हटाई क्रियाकलाप आदिको माध्यमद्वारा पार्नु पर्ने हुन्छ ।[४९] उपन्यासका पात्रहरूमा हुने रिस, क्रोध, करुणा, प्रेम जस्ता मानवीय स्वभाव र व्यवहारलाई पाठकले सुखमा सुख र दुःखमा दुःखको अनुभव गर्न सकेमा नै उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिन्छ । कथानक र वातावरणको फरक पनले गर्दा उपन्यासमा गतिशील र गतिहीन यथार्थ र आदर्श, अन्तर्मुखी र बहुमुखी, गोला, च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक, पुलिङ्गी र स्त्रीलिङ्गी, अनुकूल र प्रतिकूल, सामाजिक र वैयक्तिक मञ्चीय र नेपथ्यीय, बद्ध र मुक्त, नायक र अनायक तथा प्रमुख, सहायक, गौण र साङ्केतिक गरी विभिन्न किसिमका पात्रहरू आएका हुन्छन् ।[५०] जेजस्ता पात्रहरू आएपनि पात्रले खास समाज र त्यसगुगको प्रतिनिधित्व गरेको हुन्छ, साथै प्रवृत्तिगत हिसावले गर्दा वर्गीय चेतनाका संवाहक बनेका हुन्छन् ।

### ३.१.४.३ संवाद

उपन्यासमा प्रयोग भएको कथानक तथा उपन्यासकारको मूल अभिव्यक्तिलाई पात्रले नै गतिशीलता प्रदान गर्दछ । यसै कार्यव्यापारमा औपन्यासिक कथावस्तु बन्दै अगाडि बढ्ने  हो, यसैले गर्दा उपन्यासमा चरित्रलाई दोस्रो महत्त्वपूर्ण तत्त्व मान्न सकिन्छ ।

संवादलाई कथोपकथन र वार्तालाप पनि भनिन्छ । उपन्यासका पात्रहरूले घटनाको सन्दर्भमा परस्परमा अभिव्यक्त गरेका क्रियाप्रतिक्रियाहरूबीचका छलफलहरू र

---

४८ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत पृ. ८ ।

४९ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत, पृ. ३४ ।

५० पूर्ववत, पृ. २१३ ।

कुराकानीहरूलाई नै संवाद भनिन्छ ।[५१] पात्रपात्राहरूको चरित्रोद्घाटन गर्न कथानकलाई सही गति दिन र आवश्यक वातावरणको निर्माण गर्न वातावरणको प्रयोग गरिन्छ ।[५२] उपन्यासमा संवादको चरित्रचित्रणमा मूल भूमिका हुन्छ । यसको स्वाभाविक र आवश्यक प्रस्तुतिबाट उपन्यास सफल हुन जान्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सङ्गठित गर्दछ । स्वाभाविक र प्रभावकारी संवादबाट उपन्यासमा प्रकृति समुचित र नाटकीय प्रभाव उत्पन्न हुन्छ । यस्ता संवादले मात्र पात्रको व्यक्तित्वलाई अक्षुण्ण रूपमा प्रस्तुत गर्न सक्छ र पारिस्थितिक उपर्युक्ततामा पनि बृद्धि गर्दछ । संवाद पाठकका लागि सजिलो स्वस्थ हलचल मच्चाउने र रोचक हुनुपर्छ । संक्षिप्तता नै संवादको सार्थकता हो भन्ने पात्रको स्तरअनुसारको संवाद यथार्थको अनुकृति हो ।[५३] संवाद पात्रको मानसिक बौद्धिक धरातल अनुकूल देशकालको सामाजिक साँस्कृतिक परिवेश सुहाउँदो हुनुपर्छ । उपन्यासमा कथावस्तुलाई गत्यात्मक बनाउने कथ्यको उद्घाटन गर्ने र चरित्रको विकास गर्ने क्षमतामा संवाद आवश्यक मानिन्छ ।[५४] उपन्यास वर्णनात्मक हुने हुनाले संवाद उपन्यासको अनिवार्य तत्त्व नभए पनि यसले उपन्यासलाई रोचक बनाउने र पाठक तथा पात्रपात्राहरूबीच सामञ्जस्य ल्याउने काम गर्छ ।[५५] सुन्दर र कलात्मक संवादले वर्णनलाई प्राञ्जल र उदात्त बनाउँदछ उपन्यासकारको लामो विवरण, व्याख्या र विश्लेषणको एकोहोरो पनलाई हटाई उराठिलो स्थितिबाट सरलता र रोचकताको वातावरणमा पाठकलाई लगि दिन्छ ।[५६] उपन्यासमा संवादले देशकाल, वातावरण, अभिनेयात्मक सरलता, मनोविज्ञान, सम्प्रेषणात्मकता, रोचकता, स्वाभाविकता, सरलता र सफलता प्राप्त गराउन अहं भुमिका निर्वाह गर्ने भएकोले उपन्यासको संरचनामा यो महत्वपूर्ण रहेको हुन्छ ।

उपन्यासमा भाषाको प्रयोग तथा पात्रको स्तर सुहाउदो संवादको अपेक्षा गरिन्छ । हड्सनले संवाद स्वाभाविक उपर्युक्त र नाटकीय हुनुपर्छ । यसको अर्थ के हो भने

---

५१ टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १४२ ।

५२ पूर्ववत् ।

५३ कष्णहरि बलार र नेत्र एटम, पूर्ववत्, पृ. ३५ ।

५४ हिमांशु थापा, पूर्ववत्, पृ. १४२ ।

५५ टंक प्रसाद न्यौपाने, पूर्ववत् पृ. ११३ ।

५६ केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२

वक्ताअनुरूप परिस्थिति सुहाउँदो अनि सरल ताजा पूर्ण र चाखलाग्दो हुनुपर्छ ।[५७] यसले गर्दा संवाद जति प्राकृतिक किसिमको र तथ्यपूर्ण हुन्छ, त्यति नै उपन्यासले सफलता प्राप्त गर्छ, तसर्थ संवादले उपन्यासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### ३.१.४.४ देशकालवातावरण

उपन्यासमा प्रयोग हुने तत्त्वहरूमध्ये वातावरण पनि एक महत्त्वपूर्ण र अपरिहार्य तत्त्व हो । उपन्यासमा मानवसमाजको एउटा कालखण्ड विशेषको पूर्णचित्र हुन्छ । त्यस पूर्णचित्रमा मानिसका सम्पूर्ण क्रियाकलापहरू आकांक्षहरू प्रतिबिम्बित हुन्छन् । उपन्यासमा त्यही प्रतिबिम्बको एउटा सम्पूर्ण बिम्ब हुन्छ । यो बिम्ब चाहि मानिस र परम्पराले भोगेको समाज हो । यसरी मानव र समाज अभिन्न रूपमा रहन्छन् । मानव र समाजको अभिन्नताबाटै वातावरणको जन्म हुन्छ ।[५८] मूलतः औपन्यासिक संरचना प्रक्रियामा वातावरण भन्नाले उपन्यासको आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित विशेषता देश, काल र परिस्थिति अथवा कुनै समाज, जाति वा वर्गको आधार, विचार, सभ्यता एवम् सांस्कृतिक साथै सामाजिक सांस्कृतिक राजनैतिक ऐतिहासिक आदि परिवेशको चित्रणलाई बुझाउँछ ।[५९] यसमा देश वा समाज तथा त्यस सँग सम्बन्धित चरित्रको समयानुकूल वर्णन र चित्रण पाइन्छ । वास्तवमा स्वाभाविक जीवन जगत् अथवा यथार्थ देशकाल र वातावरणको विशद चित्रणले नै औपन्यासिक कथावस्तुलाई स्वाभाविक र विश्वसनीय बनाउँछ ।[६०] उपन्यासको कथावस्तु अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध आदि भावनाको उद्‌बोधन र तिनको परितृप्ति नै वातावरण हो ।[६१] वातावरणको निर्माण देशकालमा घट्ने घटना दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ । मानसिक अवस्थासँग समेत सम्बद्ध हुने हुँदा यसलाई भाव पनि भनिन्छ । उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाइदिन पनि सक्छ जसले गर्दा उसका

---

५७ पूर्ववत् ।

५८ हिमांशु थापा, पूर्ववत्, पृ. १४८ ।

५९ प्रतापचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ८३ ।

६० पूर्ववत्, पृ. ८४ ।

६१ कृणहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३६ ।

मनमा विषाद, आशक्ति, क्षोभ, हर्ष जस्ता गुणअवगुणहरूका मूल फूट्दछन् अर्थात् स्थायीभावको उद्दीपन भएर समष्टिमा वातावरण निर्धारण हुन्छ ।[६२]

उपन्यास देश, काल तथा वातावरणमा केन्द्रित भएर नै लक्ष्योन्मुख हुन्छ । वर्णित वस्तु वा चरित्र देश काल र वातावरणमा आवद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यसलाई संगति र विश्वसनीयता दिन्छ ।[६३] देश, काल र वातावरणविना उपन्यसकारले कथानकलाई विश्वसनीयता, यथार्थ र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन ।[६४] यसकारण उपन्यासमा देश, काल र वातावरण नभई नहुने तत्त्व हो ।

### ३.१.४.५ भाषाशैली

भाषाको माध्यमद्वारा व्यक्तिले विभिन्न भावना विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । शैली व्यक्तिको स्वरूप हो, त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो ।[६५] उपन्यासमा घटन, पात्र, दृश्य भाषाकै माध्यमद्वारा चित्रित गरिन्छन् । यसमा साहित्यिक भाषाको प्रयोग गरिने हुनाले व्याकरणिक यान्त्रिक नियमबाट उपन्यासका भाषाहरू मुक्त हुन्छन् । यसबाट भाषिक सौन्दर्य र नवीनतासमेत झल्कन्छ ।[६६] यसरी उपन्यसका भाषालाई कला र सीपले सिँगारिन्छ, त्यही भाषिक अभिव्यक्तिको समष्टिगत रूप नै औपन्यासिक शैली हो ।

उपन्यासमा मूलतः दुई प्रकारका भाषको प्रयोग गरिन्छ ।[६७] संस्कृत तत्सम प्रधान भाषामा  संस्कृत शब्दहरूको धेरै प्रयोग हुन्छ । यसमा अलङ्कृत र समासयुक्त भाषाको प्रयोग हुन्छ । यस्तो भाषाशैलीको प्रयोग गरिँदा प्रकृतिलाई समेत उपमा, रूपक आदि अलङ्कारद्वारा मानवीकरण गरी विविध रूपमा चित्रित गरिन्छ । साधारण भाषा अर्न्तगत लोकजीवनाका कथा भाषालाई मूल रूपमा लिइन्छ । यसका सथै उखान, टुक्का थेगो, लोकोक्ति आदिको प्रयोग पनि गरिन्छ । यस्ता भाषामा स्थानियता र आञ्चलिकताको अधिकतम प्रभाव परेको हुन्छ । कुनै पनि साहित्य रचनाले भाषाको व्याकरणिक

---

६२ पूर्वतत् ।

६३ कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. १० ।

६४ पूर्ववत्, पृ. ११ ।

६५ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४१ ।

६७ डा. हिमांशु थापा पूर्ववत् ।

बन्धनलाई तोडिदिन्छ । भाषिक रूढीलाई त्यागेर अगाडि बढ्ने क्रममा व्याकरणिक नियमहरूको भञ्जन मात्र गर्दैन त्यस्ता नियमलाई बङ्ग्याएर प्रतीकात्मक र सम्भावनालाई मूल रूपमा लक्ष्य बनाएर भाषाको प्रयोग गरिन्छ यसरी भाषाको चलन चल्तीको रूपलाई संशोधन छाँटकाँट र उल्लङ्घन गरिएको भाषा नै अन्य साहित्यमा जस्तै उपन्यासमा पनि प्रयोग गरिन्छ ।

उपन्यासमा विभिन्न उपन्यासकारहरू विभिन्न शैलीको उपयोग गर्दछन् । प्रयोगका आधारमा विभिन्न लेखक विद्वान्हरूले प्रयोग गरेका औपन्यासिक शैली मूलतः (क) वर्णनात्मक शैली (ख) पात्रात्मक शैली (ग) आत्माकथात्मक शैली र (घ) डायरी शैली आदि छन् ।[६८] यिनै विविध शैलीहरूको उपयोग गरी उपन्यसाहरू रचिएको पाइन्छ । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने औपन्यासिक उद्देश्यको प्रक्षेपण कथावस्तु, उद्देश्य पात्र, वातावरण आदिमा रचनाकारले निर्माण गर्ने व्यक्तिगत भाषिक तरिका नै शैली हो । प्रत्येक उपन्यसाकारको आफ्नै रुचि र विशेषता हुन्छ यसैको माधयमबाट उसको आफ्नो शैली जन्मने हो । पात्र अनुसार स्थान समयानुसारको भाषा उचित किसिमको शैलीबाट नै उपन्यास उत्कृष्ट हुने हो । तसर्थ उपन्यासको सफलता र असफलता उसको शैलीको सफलता वा असफलता हो भन्दा पनि हुन्छ जे होस् उपन्यासको आवश्यकीय महत्त्वपूर्ण तत्त्वहरूमध्ये भाषाशैली पनि एक हो ।

### ३.१.४.६ उद्देश्य

कुनै पनि साहित्य प्रयोजनविना लेखिदैन त्यस्तै उपन्यसको रचनामा पनि कुनै न कुनै उद्देश्यको अपेक्षा गरिन्छ । उद्देश्य चाहि प्रत्यक्ष रूपमा आरोपित हुन पनि सक्छ परोक्ष किसिमले आरोपित हुन पनि सक्छ ।[६९] बाँच्नुको अर्थ र आशयलाई जीवन भनिन्छ भने साहित्यमा यही जीवन अभिव्यक्त भएको हुन्छ । विविध साहित्यिक विद्यामध्ये उपन्यास पनि एक हो यसमा जीवनकै अभिव्यक्ति हुन्छ ।[७०] जीवन र साहित्यलार्य अलग गर्न सकिदैन । उपन्यास मार्फत उपन्यासकारले आफ्नो सोचाई हेराइजस्ता दृष्टिकोण व्यक्त गरेको हुन्छ । उसले चरित्रचित्रण, टिप्पणी, घटना आदिका माध्यमबाट आफ्नो

---

६८ प्रतापचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

६९ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

७० डा. हिमांशु थापा, पूर्ववत्, पृ. १५२ ।

जीवनप्रतिको दृष्टिकोण प्रस्तुत गर्दछ । यसरी उपन्यासमा उपन्यासकारले आफ्नो सोचाई र हेराइ प्रत्यक्ष वा परोक्ष किसिमले अभिव्यक्त गरेको हुन्छ ।[७१]

उद्देश्य साध्य नभई साधन हो, यसैको माध्यमले उपन्यासकार आफ्नो, आस्था, मान्यता र जीवनजगत्प्रतिको दृष्टिकोण प्रस्तुत गर्दछ । कथावस्तु, पात्र, पात्राहरूको चित्रण आदिको क्रममा तिनीहरूप्रति उपन्याएकारको विशेष दृष्टिकोण आइसकेको हुन्छ । यही दृष्टिकोण परिपुष्ट भएर जीवन दर्शनको रूपमा प्रकट हुने हो । उपन्यासकारले आफूलाई जतिसुकै लुकाउने चेष्टा गरेपनि कतै न कतै केही न केही रूपमा उसको भनाई वा दृष्टिकोण प्रस्तुत भएकै हुन्छ । यस्तो दृष्टिकोण उपान्यासकारले उपन्यासमा जबरजस्ती थोपर्नु राम्रो हुदैन । अझ आफ्नो दर्शन व्यञ्जनात्मक रूपमा प्रस्तुत गर्नु उपर्युक्त ठानिन्छ ।[७२]

उपन्यासकार स्वयं उपस्थित भएर जीवन यस्तो हुनुपर्छ भन्नुभन्दा चरित्रको माध्यमले उसले आफ्नो दृष्टिकोण राख्नु वाञ्छनीय मानिन्छ । वास्तवमा यथार्थभित्र पनि लुकिरहेको आदर्श चाल नपाइदो गरेर उद्घाटित गर्नु नै उपन्यासको उद्देश्य हो ।[७३] आजकल सुरुसुरुमा झैँ केवल नैतिकउपदेश र मनोविनोद मात्र गर्ने जस्ता सङ्कुचित उद्देश्यले उपन्यास लेखिँदैन, आजकल त विषयगत व्यापकताका साथै उपन्यासमा उद्देश्यको पनि बहुविध विस्तार र विकास हुँदै आएको छ । त्यसैले उपन्यासको स्वरूप त्यसको उद्देश्यले निर्धारण गर्छ भनिएको हो ।[७४]

लेखक वा उपन्यासकारले आफ्नो जीवनमा भोगेका देखेका वा अनुभव गरेका दु:खसुख, पीडा, आनन्द, न्याय, अन्याय, शोषण, विकृति, विसँगति, कुण्ठा, नैराश्यता जस्ता कुराहरूलाई आफ्ना उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य लिएको हुन्छ तर उपन्यासकारले आफ्नो विचार प्रतिपादन गर्ने तथा जबरजस्ती आफ्नो कुरालाद्ने पूर्वयोजना लिएमा चाहि उपन्यासकै मिठास मात्र हराउदैन लेखकीय उद्देश्य मात्रको दुराग्रहले उपन्यासमा सत्यता र रोचकता नआउन सक्छ । अतः उपन्यासकारले आफूले देखेको, भोगको तथा अनुभव गरेको जीवनलाई पात्रका माध्यमद्वारा, कथावस्तुका

---

७१ पूर्ववत्, पृ. १५३ ।

७२ टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. २२२ ।

७३ पूर्ववत् ।

७४ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

माध्यमद्वारा उपन्यासमा अभिव्यक्त गर्नुपर्दछ । यसरी उपन्यासकारको आफ्नो चिन्तनलाई कथावस्तु तथा पात्रका माध्यमद्वारा प्रकट गर्नु नै उपन्यासको मूल उद्देश्य हो ।

### ३.१.४.७. निष्कर्ष

यसरी विविधतत्त्वगत विश्लेषणका आधारमा हेर्दा मूलतः उपन्यासका उपर्युक्त तत्त्वहरू अनिवार्य देखिन्छन् तर पनि मुख्य तत्त्वका रूपमा भने कथानक वा कथावस्तु र पात्र वा चरित्र गरी दुइवटा तत्त्वलाई मान्नुपर्छ किनभने संवाद र भाषाशैली उपन्यासका उद्देश्य प्राप्तिका मूलसाधन मात्र हुन् । वातावरण औपन्यासिक कथानकलाई विश्वसनीय र स्वाभाविक बनाउन आउने हुनाले यो कथानकको अङ्ग हो । उद्देश्य कथानकद्वारा प्राप्त गरिने विषयवस्तुको परिमाण हो भने संवाद गौण तत्त्व मानिन्छ ।

## ३.२ नेपाली औपन्यासक परम्परा

नेपाली भाषाको उत्पत्तिकाल देखि वर्तमान समयसम्म आइपुग्दा यसले थुप्रै उन्नति र प्रगति गरेको पाइन्छ । यसक्रममा नेपाली भाषाले साहित्यका क्षेत्रमा गद्यले सर्वप्रथम प्रगति गर्न थालेको हो । वि.सं. १४०० को भास्वतीले नेपाली गद्यसाहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस पछिको साहित्यिक क्षेत्रमा भएका प्रगतिहरूलाई मोटामोटी रूपमा यसै शीर्षक अर्न्तगत विभिन्न उपशीर्षमा देखाइएको छ ।

### ३.२.१ पृष्ठभूमि

ईशवीको ११०० देखि यताको समय नव्यभारतीय आर्य भाषा काल हो । यस समयमा सम्पूर्ण आधुनिक आर्यभाषाहरू जन्मिएका हुन् । यसै क्रममा नेपाली भाषा पनि जन्मिएको हो ।[७५] विभिन्न ताम्रपत्र, कनकपत्र आदिलाई आधार मानेर हेर्दा प्रमाणित रूपमा भने नेपाली भाषा वि.सं. १३१२ बाट मात्र देखापरेको हो ।[७६] यसक्रममा वि.सं. १४०० को <u>भास्वती</u>ले नेपाली गद्यसाहित्यको विकासमा प्रसस्त योगदान दिएको छ । <u>भास्वती</u> पछिका <u>बाजपरीक्षा</u> (१७००), वाणिविलासज्योर्तिविदको <u>ज्वारोत्पत्ति चिकित्सा</u> (१७७३), प्रेमनिधि पन्तको <u>प्रायश्चितप्रदीप</u> (१७८०) दावानल शाहको <u>औषधरसायन</u> (१८००) आदि कृतिहरूले नेपाली भाषाको उठान र गद्यिक प्रयोगको ऐतिहासिक स्वरूपको निरूपण गरे ।[७७] यस्ता अभिलेखकालीन कृतिहरू स्वयंमा साहित्यिक गद्य त

---

[७५] चूडामणि बन्धु, <u>भाषाविज्ञान</u> (पाँचौ सं.), साझा प्रकाशन, सं. २०५३, पृ. १२२ ।

[७६] देवीप्रसाद गौतम, <u>नेपालीभाषा परिचय</u>, ललितपुर,: साझा प्रकाशन २०४९ पृ. ११५ ।

[७७] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १९ र २० ।

थिएनन् तर यिनीहरूले साहित्यिक सन्दर्भजोड्ने काम चाहि गरे ।[७८] साहित्यिक आभाषका प्रथमकृति रामशाह र पृथ्वीनारायण शाहका जीवनीहरू तथा दिव्योपदेश हुन् ।[७९] नेपाली साहित्यमा वि.सं. १८२७ को शक्तिबल्लभ अर्यालले अनुवाद गरेको महाभारतको विराटपर्वले नेपाली आख्यान र रचनामा पहिलो हुने सौभाग्य पाएको छ ।[८०] यस प्रकार नेपाली भाषाको प्रारम्भिक उठान र गद्य साहित्यको विकासको उचितपृष्ठभूमि तयार भएको हो । शक्तिबल्लभद्वारा संस्कृतबाट नेपालीमा अनुवाद गरिएको महाभारतको विराटपर्व पहिलो आख्यानात्मक कृति भएकोले त्यसैलाई आधार मानि हालसम्मको समयलाई केलाउदा कृष्णहरिबराल र नेत्र एटमका अनुसार नेपाली उपन्यासको कालविभाजन यसरी गरिएको छ[८१] :-

१) प्राथमिक काल वि.सं. १८२७ - १९४५

२) माध्यमिक काल वि.सं. १९४६-१९९०

३) आधुनिक काल वि.सं. १९९१ - हाल सम्म

### ३.२.१.१ प्राथमिक काल वि.सं. (१८२७ - १९४५)

पृथ्वीनारायण शाहले काठमाडौं विजय वि.सं. १८२५ गरेपछि दुइवर्ष पछि महाभारतको विराटपर्व लिएर देखा परेका शक्तिबल्लभ अर्यालले नै नेपाली साहित्यलाई आख्यानको क्षेत्रमा पदापर्ण गराए ।[८२] त्यसपछि वि.सं. १८५५ मा शक्तिबल्लभ अर्याल आफैले संस्कृतमा रचना गरेको आफ्नै कृतिको नेपाली अनुवाद, हास्यकदम्ब, वि.सं. १८३३ मा भानुदत्तले संस्कृत बाट अनुवाद गरेको कृति हिदोपदेश मित्रलाभ रामचन्द्र पाण्डेयको संस्कृतबाटै अनुदित कृति लक्ष्मीधर्मसंवाद १८५१, बेनामी लेखकको पिनासको कथा (१८७२) दशकुमारचरित (१८७५), स्वस्थानी व्रतकथा (१८८२), पूर्व, सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा (१८९०) र अध्यात्मरामायण (१८९६) जस्ता कृतिहरूले औपन्यासिक पृष्ठभूमिको विकासमा प्रसस्त योगदान दिए ।[८३] यी कृतिहरूको वर्णनमा

---

७८ पूर्ववत्, पृ. २० ।

७९ पूर्ववत् ।

८० पूर्ववत्, पृ. २२ ।

८१ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ७३ ।

८२ पूर्ववत् ।

८३ पूर्ववत् ।

उद्देश्यपूर्ण वक्रता र कुतूहलताको सिर्जना, गद्याख्यान शैलीमा सुधार तथा प्रसस्त वाग्धाराको प्रयोग जस्ता विविध सीप र शैलीको विकास गरे ।[८४] यस समयमा बहत्रसुगाको कथा (१९९३), वेताल पञ्चविंशति (१८९३) र देवराज शर्माको स्वस्थानी व्रतकथा (१९४२), कथात्मक कृतिहरू पनि देखा परे ।[८५] यस्ता कृतिहरूमा उपन्यास र कथा दुबैको बीज पाइन्छ । उपन्यासको पृष्ठभूमि निर्माणमा यिनीहरूको अत्यधिक महत्त्व देखिन्छ ।[८६]

वि.सं. १८२७ देखि १९४६ सम्मको अवधि नेपाली उपन्यास विकासको पृष्ठभूमिको समय हो । यस समयमा केवल कथात्मक साहित्यको जग बसाल्ने काम भएको पाइन्छ । मूलतः संस्कृत साहित्यबाट अनुवाद गरिएका यस समयका कृतिहरूमा खास गरी धार्मिक उपाख्यानहरू श्लोक कथाहरू नै मूल विषयवस्तु हुन् । यिनै कृतिहरूबाट प्रेरित र प्रोत्साहित हुदै नेपाली उपन्यास विद्याको विकास अगाडि बढको पाइन्छ ।

प्राथमिककालीन उपन्यासका कालगत प्रवृत्ति :-

क) मूलतः संस्कृतबाट नेपाली भाषामा अनूदित गरिनु,

ख) कृतिहरूको वर्णनमा उद्देश्यपूर्ण बक्रता र कुतूहलताको सिर्जना,

ग) विविध सीप र शैलीको साथै गद्याख्यानमा सुधार,

घ) धार्मिक उपाख्यान र लोककथाहरूलाई मूल विषयवस्तु बनाइनु,

ङ) उपन्यासको पृष्ठभूमि निर्माणमा जोडदिनु ।

उपर्युक्त बुँदाहरूले प्राथमिककालीन नेपाली उपन्यासका प्रमुख प्रवृत्तिलाई देखाउँछन् । विधागत स्वरूप निर्माण नभएपनि प्राथमिक कालमा नेपाली उपन्यासको पृष्ठभूमि निर्माण भएको पाइन्छ जसको श्रेय अविस्मरणीय छ ।

### ३.२.१.२ माध्यमिक काल (वि.सं. १९४६- १९९०)

नेपाली साहित्यको इतिहासलाई नियाल्दा प्राथमिक कालीन दशकुमारचरित (१८५७) र अध्यात्मरामायण (१८९६) बाट औपन्यासिक तङ्खवको गर्भाधान भएको हो भने त्यसको उत्कर्ष रूप शिवदत्त शर्माबाट अनूदित मानिएको वि.सं. १९४६ को

---

८४ पूर्ववत् ।

८५ पूर्ववत् ।

८६ पूर्ववत् ।

वीरसिक्का हो ।[८७] वीरसिक्कामा जासुसी र तिलस्मी तत्त्व तथा रोमान्स र आद्‌भुतिकता पाइन्छ ।[८८] वीरसिक्काको औपन्यासिक परम्परालाई अघिबढाउने चिरञ्जीवी पौडेलको प्रेमसागर (१९५०) तिर र सुखार्णव (१९५०) तथा नलदेवको नलोपाख्यान (१९५९) जस्ता औपन्यासिक कृतिहरू हुन् । यी सबै कृतिमा पाइने विशेषता वीरसिक्कामा नै पाइन्छन् । तसर्थ वीरसिक्का नेपाली उपन्यासको विकासमा देखापरेको महत्त्वपूर्ण उपलब्धि हो । यिनै कारणले यसै कृतिबाट नेपाली उपन्यासमा माध्यमिक कालको सुरुवात भएको मानिन्छ ।[८९] वीरसिक्का पछि यस समयमा हरिहर शर्माको शुकबहत्तरी (१९५०) अज्ञात लेखकको लालहीराको कथा (१९५०) विभिन्न लेखकहरूका मधुमालतीका कथा, नरदेव पाण्डेयको बीरबल चातुरी (१९५६) शम्भुप्रसाद ढुङ्ग्यालको हात्तीमताई (१९८१), गुलाबकाबली (१९८१), अबोला मैयाँको कथा (१९८२ तिर), तोतामैयाँको कथा (१९८४), सदाशिव शर्माको वीरबलको तुक (१९८२) तथा पद्मप्रसादको अचम्मको बच्चाको कथा जस्ता कथात्मक मनोरञ्जनात्मक र अलौकिक कृतिहरू देखा परे ।[९०] माध्यमिककालमा पनि वि.सं. १९८५ तिर आएर हिन्दी भाषाको तिलस्मी जासुसी ऐयारी उपन्यास बाट प्रभावित भएर नेपाली लेखकहरूले उपन्यासलेखनलाई अघि बढाए । यस क्रममा सबैभन्दा अग्रस्थान सदाशिवशर्मा र गिरीशवल्लभ जोशीले लिएका छन् ।[९१]

माध्यमिककालीन उपन्यासकारहरूमा सबैभन्दा श्रेष्ठ सदाशिव शर्मा मानिन्छन् । उनले वि.सं. १९५९ मा प्रकाशित गरेका 'महेन्द्र प्रभा' उपन्यास नेपाली भाषामा प्रकाशित पहिलो उपन्यास हो ।[९२] परिवेषको दृष्टिले कमजोर देखिए पनि घटनाको सङ्गठन, भाषिक शैली आदिमा निकै उत्कृष्ट मानिन्छ । शदाशिव शर्माका अन्य कृतिहरूमा देवकीनन्दन खत्रीको चन्द्रकान्ता सन्ततिको अनुवाद चन्द्रकान्त (१९५६)

---

८७ डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, नेपाली साहित्को संक्षिप्त इतिहास, (पाँचौ सं) ललितपुरः साझा प्रकाशन २०५६ पृ. १०० ।

८८ पूर्ववत् ।

८९ पूर्ववत् ।

९० कृष्णहरि बराल र नेत्र एटम् पूर्ववत् पृ.७७ ।

९१ पूर्ववत् ।

९२ पूर्ववत् ।

खत्रीकै नरेन्द्र मोहनीको अनुवाद नरेन्द्र मोहनी (१९५८) जस्ता औपन्यासिक कृतिहरू र वीरबलको कौतुक (१९८२), मधुमालतीको कथा (१९८३) जस्ता आख्यानात्मक कृतिहरूद्वारा शर्माले माध्यमिक काललाई सङ्ख्यात्मक तथा गुणात्मक दुबै रूपले सुधार गरे ।[९३] यस समयका अर्का उल्लेख्य प्रतिभा गिरिशवल्लभ जोशी हुन् । उनको वि.सं. १९५६ मा लेखिएको वीरचरित्र लेखनका दृष्टिले पहिलो र प्रकाशन (१९६०) का दृष्टिले दोस्रो मौलिक नेपाली औपन्यासिक कृति हो ।[९४] यस कृतिमा राणाकालीन नेपाली समाजलाई अप्रत्यक्ष रूपमा देखाइएको छ । तत्कालीन अत्याचारी शासकबाट नेपाली जनतामा थोपरिएको घोरअन्याय, अत्याचार र व्यभिचारको वर्णन छ । यहाँ एकातिर तत्कालीन समाजको यर्थाथ रूप देखाइएको छ भने अर्कोतिर तत्कालीन व्यवस्था प्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राखिएको छ । यिनले लेखेका अन्य औपन्यासिक कृतिहरूमा प्रारब्ध (१९६७) र बहादुर चरित्र (१९५७) हुन् । यसरी जोशीले नेपाली उपन्यासको उठानमा महत्त्वपूर्ण भूमिका दिएका छन् ।[९५]

माध्यमिक कालीन उपन्यासको विकासमा पत्र पत्रिकाले निकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसै क्रममा उपन्यासकै विकासको लागि प्रकाशित एस्.एस्. शर्माको १९५९ को उपन्यास तरङ्गिणी पहिलो मासिक पत्रिका हो ।[९६] यस मासिक पत्रिकामा धाराबाहिक रूपले उपन्यास प्रकाशित गरिने लक्ष्य राखिएको थियो । यस पत्रिकामा महेन्द्र प्रभाका अतिरिक्त लाक्षरंजित स्फटिक स्तम्भजस्ता उपन्यासहरू छापिएको पाइन्छ ।[९७] उपन्यासको प्रकाशनको सुरुवात उपन्यास तरिङ्गिणीले गरायो भने पत्रकारिताको उदयबाट नेपाली उपन्यासमा ऐतिहासिक मोड आयो ।[९८]

नेपालभित्र गोरखापत्रको प्रकाशनले उपन्यासको पृष्ठभूमि निर्माणमा निकै सघाउ पुऱ्यायो ।[९९] गोरखापत्रमा धारावाहिक रूपमा जादुगर (१९६४ देखि १९६५) र

---

९३ पूर्ववत् ।

९४ डा.दयाराम श्रेष्ठ र (प्रा.) मोहनराज शर्मा, पूर्ववत्, पृ. १०३ ।

९५ पूर्ववत् ।

९६ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ४४ ।

९७ पूर्ववत् ।

९८ डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, पूर्ववत्, पृ. १०२ ।

९९ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १०२ ।

नौलखाहरू (१९६७ देखि १९६८) जस्ता जासुसी उपन्यास प्रकाशित भए । सुन्दरी पत्रिकामा मधुबाला (१९६३) जस्ता उपन्यासहरू प्रकाशित भए ।[१००] त्यसै गरी गोरखापत्रमै वीरमालोजी भोसले (१९६७), नरदेव (१९६१) यमपञ्चक प्रपञ्च (१९६३) मायानाम्नी नदीका तीरको कयापु (१९००) कर्मको गीत नजानीसक्नु छ । (१९७१) विचित्रको जासुसी, भयङ्कर सुन (१९७१), शम्भु प्रसाद ढुङ्गेलको बरलाभ (१९७३) र प्रेमकान्ता (१९७६) जस्ता उपन्यासहरू प्रकाशित भए ।[१०१]

यसैगरी यस पत्रिकामा सदाशिवशर्माको सुन्दरी भूषण (१९६३) रामप्रसाद सत्यालको कलावती (१९६४) र रसिकको विलासिनी (१९६४) जस्ता उपन्यासहरू प्रकाशित भए ।[१०२] त्यस्तै गोर्खाली पत्रिकामा विज्ञान विलासको डा. सूर्यप्रसाद (१९७२) उपन्यास प्रकाशित भयो ।[१०३]

प्राथमिक कालीन नेपाली उपन्यासहरूको मूल उद्देश्य समाजमा नैतिक शिक्षा दिनु जनसाधरणलाई मनोरञ्जन दिनु तथा सुधार गर्नु नै रहेको पाइन्छ ।[१०४] विज्ञानविलासको डा. सूर्यप्रसाद नेपाली भाषाको पहिलो मौलिक जासुसी उपन्यास हो । यसमा घटना, चरित्र र कुतूहलताको राम्रो निर्वाह भएको छ ।[१०५] नेपाली औपन्यासिक विकास शृङ्खलामा द्वारिकानाथ उपाध्यायको यमपञ्चक प्रपञ्चक (१९६३) को पनि महत्त्वपूर्ण योगदान रहेको छ । यसले सामाजिक कुरीतिलाई हटाएर सुधारको अपेक्षा गरेको छ । तसर्थ यसले सामाजिकताको सूत्रपात गरेको छ ।[१०६] त्यस्तै विज्ञान विलासको महारानी प्रियम्बदा (१९७३) पहलमानसिंह स्वारको पद्मकुमारी (१९७४) वेदनाथ आचार्यको दयाकी भावी (१९७९), महानन्द सापकोटाको त्रिवेणी (१९८५), अम्बालिका देवीको राजपूतरमणी (१९८९) आदिसम्म आइपुग्दा समाजिकता फस्टाउँदै

---

१०० कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ४५ ।

१०१ डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, पूर्ववत्, पृ. १०२ ।

१०२ पूर्ववत्, पृ. १०३ ।

१०३ पूर्ववत्, पृ. १०४ ।

१०४ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ९४ ।

१०५ कृष्णहरि बराल र नेत्रएटम पूर्ववत्, पृ. ८० ।

१०६ पूर्ववत्, पृ. ८१ ।

कलात्मकताको समेत विकास भएको पाइन्छ ।[१०७] यसरी माध्यमिक कालीन समयमा विभिन्न विषय शैली र धारामा आधारित रहेर थुप्रै उपलब्धीहरू प्राप्त भए तापनि मूल रूपमा संस्कृत परम्पराबाट नैतिकता औपदेशिकता, आदर्शता तथा पश्चिम एशियाली आख्यान परम्पराबाट रोमाञ्सता जस्ता प्रवृत्तिहरू ग्रहण गरेको पाइन्छ ।[१०८] यस समयमा आफ्नै नेपाली वस्तुस्थितिको प्रेरणाबाट उपन्यासहरू उब्जेका थिएनन् । अनुवादको प्रधानता देखिनु युगचेतना अतिन्यून देखिनु औपन्यासिक संरचना शिथिल देखिनु घटना, पात्र र चरित्रमा काल्पनिकता तथा असम्भव अलौकिकता पाइनु आदि जस्ता सीमाहरू यसमा देखिन्छन् ।[१०९] यति हुँदाहुँदै पनि माध्यमिक कालमा नेपाली औपन्यासिक कृतिहरूले आख्यानको प्रसस्त विकासमात्र गराएनन्, आधुनिक नेपाली उपन्यासको प्रारूप निर्माणमा दह्रो आधारशीलाको निर्माणसमेत गराए ।

माध्यमिककालीन नेपाली उपन्यासका कालगत प्रवृत्तिहरू :-

क) जासुसी र तिलस्मी तथा रोमान्स र आद्भुतिकतालाई समावेश गरिएका कथावस्तुमा आधारित,

ख) गोरखापत्र लगायतका पत्रिकाहरू प्रकाशनले उपन्यासको पृष्ठभूमि निर्माणमा योगदान,

ग) उपन्यासले समाजसुधारको आग्रह,

घ) संस्कृत परम्पराबाट नीति उपदेश र आदर्शजस्ता तत्त्वको प्रवेश

ङ) आधुनिक नेपाली उपन्यासको प्रारूप निर्माणमा दह्रो आधारशिलाको निर्माण गर्नु ।

यिनै विशेषताका साथ अगाडि बढेको माध्यमिककालीन नेपाली उपन्यासले आधुनिकताको दर्शन गर्न धेरै वर्ष कुर्न परेन ।

### ३.२.१.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

नेपाली उपन्यासको आधुनिक काललाई मूलतः दुई चरणमा विभाजन गरेर अध्ययन गर्नु सान्दर्भिक ठहर्छ ।

#### ३.२.१.३.१ पहिलो चरण (वि.सं. १९९१)

परम्परादेखि चल्दै आएको यथार्थवादी अनुवाद रूपान्तरणको विरुद्ध मौलिक तथा विधागत सचेतनाको निर्वाह भएको यथार्थवादी कृतिको प्रकाशनबाट आधुनिकताको

---

१०७ पूर्ववत् ।

१०८ पूर्ववत्, पृ. ८६ ।

१०९ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ५४ ।

आरम्भ भएको मान्नुपर्छ ।[११०] यसैक्रममा वि.सं. १९९१ म रुद्रराज पाण्डेले अत्यन्त यथार्थ धरातलमा गरिएको सामाजिक चित्रणयुक्त उपन्यास 'रूपमती' लेखे । यो उपन्यास आदर्शवादी सामाजिकता र सुधारवादी मनोभावनाले युक्त छ । यस उपन्यासमा स्वाभाविक शैली र यथार्थ विषयवस्तु पाइन्छ भने विषयगत दृष्टिले गार्हस्थ जीवनलाई टिपेर परिवारिक वास्तविकतालाई देखाइएको यो उपन्यास मौलिक कृतिसमेत हो ।[१११] यिनै कारणले गर्दा रूपमती उपन्यासको प्रकाशनपछि नेपाली उपन्यासको क्षेत्रमा आधुनिक युगारम्भ भएको हो । रूपमती उपन्यासमा भएका सामाजिक यथार्थको चित्रण औपन्यासिक विधागत स्वरूपको स्थापना स्वाभाविकता र सभ्यताको खोजी मानवीय चरित्रको अध्ययन बोलचालको भाषा यथार्थ वातावरणको चित्रण र द्वन्द्वको प्रयोग जस्ता विशेषताहरूले नै यस उपन्यासलाई आधुनिक र द्वन्द्वको प्रयोग जस्ता आधुनिक विशेषताहरूले गर्दा यस उपन्यासलाई आधुनिक उपन्यास मान्न सकिन्छ । यसरी रूपमतीले आधुनिक युगको आमन्त्रण गर्नुका साथै आधुनिक कालसँगै नेपाली उपन्यासको क्षेत्रमा आदर्शोन्मुख यथार्थवादी धारा पनि भित्रियो ।

नेपाली उपन्यासको विकास रूपमती पछि अत्यन्त तीव्र गतिमा भएको पाइन्छ । आधुनिक युगमा आएर यस क्षेत्रमा विविध विषय प्रणाली वाद, विचार तथा प्रवृत्तिको व्यापक प्रयोग देखिन्छ । हाल उपन्यासका शैलीगत शिल्पगत नवीन प्रयोगहरू भएका छन् । यसैलाई आधार मानेर विभिन्न विद्वान्हरूले आधुनिक काललाई विभिन्न चरणहरूमा विभाजन गरेका छन् तर आधुनिक काल निरन्तर चलिरहरने काल हो यो कहिल्यै टुङ्गिएको छैन, त्यसैले विभिन्न चरणगत विभाजन गर्नु भन्दा यस क्षेत्रमा देखिएका विभिन्न वादहरूलाई क्रमशः अध्ययन गर्दै जानु धेरै बैज्ञानिक देखिन्छ । यसकालमा आएर कुनै समयमा कुनै बादको बाहुल्य देखिए पनि एउटै मात्र प्रवृत्तिको एकलौटी प्रभाव जमेको देखिँदैन् । सामाजिक दुर्गतिहरू, प्रचलित व्यवहारिक कुरीतिहरूका दुराचरणहरू र आदर्शको केन्द्रीयतामा चित्रण गरिने आदर्शोन्मुख यथार्थवादी धाराको थालनी नेपालमा रुद्रराज पाण्डेको रूपमती उपन्यासबाट भएको हो ।[११२] त्यसै गरी समाजमा घट्ने घटनाको जस्ताको तस्तै स्वरूप उपन्यासमा उतारेर सिर्जना गरिएका उपन्यासलाई सामाजिकयथार्थवादी उपन्यास भनिन्छ । कोरानीति र

११० कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ८६ र ८७ ।

१११ पूर्ववत् ।

११२ कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. ७७ ।

आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र वेलायतमा उन्नाईसौ शताब्दीमा चलेको स्वच्छन्दतावादी आन्दोलनले नवपरिष्कारवादी साहित्य लेखनका विरुद्धमा जन्मिएको अनि भावुकता र संवेगलाई प्रधानता दिएर नियमको कडा छेकवारलाई तोडी स्वतन्त्रताको वाटो अन्वेषण गर्छ । यसै वादमा रही जीवनबाट पलायनमा आनन्दित हुने धारा नै स्वच्छन्दतावादी धारा हो ।[११३] यस धाराको सुरुवात वि.सं. १९९३ मा रूपनारायण सिंहद्वारा लिखित भ्रमण उपन्यासबाट भएको हो ।[११४] पाश्चात्य यथार्थवादी प्रभावलाई नेपाली उपन्यासमा भित्र्याउने उपन्यासकार लैनसिंह वाङदेल हुन् । उनको वि.सं. २००४ सालको मुलुकबाहिर उपन्यास शिल्पका दृष्टिले कोशेढुङ्गो नै हो ।[११५] लैनसिंह वाङदेलकै उपन्यास मुलुकबाहिरले नेपाली उपन्यास साहित्यलाई सर्वप्रथम जीवनको यर्थाथ परिवेश दिई अर्को दिशा देखायो ।[११६] जीवनको वास्तविकतालाई अनुशरण गरी सुक्ष्म जीवानुभूतिलाई जस्ताको तस्तै देखाइदिनु यथार्थवाद हो । वाङ्देलका उपन्यासहरू वास्तविक नेपाली समाजको चित्रण पाइन्छ । यहाँ कल्पना र आदर्शको छनक हुँदैन ।[११७] उनका यसै धाराका अन्य उपन्यासहरूमा लङ्गडाको साथी (२००८) अतियथार्थवादको प्रयोग भएको उपन्यास हो । यसले छुट्टै धारा र प्रवृत्तिको प्रवर्तन गरेर आफ्नो भिन्न पहिचान कायम गरेको छ ।[११८] यस उपन्यासले सामाजिक यथार्थ र व्यक्तिको आन्तरिक यथार्थलाई खोतलेको छ । त्यस्तै उनको अर्को उपन्यास रेम्ब्रान्ट (२०२३) हो ।

ऐतिहासिककालको कुनै व्यक्ति विशेषलाई प्रमुख पात्रको रूपमा प्रतिस्थापित गरेर अथवा तत्कालीन वातावरणलाई स्थान दिएर स्वतन्त्र रूपमा लेखिएका उपन्यासलाई नै ऐतिहासिक उपन्यास भनिन्छ ।[११९] यस्ता उपन्यास ऐतिहासिक कालको यथार्थ सामाजिक परिस्थिति अथवा घटना र व्यक्ति विशेषलाई नै अङ्गीकार गरेको र समयको यथार्थ

---

११३ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ९५ ।

११४ पूर्ववत्, पृ. ९७ ।

११५ डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, पूर्ववत्, पृ. १०६ ।

११६ कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत् पृ. २३९ ।

११७ पूर्ववत् ।

११८ हिरामणि शर्मा पौडेल, समालोचनाको बाटोमा, इन्दिरा देवी शर्मा पौडेल, २०४१ पृ. ४३ ।

११९ कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. १२६ ।

जीवनधारामा समाहित भएको हुनुपर्छ ।[१२०] ऐतिहासिक परिप्रेक्षमा सङ्गतिपूर्ण सम्भावित सत्यलाई ऐतिहासिक यथार्थको रूपमा वर्णित तर्क र सम्भावना बाहिरको कुरानहुनु आदि जस्ता मुख्य विशेषता भएको हुनुपर्दछ ।[१२१]

कार्लमार्क्स र प्रेडरिख एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनामाआधारित भई साहित्यमा शोषित वर्गलाई प्रमुख स्थान दिइने धारा नै प्रगतिवादी धारा हो ।[१२२] यस धारामा द्वन्द्वात्मक भौतिकवादी विचारधारामा अङ्गालेर तिनका रीति सिद्धान्त अनुसार विश्लेषण व्याख्या र चित्रण गरिन्छ, तसर्थ यस धारालाई सामाजिक यथार्थवादी धारा पनि भनिन्छ ।[१२३] समाजको निन्दनीय प्रवृत्ति, दुराचार देखेर पनि समाजको निर्माण गर्ने आसा र मानवलाई शक्तिको रूपमा हेर्ने प्रवृत्ति लिएर प्रगतिवादी यथार्थलाई आत्मसात गरी सामाजिक यथार्थवादी उपन्यास लेखिन्छ ।[१२४]

मानवीय मनोदशाका विविध रूपहरू खासगरी यौनजन्य असामान्यता र मनका कुण्ठित अतृप्त तथा विक्षिप्त एवम् दमित स्थितिको विश्लेषण गरिएको धारा मनोविश्लेषणवादी धारा हो ।[१२५]

### ३.२.१.३.२ दोस्रो चरण (वि.सं. २०२१)

आधुनिक नेपाली उपन्यासको काल खण्डमा यथार्थवादी धाराको समानान्तर धारलाई नवसंरचनाको उपन्यास चरण भनिन्छ । इन्द्रबहादुर राईको आज रमिता छ ( २०२१) नामक उपन्यासबाट थलिएको यस चरण अझै उर्वर र क्रियाशील छ । यस नयाँ औपन्यासिक प्रवृत्तिलाई पारिजातको शिरीषको फूल (२०२२) ले झन् व्यापकता दिनुको साथै नेपाली उपन्यासमा आएको नयाँ मोडलाई स्पष्ट पारिदिय ।[१२६] आज रमिता छ उपन्यासलाई तेस्रो आयामको प्रयोगधर्मी नवीन संरचनाको उपन्यास भनिन्छ । यसले जीवनको वस्तुता र सम्पुर्णतालाई आत्मसात् गरेको छ र वस्तुसंयोजन जटिल

---

१२० पूर्ववत् ।

१२१ पूर्ववत् ।

१२२ कृष्णहरि बराल र नेत्र एट्म, पूर्ववत्, पृ. १५२ ।

१२३ कृष्णचन्द्र सिंह प्रधान पूर्ववत्, पृ. १५२ ।

१२४ वेलराम गौतम, ........................................................................................................ ।

१२५ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १३३ ।

१२६ ईश्वरीप्रसाद गैरे, आधुनिक नेपाली आख्यान सिद्धान्त र विश्लेषण, कीर्तिपुरः क्षितिज प्रकाशन, पृ. २४४ ।

प्रकृतिको छ । जीवनलाई भिन्न सन्दर्भ र बहुआयामिकक्रममा अर्थ्याइएको छ । उन्यासकार नकुल शिलवालको तेस्रो पाइला (२०४५) नामक उपन्यास पनि तेस्रो आयामको प्रयोगधर्मी उपन्यास हो ।[१२७] यो उपन्यास जीवनको सम्पूर्णताको परिभाषा हो । नव संरचनाका उपन्यास रचनाका क्रममा ध्रुवचन्द्र गौतमको नाम चर्चायोग्य रहेको छ । यिनको (२०२४) सालमा प्रकाशित 'अन्त्यपछि' कथानकहीन, पात्रहीन र घटनाहीन उपन्यास हो । यसले नेपाली उपन्यासलाई उपन्यासतर्फ डोऱ्याएको छ । ध्रुव चन्द्रकै डापी (२०३३) अलिखित (२०४०) निमित्तनायक (२०४३), स्वर्गीय हीरादेवीको खोज (२०४५), एकशहरमा एककोठा (२०४६) ले अन्त्यपछिको इतिहासलाई पछ्याएका छन् । अमूर्तता बिम्बात्मकता प्रतीकात्मकता साझा मानवीय मूल्यको खोजी गौतमका अउपन्यासको मुल प्राप्ती मानिन्छन् । गौतमकै उपसंहार अर्थात् चोथो अन्त्य (२०४८) निजात्मक औपचारिक प्रयोगधर्मी बौद्धिक उपन्यास हो ।

उपन्यासकार मञ्जुल राल्फाको छेकुडोल्मा (२०२६) नवसंरचनावादी उपन्यासकलाको अर्को उदाहरण हो । यो उपन्यासमा सामाजिकताबोधको तीव्रता पाइन्छ । यसै परम्परालाई गतिदिने उपन्यासकार ओकियामा ग्वाइनको सुनारवरी ( २०२६) भगवान शिवको मिथकीय प्रयोगमा आधारित प्रविधि उपन्यास मानिन्छ ।

उपन्यासकार पिटर जे कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे (२०३४) सप्तकोणीय ज्यामितीय सातदिने अवधिमा आधारित टेढो मेडो आकारको जीवनको प्रस्तुती हो । नवसंरचनाको उपन्यासपरम्पराका उपन्यासकार कविताराम श्रेष्ठको बकपत्र (२०४६) सिद्धान्त निरपेक्षता, अस्वीकृत मान्यता, पात्रहीनताजस्ता विशिष्ट प्राप्ति भएको उपन्यास हो ।

शून्यवादी दार्शनिकताको निजी चिन्तनमा आधारित सरुभक्त श्रेष्ठको पागलवस्ती (२०४८) पनि नवसंरचनावादी उपन्यासका वित्तामा पर्दछ । स्वैरकाल्पनिकता, बौद्धिकता, जादु आदिको अलौकिक वर्णन यसको उल्लेख्य पक्ष हो ।

पारिजातका शिरीषको फूल र महत्ताहीन (२०२५) ले जीवनको निस्सारता र अस्विकृतमुलक स्वर उद्घोष गरेको छन् । संरचनागत रूपमा परम्परित उपन्यास भए पनि नविन संयोजन कलाले नवसंरचनाको प्रतिनिधित्व गरेका छन् । पारिजातका यी उपन्यासले डार्विनद्वारा प्रतिपादित मानवीय अस्तित्ववादलाई आधार बनाएका छन् ।

---

१२७ पूर्ववत् ।

समग्रमा २०२१ पछिका प्रायः सबै उपन्यास अउपन्यास रहेका छन् । आन्तरिक संरचना जटिल छ । दोहोरो यथार्थको प्रयोग साझा मानवीय मूल्य खोजिएको छ । विसङ्गति, व्यर्थता, शुन्यता, बिम्बात्मकता र प्रतीकात्मकताले उपन्यासलाई बौद्धिक बनाइदिएको छ । काव्यकलाको प्रयोग गरिएको, सिद्धान्त निरपेक्षता अमूर्तता र नवकला नवसंरचनावादी उपन्यासका विशिष्ट पहिचान मानिन्छन् ।

### ३.२.१.४ आधुनिक नेपाली उपन्यासको यथार्थवादी युगका मुख्य धारा र प्रवृत्ति

वि.स. १९९१ मा रुद्रराज पाण्डेद्वारा लिखित रूपमती उपन्यास प्रकाशित भएपछिको समग्र नेपाली उपन्यासलाई विभिन्न धारामा विभक्त गरिएको छ । ती प्रमुख धारा उक्त धाराका विशिष्ट प्रवृत्ति र प्रमुख उपलब्धीहरू देखाउने प्रयास तलका शीर्षकहरूमा गरिएको छ :-

#### ३.२.१.४.१ आदर्शोन्मुख यथार्थवादी धारा

नेपाली उपन्यासमा आधुनिकताको प्रवेशसँगै यस धाराको जन्म भएको हो । यस धारा आदर्शवाद र यथार्थवाद दुबैको सम्मिश्रण हो । जीवन जस्तो छ त्यसको चित्रण यथार्थवाद हो भने जीवन जस्तो हुनुपर्छ त्यसको चित्रण गर्नु आदर्शवाद हो । यसरी समाजको यथार्थ जीवनको चित्रण गर्दै समाज सुधारको आदर्शवादी दृष्टिकोण प्रस्तुत गरिएका उपन्यासहरू यसकोटीमा पर्दछन् ।[१२८] यस धाराको प्रतिनिधित्व गर्दै लेखिएको पहिलो उपन्यास रुद्रराज पाण्डेको रुपमती १९९१ हो । यसै धारमा देखापरेका अन्य प्रतिभा र प्राप्तीहरू हुन्: रुद्रराज पाण्डेकै चप्पाकाजी (१९९३), प्रायश्चित (१९९५), प्रेम (२००७) विष्णुचरण श्रेष्ठको सुमती (१९९१), भिष्मप्रतिज्ञा (१९९२), काशीबहादुर श्रेष्ठको उषा (१९९२), बचन (२००१), भवानीभक्त सिंहको यौवनको आँधी (१९९६), पूर्णप्रसाद ब्राह्मणको एककथा (२०४३), रामप्रसाद तण्डुकारको भाग्यचक्र (२००१) आदि । यथास्थितिको समर्थन आदर्श स्थापनामा जोड, सत्य र नैतिका प्रति आकर्षण, समन्वयवादी चेताना, सांस्कृतिक र समाज सुधारको भावना, भोगमय जीवनको निस्सारता नारी आदर्शको चर्चाआदि यस धाराको प्रवृत्तिहरू हुन् ।

#### ३.२.१.४.२ स्वच्छन्दतावादी धारा

वि.सं. १९९३ मा भ्रमर उपन्यास प्रकाशित भएपछि नेपाली उपन्यासमा स्वच्छन्दतावादी धाराको प्रारम्भ हुन्छ । यस धाराका प्रारम्भकर्ता रूपनारायण सिंह हुन् । यस धाराले लेखकको कलालाई स्वच्छद र स्वतन्त्रपूर्ण तरिकाले प्रवाहित गर्न प्रेरित

---

१२८ पूर्ववत्, पृ. २३८ ।

गर्दछ । यसमा कुनै सीमाको याद राखिदैन । यस धाराका प्रमुख प्रतिभा र प्राप्तीहरू हुन्, रूपनारायण सिंहकै बिजुली (२००६), अच्छा राई रसिकको लगन (२०१२), दोभान (२०२१), लीलाध्वज थापाको मन (२०१५), शान्ति (२०१५), लक्ष्मीप्रसाद देवकोटाको चम्पा (२०२४), सुवास घिसिङको नीलो चोली (२०२२), शङ्कर कोइरालाको कलेज गर्ल (२०२५) बानिरा गिरीको कारागार (२०३४), शिवकुमार राईको डाँकबङ्गला (२०१३) आदि ।

सामाजिक पलायनता, प्रणय प्रसङ्ग, सामाजिक सीमाको अतिक्रमण, प्रबल प्रकृतिप्रेम, कल्पनाशीलता, यान्त्रिक जडताको विरोध, स्वतन्त्रताको समर्थन जस्ता प्रवृत्तिहरू यस धारामा पाइन्छन् ।

### ३.२.१.४.३ ऐतिहासिक यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यासको तेस्रो समानान्तर धारा हो । ऐतिहासिक यथार्थवादी औपन्यासिक धारा यसका प्रारम्भकर्ता हुन् टुकराज - पद्मराज मिश्र र उपन्यास रजवन्धकी (१९९६) हो । यस्ता उपन्यासहरूमा उपन्यासकारले ऐतिहासिक विषयवस्तुलाई उतार्ने प्रयास गरेका हुन्छन् । यस धाराका प्रमुख उपन्यासहरूमा रामकृष्ण कुँवर राणा (१९९९), रिडी र राँची (२०४८), रजबन्धकी (१९९६) उपन्यासहरू टुकराज पद्मराज मिश्रका हुन् भने अन्य उपन्यासहरूमा डायमनशम्सेर राणाका वसन्ती (२००६), सेतोबाघ (२०३०) प्रतिवद्ध (२०३४), सत्प्रयास (२०३८), अनिता (२०४३), भवानी भिक्षुको आगत (२०३२), मोदनाथ प्रश्रितको देशभक्त लक्ष्मीबाई (२०३२) विश्वेश्वरप्रसाद कोइरालाको हिटलर र यहुदी (२०४०) आदि पर्दछन् ।

इतिहासका विषयवस्तुलाई औपन्यासिक साहित्यिक मूल्यप्रदान गर्ने लेखकीय ध्येय, ऐतिहासिक अनुगमन गर्ने चाहना, ऐतिहासिक प्रसङ्गलाई वर्तमानमा उतार्ने रहर यस धाराका प्रमुख प्रवृत्ति हुन् ।

### ३.२.१.४.४ सामाजिक यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यसको अर्को महत्त्वपूर्ण धारा सामाजिक यथार्थवादी धारा हो । यस धाराको प्रवर्तन गर्ने श्रेय उपन्यासकार लैनसिंह वाङ्देललाई प्रदान गरिएको छ र उनको यस धाराको प्रथम उपन्यास मुलुकबाहिर (२००४) हो । यस धाराले मूलतः समाजमा घट्ने यथार्थ घट्नाहरूलाई औल्याउँदै तिनीहरूको तथ्यपूर्ण तरिकाले चित्रण गर्ने लक्ष्य लिएको हुन्छ । यस धाराका अन्य प्रतिभा र प्राप्तिहरूमा लैनसिंह वाङदेलकै माइतघर (२००६) मोहन बहादुर मल्लको अजेली छाया (२००८), मायारानी (२००९), पञ्चायत (२०१०) समयको हुरी (२०१५) लीलबहादुर क्षेत्रीको बसाइ (२००४)

ब्रह्मपुत्रको छेउछाउ (२०४२) लीलाध्वज थापाको मन (२०१५), शान्ति (२०१५), पूर्वस्मृति (२०१६) तथा पद्मावती सिंहको **समानान्तर आकाश** (२०६२) रहेका छन् ।

यस धाराका मुख्य प्रवृत्तिहरूमा समाजको यथार्थ चित्रण, सामाजिक विकास र विकृतिप्रति व्यङ्ग्य, चरित्रको माध्यमले सर्वाङ्गपूर्ण मानविकी अध्ययन आदि पर्दछन् ।

### ३.२.१.४.५ अतियथार्थवादी धारा

यस धाराको प्रारम्भबिन्दु वि.सं. २००८ मा प्रकाशित लैनसिंह वाङदेलको उपन्यास लङ्गडाको साथी हो । समयसमयमा बदलिरहने मानवमनका विशृङ्खल स्वप्निल भावतरङ्गहरूलाई अतियथार्थवादले अभिव्यञ्जित गर्न खोज्दछ । यस धाराका प्रवृत्तिहरूमा यथार्थको अतिक्रमण, यथार्थभन्दा परको मनोलोकको प्रवेश, सपनावृत्ति, मनोविज्ञानभन्दा परको काल्पनिक यथार्थसँग सामाजिक एवम् युगीन संस्कृति र विकृतिको मिश्रण, अवचेतनका सुषुप्त भावना झङकार इच्छाको वर्णन आदि पर्दछन् ।

### ३.२.१.४.६ आलोचनात्मक यथार्थवादी धारा/प्रगतिवादी/नवआदर्शवादी धारा

हृदयचन्द्रसिंह प्रधान यस धाराका प्रथम उपन्यासकार हुन् । उनको उपन्यास स्वास्नी मान्छे (२०११), एकचिहान (२०१३) यस धाराका विशिष्ट प्राप्ती मानिन्छन् । यस बाहेक परिजातको वैसको मान्छे र अनिदो पहाडसँगै (२०३९), डी.पी. अधिकारीको धरती बोल्दैछ (२०२७) मोदनाथ प्रश्रितको चोर (२०४४) आदि यस धाराका उल्लेख्य प्रतिभा र प्राप्ति हुन् ।

समाजको माथिल्लो वर्ग प्रति घृणा तल्लो वर्गप्रति सहानुभूति र विश्वबन्धुत्त्वको समर्थन, वर्गद्वन्द्वप्रति आस्था, आमूल परिवर्तनको समर्थन, सामाजिक आर्थिक बौद्धिक कुनै पनि शोषणको निषेध आदि यस धाराका विशिष्ट प्रवृत्ति हुन् ।

### ३.२.१.४.७ मनोवैज्ञानिक यथार्थवादी धारा

गोविन्दबहादुर मल्ल गोठाले यस धाराका प्रथम उपन्यासकार मानिन्छन् । यस धाराको पहिलो उपन्यास हो पल्लोघरको झ्याल (२०१६), उनकै अनुधारधा (२०१८) र कुमारी शोभा (२०३९), भवानी भिक्षुको सुभद्रा बज्यै (२०१९), विश्वेश्वरप्रसाद कोइरालाको तीनघुम्ती (२०२५), नरेन्द्र दाइ (२०२७), सुम्निमा (२०२७), बाबुआमा र छोरा (२०४५) यस धाराका उल्लेख्य कृतिकार र कृतिहरू मानिन्छन् ।

मान्छेका अन्तर्मनको मनोवैज्ञानिक विश्लेषण चेतन अचेतन, अर्धचेतन मनको अध्ययन, उच्चता र हीनताभास एवम् ग्रन्थीको अध्ययन, यौन अपराध, बहुलापन र पशुता वृत्तिको अध्ययन, आत्मरति, आत्मपीडा, अहम् आदि वृत्तिको अध्ययन, इलेक्ट्रा

तथा इडिपस ग्रन्थीको अध्ययन, समाज र संस्कृतिसापेक्ष मनोविज्ञानको अध्ययन आदि यस धाराका विशिष्ट प्रवृत्ति मानिन्छन् ।

### ३.२.१.४.८ पौराणिक यथार्थवादी धारा

नेपाली उपन्यासकारिताको यथार्थवादी युगमा पौराणिक यथार्थवादी धाराको समानान्तर महत्त्व रहेको छ । यस धाराका प्रारम्भकर्ताका रूपमा विश्वेश्वरप्रसाद कोइरालालाई मानिन्छन् र उनको यसै धारामा आधारित प्रथम उपन्यास मोदीआइन (२०३६) हो । यस धाराको सर्वोच्च प्राप्तीको रूपमा मदनमणि दीक्षितको माधवी (२०३९) र दौलतविक्रम विष्टको ज्योतिज्योति महाज्योति (२०४५) मानिन्छन् ।

पुराण एवम् पुराकथाको किंवदन्तिको चर्चा पौराणिक सापेक्षतामा आज र आजको सापेक्षतामा पौराणिक समाज र संस्कृतिको चित्रण मानव संस्कृति, सामाजिकता आदिको पौराणिक अनुगमन पौराणिक विषयवस्तुलाई आजको सन्दर्भमा उपस्थित गराउने मूल चाहना समाजशास्त्रीय अध्ययनप्रतिको रुचि पौराणिक यथार्थवादी धाराका प्रवृत्ति मानिन्छन् ।

## ३.३ उपन्यासकार पद्मावती सिंहको समानान्तर आकाश उपन्यासको परिचय विश्लेषण र मूल्याङ्कन

उपन्यासकार पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यास वि.सं. २०६२ सालमा साझा प्रकाशन, पुलचोक, ललितपुरबाट प्रकाशित भएको हो । यो उपन्यासकार पद्मावती सिंहको प्रथम र एकमात्र औपन्यासिक कृति हो । यसै उपन्यासलाई वि.सं. २०६३ सालमा साझा पुरस्कार प्रदान गरिएको थियो । वि.सं. २०६६ सालबाट स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली अर्न्तगत यस उपन्यासलाई समावेश गरिएको छ । यसभन्दा अगाडि उपन्यासकार सिंहका केही उत्कृष्ट कथात्मक कृतिहरू प्रकाशित भैसकेको छन् । कथालेखनीको परिपक्वतासँगै उनले उपन्यास विधामा चालेको कदमले सफलताको शिखर चुम्न सकेको कुरा प्रमाणित हुन जान्छ ।

### ३.३.१ समानान्तर आकाश उपन्यासको संरचना

कुनै पनि अङ्ग वा अवयवहरूद्वारा निर्मितवस्तुको अनिवार्य रूपमा संरचना हुन्छ । उपन्यासको पनि वृहत् अवयवहरूद्वारा सङ्कलित भएकाले यसको निर्माण पनि वृहत् घटकहरूबाट बनेको हुन्छ । संरचना कुनै वस्तुको परस्पर सम्बन्धको समग्रता हो ।[१२९] रोलावार्थ भन्छन् "प्याजमा पत्रै पत्रको संरचना भएजस्तै कृति पनि पत्रै पत्र हो र

[१२९] मोहनराज शर्मा, शैलीविज्ञान काठ. : ने.रा.प्र.प्र. २०४८, पृ. ३३ ।

त्यसमा केन्द्रबिन्दुसम्म नै कथ्यअर्थको कुनै गुदी नभै संरचनात्मक रूपकै बहुस्तरीय सङ्घन मात्रै हुन्छ ।"[१३०]

कृति संरचना तहको घटकहरू अनुच्छेद, दृश्य, अङ्क, परिच्छेद, सर्ग, खण्ड, भाग आदिको वाक्यात्मक शृङ्खलालाई सङ्कथनको उत्तरोत्तर वृहद् श्रेणीक्रमण आबद्ध गरी पाठ्यकृतिको साहित्यिक संरचनालाई बुनोट प्रदान गर्दछ ।[१३१] यस्तो भित्री तथा बाहिरी बनौट तथा बुनौटको समग्रस्वरूप **समानान्तर आकाश** उपन्यास हो । आयामको दृष्टिले हेर्दा यो मध्यम आयामयुक्त उपन्यास हो । यस उपन्यासमा परिच्छेद, खण्ड वा भाग भनेर तोकिएको छैन । उपन्यासमा जम्माजम्मी एकसय उनासी (१७९) पृष्ठहरूमा संरचित छ । विषय प्रसङ्ग परिर्वतसँगै अङ्कहरू क्रमशः दिइएको छ । यसरी हेर्दा यो उपन्यास बाईस अङ्कमा विभक्त रहेको छ । संरचनात्मक रुवबाट यस उपन्यासलाई विभिन्न शीर्षकहरूमा वर्गीकरण गरी विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.३.२ समानान्तर आकाश उपन्यासको आन्तरिक संरचना

संरचना भनेको बनौट हो । कुनै पनि कथावस्तुमा चरित्र देश, काल वातावरण, द्वन्द्व, भाव, विचार, घटना आदिको संयोजन हुन्छ । यिनै उपकरणहरू नै आन्तरिक संरचक हनु । कृतिको अन्तर्तहको निर्माणमा पत्रैपत्रको रूपमा तहतह मिलेर समग्रतालाई प्रस्तुत गर्ने सहयोगीकोमा आन्तरिक संरचना शृङ्खलित हुन्छ । यस उपन्यासमा पूर्वापरकम र कार्यकारण शृङ्खला खासै खजमजिएको पाइँदैन । वर्तमान नेपाली समाज पुरुषप्रधान रहेको र त्यसबाट विचलित नभई त्यही समाजका नारीहरू पनि समान गतिमा अघि बढ्नुपर्छ र यसरी अघिबढ्दा केही बाधाव्यवधानहरू आइपरे पनि अन्त्यमा नारीहरू पनि पुरुष जस्तै मानिस भएर बाँच्न सकिन्छ भन्ने कुरालाई शृङ्खलावद्ध रूपमा देखाइएको छ । साथै यसमा अन्वितित्रलाई पनि पालना गरिएको छ ।

### ३.३.३ समानान्तर आकाश उपन्यासको कथावस्तु

प्रस्तुत **समानान्तर आकाश** उपन्यासको कथा वस्तु नेपाली पुरुषप्रधान समाज जहाँ पुरुषले महिलाहरूलाई अक्षम सावित गर्न खोज्ने प्रवृत्ति र समयको क्रमसँगै नारीहरूमा आएको शैक्षिक जागरणको लहरले नारी पनि पुरुष समान बन्न सक्दछन् र यस्तो अवस्थामा पुरुषले नारीलाई बाधा उत्पन्न गराए पनि त्यसको कडा विरोध गर्दै

---

१३० वासुदेवत्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २), ललितपुर, साझा प्रकाशन, पृ. ५२१ ।

१३१ पूर्ववत् पृ. ५२० ।

अगाडि बढेमा समानताको बिन्दुसम्म पुग्न सकिन्छ भन्ने कुरा कथावस्तुका रूपमा रहेको छ ।

### ३.३.३.१ कथावस्तुको स्रोत

संस्कृत साहित्यको नाट्यविधामा कथावस्तुका तीनवटा स्रोत मानिएका छन् । प्रख्यात, उत्पाद्य र मिश्रित ।[१३२] प्रख्यात कथावस्तु इतिहास, पुराण र दन्त्यकथा आदिमा आधारित हुन्छन् । उत्पाद्य चाहि नाटकारको बिशुद्ध मौलिक कल्पनामा केन्द्रित हुन्छ मिश्रित भने प्रख्यात र उत्पाद्यको सम्मिश्रण हो । ग्रीसका नाट्याचार्य एरिष्टोटलले पनि इतिहास-पुराण र लोकमा प्रचलित दन्त्यकथाहरूलाई नाट्यवस्तुका मूल स्रोतकारूपमा चर्चा गरेका छन् ।[१३३] यसबाट के जानकारी हुन्छ भने प्राचीन पूर्वीय र पाश्चात्य दुबै मान्यतामा खासै भिन्नता छैन तर पनि उक्त प्राचीन मान्यताहरू आजको सन्दर्भमा अपूर्ण देखिन्छन् । आजको युगमा बदलिँदो ऐतिहासिक र पौराणिक विषयलाई समेत समसामयिक युगको सन्दर्भमा आख्यानात्मक कृतिहरू रचना गर्ने प्रवृत्ति बढेको छ । आजका उपन्यासमा प्रयोग हुने स्रोतहरू सामान्यतया पाँच किसिमका छन् ।[१३४] इतिहासमा घटित यथार्थ घटनाहरूलाई स्रष्टाले आफ्नो निरीक्षण क्षमताको आधारमा ग्रहण गरेर निर्माण गरेको कथानक यथार्थमूलक अनुभव हो । अतिकाल्पनिक एवम् प्रचलित पौराणिक सन्दर्भ लोककथा दन्त्यकथा आदिको संस्कार प्राप्त तथा मानवीय जीवन र सन्दर्भसँग जोडेर व्याख्या गरिने प्रतिकात्मक रूपमा कथानक मिथकीय हुन् । जीवनका आशा एवम् निराशा, कुण्ठा, वितृष्णायुक्त क्षण, पलायन आदिजस्ता भावात्मक पक्षबाट ग्रहण गरिएको रागात्मक सौन्दर्ययुक्त कथानक हो भने मानवीय कल्पनाको आधारमा सामान्य जीवनमा असम्भवलाग्ने एवम् अतितार्किक अनुभव हुने घटनाहरूद्वारा तयार पारिएको कथावस्तु स्वैरकाल्पनिक हुन्छ ।

प्रस्तुत **समानान्तर आकाश** उपन्यासको कथावस्तु सामाजिक स्रोतको छ । समाजमा घटित यथार्थ घटनाहरूलाई उपन्यासकारले स्वमूल्याङ्कन क्षमताको आधारमा ग्रहण गरेकी छिन् । समसामयिक परिप्रेक्षमा नेपाली समाजमा विद्यमान लैङ्गिक असमानतालाई विषयवस्तुका रूपमा निरूपण गरिएको छ । समाज र समयसँग मिल्ने

---

१३२ हिमांशु थामा पूर्ववत् पृ. ६७ ।

१३३ पूर्ववत् ।

१३४ कृष्णहरि बराल र नेत्रएटम, पूर्ववत् पृ. २४ ।

खालको कथानकलाई उपर्युक्त पात्रहरूले नियमितता प्रदान गर्दै सामाजिक समस्याको समाधान पहिल्याउन प्रेरित गरिएको उपन्यास सामाजिक यथार्थवादी मानिन्छ ।

### ३.३.३.२ कथावस्तुको ढाँचा

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्म घटनावलीहरूको संयोजन अवस्था नै कथानकको ढाँचा हो ।[१३५] उपन्यासकारहरूले आफ्नो रुचि प्रभावकारिता तथा कौशलको प्रदर्शन गरी विभिन्न ढाँचामा कथानकको निर्माण गर्छन् । यस्ता ढाँचाहरू मूलतः रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् । रैखिकढाँचामा कथानकका अङ्गहरूलाई क्रमबद्ध गरी सीधा अगाडि वढाइन्छ र त्यस्तो रेखाको रूपमा आदि, मध्य र अन्त्यलाई जोडिन्छ । वृत्ताकारीय कथानकका अङ्गलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिको माध्यमबाट राखिन्छ । यसो गर्दा क्रमबद्धतामा विचलन आउँछ भने कथानक भुमरीझैं घुमेको अवस्थामा प्रकट हुन्छ ।

**समानान्तर आकाश** उपन्यासमा कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ, तसर्थ यसको कथावस्तुलाई रेखीय शैलीको कथावस्तु भन्नुपर्छ । यस उपन्यासमा छोटा-छोटा उपकथाहरू पनि बीचमा आएका छन् । यी उपकथाहरूले कथावस्तुलाई केही जटिल बनाएका छन् । यसका साथै **समानान्तर आकाश** बिम्ब प्रतीक र अलङ्कारको समुचित संयोजन गरिएको उपन्यास हो । यसमा आदि, मध्य र अन्त्यले युक्त कथावस्तुको प्रयोग भएको छ । यस उपन्यासका प्रायः सबै पात्रहरूको आ-आफ्नो आन्तरिक मर्म रहेको पाइन्छ । यिनीहरूको चारित्रिक, नैतिक तथा अन्य अवस्थाको साथै धरातलसमेत समान रहेको पाइन्छ । उपन्यासमा प्रकृतिको चित्रण उपर्युक्त मात्रामा पाइन्छ । भाव र विचार दुबै पक्ष उपन्यासमा बाहुल्य रहेको छ । कथावस्तु विश्लेषण र वर्णनयुक्त रहेको छ । यिनै कारणले गर्दा कथावस्तु अत्यधिक सरल पनि नभएर ठिक्कको रहेको पाइन्छ ।

### ३.३.३.३ कथावस्तुको विकासक्रम

प्रसिद्ध जर्मनेली समालोचक गुस्ताव फ्लुवर्ट फ्रट्यागले 'टेक्निक अफ दि ड्रामा' नामक पुस्तकमा आख्यानात्मक कृतिको विकासको रूप निर्धारण गरेका छन् । यसलाई फ्रेट्यागको सूचीस्तम्भ (फ्रेट्यागको पिरामिड) भनिन्छ ।[१३६] उपन्यासमा कथावस्तुको विकासलाई चित्रको रूपमा तलतिर फूकेको माथितिर साँघुरो हुँदै जाने कोन आकारको

---

१३५ पूर्ववत् ।

१३६ पूर्ववत् पृ. २६ ।

हुने यसलाई फ्रेट्यागको सूचीस्तम्भ मानिएको हो । उनले सूचीस्तम्भको आकारमा कथानकको विकासका निम्न लिखित पाँच अवस्था देखाएका छन्[१३७] :-

**क) आरम्भ**

आख्यानात्मक कृतिमा आरम्भको अवस्थामा पात्रको परिचय र तिनले सामना गर्नुपर्ने परिस्थिति या समस्याको बारेमा जानकारी दिइन्छ ।

**ख) सङ्घर्ष - विकास**

कुनै पनि समस्या परिस्थितिका कारण द्वन्द्व र क्रियाहरूको सुत्र विकास हुने स्थिति सङ्घर्ष विकास हो । यहाँ प्रथम सङ्कटावस्थाको समेत सिर्जना हुने हुनाले त्यसले कथानकलाई बढाएर कौतुहलताको समेत सिर्जना गर्छ ।

**ग) चरण**

यस चरणमा प्रथम सङ्कटावस्थाको कारण थुप्रै सङ्कटावस्थाको जन्म हुन जान्छ । यसले कथानलाई एउटा नयाँ मोड दिदै पात्रहरूलाई गम्भीर महत्त्पूर्ण र निर्णायक रूप प्रदान गर्छ । कथानकमा परिवर्तनको स्थिति ल्याएर चरम अवस्थाले पाठकको मानसिकतामा आन्दोलन मच्याइदिन्छ ।

**घ) सङ्घर्षह्रास**

यस चरणमा कथानकमा परिवर्तन र सङ्घर्षको कमी हुँदै जान्छ र अनेकौ घटनाहरू तथा उपकथाहरू एउटै मालामा बुनिइसकेको हुन्छन् । द्वन्द्व र क्रियाको शृङ्खला लगभग शिथिल भैसकेको हुन्छ ।

**ङ) उपसंहार**

यस अवस्थामा पात्रहरूको सङ्घर्ष टुङ्गिएर फलप्राप्ति भइसकेको हुन्छ । आरम्भको समस्याले समाधान पाई कथानक टुङ्गिन्छ ।


आदि, मध्य र अन्त्यको समुचित विन्यस नै कथानकको आङ्गिक विकास हो । त्यसैले आदि, मध्य र अन्त्यको अवस्थाबाट विकसित रहेको कथानक नै आङ्गिक दृष्टिले पूर्ण हुन्छ । कृष्णहरि बराल र नेत्र एटमले यसका चरणलाई यसरी देखाएका छन् :-[१३८]

---

१३७ पूर्ववत् ।

१३८ पूर्ववत् ।

**कथानकका अङ्गहरू**




### ३.३.३.४ समानान्तर आकाश उपन्यासको कथानक विकासक्रम

प्रस्तुत **समानान्तर आकाश** उपन्यासको कथानाक विकासक्रमलाई तलको तालिकाबाट प्रस्ट पारिएको छ :-

**१. कथानक विकासक्रम तालिका**

| कथावस्तुको आङ्गिक विकासक्रम | फ्रेट्यागका अनुसार कथानकको विकासक्रम | **समानान्तर आकाश** उपन्यासबाट प्राप्त तथ्याङ्कहरू |
|---|---|---|
| १. आदिभाग परिच्छेद १,२,३ र ४ सुस्मिता, स्विटी र कृष्णमाया आफ्ना श्रीमान्‌बाट पीडित भएर स्वतन्त्रताको खोजी तर्फ लम्किनु | अ. चिनारी | क. परिच्छेद १ मा म पात्र (सुस्मितां) पतिसँग सम्बन्ध त्याग गरी छोरा छोरी माइतमा छोडेर विकट पहाडी भागमा जागिरको लागि पुग्नु र त्यहाँको प्राकृतिक सुन्दरता देखेर रमाउदै गाउँलेहरूसँग परिचित हुनु ।<br>ख. परिच्छेद २ मा सुस्मिता र स्विटीको संवादमा स्विटीको बाध्यता र विवशता झल्किनु ।<br>ग. परिच्छेद ३ मा कृष्णमायाको लोग्नेले दिएको यातनाले सिर्जित शारीरिक शिथिलताको चित्रण ।<br>घ. चन्द्रप्रकाशको कुलतबाट उसको परिवारमा परेको प्रभावलाई कारुणिक रूपमा देखाउनु । |
| २. माध्यभाग परिच्छेद पाँचदेखि एघारसम्मका (५-११) विभिन्न प्रसङ्गहरू | आ. सङ्घर्ष विकास प्रथम सङ्कटावस्था | क. सुस्मिता र स्विटीद्वारा फिल्ड भ्रमणको क्रममा मातृशिशु मृत्युको बारेमा गम्भीर चिन्ता प्रकट गर्नु ।<br>ख. उपन्यासकी मुखपात्र सुस्मिता र लोग्नेबीचको बेमेलबाट छोराछोरीमा परेको बालमनोवैज्ञानिक चोटको व्यूहल हुँदै सुस्मिताद्वारा निरीक्षण गर्नु ।<br>ग. कृष्णमायालाई शारीरिकर मानसिक यातना दिने कप्तान बूढो सुध्रिएर आज गाउँले बीचको झगडा लाई दार्शनिक |

| | | |
|---|---|---|
| | | कुरामार्फत्क सुल्झाउन सक्षम हुनु । <br>घ. सुस्मिताको प्राजेक्टरको मिडट्रमइभ्यालुएसन गर्न उनको क्याम्पसको सहपाठी प्रभात गैरी गाउँमा आउनु दुबैको भेटघाट हुनु र सुस्मितालाई अतीतको सम्झनाले पिरल्नु । <br>ङ. सुस्मिताले प्रभातसँग बूढीगण्डकी तीरको एकान्तमा बसेर मनको पीडा पोख्नु र प्रभातले उसलाई सहयोग गर्ने प्रतिबद्धतासहित सम्झाउनु । <br>च. गरिबीका कारण परिवार छोडेर भारी बोक्न हिड्नुपर्दा भरियाको मनमा उब्जेको पीडाको चित्रण, सुस्मिताको प्रभात प्रतिको अव्यक्त लगाव यसलाई मेटाउन गीत रचना गर्नु । <br>छ. स्विटी स्वयंले प्राकृतिक रूपमा महिला भएकाले भोग्नु परेको पराधीनताको पराकाष्ठालाई प्रस्तुत गर्दै दुबैले नारी हुनुको भावले मातृत्वलाई उच्चता प्रदान गर्ने सन्देश प्रकट गर्नु । |
| परिच्छेद १२,१३,१४, १५, १६, १७ र १८ सम्म | इ. अन्य सङ्कटावस्था चरम | क. ग्रीष्म ऋतुको विदाइ र वर्षा ऋतुको आगमन, <br>ख. स्विटीले शारीरिक अवस्थताको बारेमा सुस्मितासँग भन्नु र उसलाई राम्रो डक्टरसँग जचाउन सुस्मिताले सल्लाह दिनु । <br>ग. स्विटी काठमाडौं गएर सुस्मिताकहाँ बस्नु, प्रभातको सहयोगमा उपचार गरी फर्कदा सुस्मितालाई प्रभातले स्विटीमार्फत् पस्मिनाको ओढने उपहार पठाउनु । <br>घ. प्रोजेक्ट कार्यको सन्दर्भमा सुस्मिता काठमाडौं आउनु, आफ्नो घरमा एक्लो नैराश्यपन बोध हुनु, अविनाशसँग बिताएको समय सम्झिनु र अन्त्यमा ममतामयी आमाकहाँ जानु । <br>ङ. अन्तर्राष्ट्रिय विवाह र लिभइन टुगेदरको पसङ्गसँगै सुस्मिताकी भतिजी अर्पणा र अमेरिकी नागरिक रबिन्सनबीच विवाहको पक्का हुनु । <br>च. सुस्मिता अफिस जाने क्रममा प्रशासकीय अधिकृत अशोक प्रधान मार्फत् पदोन्नतिको खवर पाउनु र अब आधा |

| | | |
|---|---|---|
| | | समय काठमाडौंमै बस्न पाउने निश्चित हुनु ।<br>छ. सुस्मिताको पदमा नियुक्त भई नम्रता उनीसँगै गैरी गाउँ जानु, स्विटीसँग परिचय गर्नु र नम्रता सिंगापुर तालिममा जाँदा अब्राहमसँग भएको आत्मिक सम्बन्धको बारेमा बताउनु ।<br>ज. केही समय त्याहाँ बसेर सुस्मिता काठमाडौं फर्किनु ।<br>झ. सुस्मिताको प्रमोसन भएकोमा उनले असल मूल्याङ्कनको लागि प्रभातलाई आभार प्रकट गर्नु ।<br>ञ. आस्था र आकाशलाई सम्झिँदै अविनाशको विषयलाई लिएर सुस्मिताले आँशु बगाउनु ।<br>ट. सुस्मिताको प्रपोजलप्रति हरिहर थापा र देवी प्रसादले पुरुष मानसिकताको अहम् ओकेल्दै नारीहरूप्रति विरोधाभाष प्रकट गर्नु, जसले गर्दा योग्य महिलाहरूले पनि पुरुषहरूको समानान्तर उच्च पदमा काम गर्दा धेरै बाधा व्यवधान सहनुपर्ने स्थिति प्रकट हुनु ।<br>ठ. सुस्मिता आस्था र आकाशको साथमा साँझको खाना खान होटेल जाँदा आस्थाकै कारण आकाशको एक जना केटासँग झन्डै झगडा पर्नु । यसै क्रममा उनले छोरीलाई यौवनावस्थाको बारेमा विविध कुराहरू सम्झाउनु ।<br>ड. प्रभात विदेशबाट फर्किदा सुस्मिता एयरपोर्टमा लिन गई आफ्नो घरमा लग्नु ।<br>ढ. आस्थाको तेक्वान्डो सिक्ने विचार व्यक्त,<br>ण. सुस्मिताको घरमा शाश्वत र स्विटीको आगमन केही समयको बसाइ, यसै क्रममा सुस्मितालाई मातृशोक पर्नु र उनमा सांसारिक मोहलाई त्यागेर निस्सारता बोध हुनु ।<br>ढ. आस्थाको तेक्वान्डो सिक्ने विचार व्यक्त हुनु,<br>ण. सुस्मिताको घरमा शाश्वत र स्विटीको आगमन केही समयको बसाइ यसै क्रममा सुस्मितालाई मातृशोक पर्नु र उनमा साँसारिक मोहलाई त्यागेर निस्सारता बोध हुनु।<br>ट. आस्था प्रभातको स्पोन्सरमा अमेरिका र आकाश स्कलर |

| | | |
|---|---|---|
| | | सिपमा फिलिपिन्सतर्फ उच्चशिक्षाको लागि जानु । |
| ३. अन्त्य<br>यो भाग परिच्छेद १९ देखि २२ सम्म रहेको छ । | ई. सङ्घर्षह्रास | क. सुस्मिताले छोराछोरीको विवाहको बारेमा कल्पना गर्नु र छोरीहरू आफ्नो जन्मघर छोडेर जानुपर्ने व्यवस्थाप्रति मानसिक गुनासो व्यक्त गर्नु ।<br>ख. मेघगर्जनसहित वर्षा ऋतुमा प्रकिृतिले देखाउने भयावह स्थितिको चित्रण ।<br>ग. सुस्मिताले प्रभातलाई स्मरण गर्दै आफ्नो भविष्यप्रति शङ्का-उपशङ्का गर्नु ।<br>घ. सुस्मिता रेस्टुरेन्टमा साँझ खाना खान जाँदा शङ्करप्रसादसँग परिचय र लैङ्गिक समानताको बारेमा चर्चा गर्नु ।<br>ङ. सुस्मिताकी बालसखा स्वेच्छा भारतबाट काठमाडौं आउनु, उनको निमन्त्रणामा सुस्मिताकै घरमा रहनु, स्वेच्छा श्रीमान्को कारण निःसन्तान हुनु र सबै सहमतिमा टेस्टट्युब बेबी जन्माउने निर्णयगर्नु ।<br>च. देशको राजनीतिक गतिबिधिप्रति चिन्ता प्रकट गर्दै विद्यारूपी धनलाई प्राथमिकता दिनु ।<br>छ. पाश्चात्य संस्कृतिअनुरूप सुस्मिताको वर्थ डे मनाउन खोज्दा छोराछोरीलाई सम्झाएर परम्परागत रूपमा मनाएको स्मरण गर्नु ।<br>ज. विदेशी नागरिक लिन्डा प्रोजेक्ट मूल्याङ्कनको लागि सुस्मिताको अफिसमा आउनु र फिल्ड जाने इच्छा व्यक्त गर्नु । सुस्मिता लिन्डालाई लिएर गैरीगाउँ गई प्रोजेक्टले गरेका कार्यक्रम अवलोकन गराउनु त्यहाँका कार्यक्रमले लिन्डालाई सन्तोष प्रदान गर्नु । सुस्मिताको पुराना इष्ट-मित्रसँग भेटघाटपछि काठमाडौं फर्किनु । |
| | उ. उपसंहार | क. जुलियालाई लिएर आकाशको आगमन, पन्ध्र दिनको बसाइपछि जुलिया स्वदेशफिर्ता, आकाशको बिहे हुनु छोरा जन्मिनु, साथै सपरिवार अष्ट्रलियातर्फ जानु ।<br>ख. देशको प्रतिभापलायन एक मात्र पुत्र पनि श्रीमती र |

| | | |
|---|---|---|
| | | छोरालाई लिएर विदेशिएपछि सुस्मितालाई एकान्तको महसुस हुनु ।<br>ग. स्विटी सुस्मिताकहाँ आउनु, नागरिकता पाउन गाह्रो भई शाश्वतले मामाको धर्मपुत्र बनी नागरिकता पाउनु र पढ्न विदेश जानु सुस्मिता र स्विटीले नेपाली नारीहरूले सरकारी तवरबाट पाउने व्यवहार प्रति विरोधााष व्यक्त गर्नु ।<br>घ. सुनसान साँझको बेलामा अचानक सुस्मिताको ढोकाको घण्टी बज्नु । हतारहतार सुस्मिताले ढोका खोल्दा चिने जस्तो लाग्ने दुब्लो, कपाल फुलेको, निराश देखिने पुरुष ढोकाको अगाडि ठिङ्ग उभिँदै आफू अविनाश भएको परिचय दिनु, सुस्मिताको हातमा स्पर्श गर्नखोज्नु, सुस्मिताले सारा मानवीय संवेदनाहरू भन्दा उच्चतामा पुगेर त्यो मानिसको लागि ढोका ढप्क्याएर बाहिरै फकाईदिनु र जीवनमा ठूलो विजय भएको अनुभूति गर्नु ।<br>ङ. प्रभातसँग जीवन बिताउन अमेरीका गई लामो प्रतीक्षाको अन्त्य र नयाँ जीवनको सुरुवात गर्ने सुखपूर्ण विचारसँगै चैनको निन्द्रमा पर्नु । |

दिइएको तालिकामा प्रयुक्त १, २, र ३ अङ्कहरूले कथावस्तुको आङ्गिकता आदि मध्य र अन्त्यभागलाई जनाउदछन् । त्यसै गरी अ, आ, इ, ई, र उ स्वरवर्णहरूले फ्रेट्यागको अनुसार कथावस्तुको विकासक्रम जस्तै चिनारी, सङ्घर्षविकास चरम सङ्घर्षह्रास र उपसंहारलाई प्रस्ट्याएका छन् । प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा आङ्गिक विकासको आदि भाग परिच्छेद १,२,३ र ४ लाई मान्नु उपर्युक्त ठहर्छ ।

### ३.३.३.५ कथावस्तु विवरण कलाको विवेचना

यस भागमा म पात्रको आफ्नो खुट्टामा आफै उभिनुपर्छ र श्रीमान्ले छोडेर गएपनि छोरा छोरीलाई सक्षम नागरिक बनाउनु पर्छ भन्ने दायित्वबोधले गर्दा बालक छोराछोरीलाई आमाको जिम्मा लगाएर जागिर खान गैरीगाउँ पुगेकी छिन् । त्यहाँको रमणीय वातावरणमा आफ्ना सबै शारीरिक मानसिक पीडाहरू बिर्सेर बस्न व्यवस्था गरिएको घरको अर्को कोठामा बस्ने महिला स्विटीसँग उनको प्रथम परिचय हुन्छ । स्विटीसँको वसाइपछि के थाहा भयो भने उनीपनि नारी भएकै कारण कुनै पुरुषको

बलत्कारको सिकार बनेकी रहिछिन् । त्यसकै प्रतिफल स्वरूप जन्मेको शाश्वत कुमारी आमाको पुत्र रहेछ । यही छोरालाई सक्षम र दक्ष जनशक्ति बनाउने सपना स्विटीको रहेछ । त्यस्तै उपन्यासकी अर्को पात्र छिन कृष्णमाया यिनले पनि रातदिन पतिको गाली र कुटाइ सहँदै बिताउनु परेको छ । यसरी नारी हुनुकै अभिप्रायबाट झेल्नु परेको बाधा र मर्काहरूलाई समेटेर परिच्छेद १,२,३,४ का घटनाहरूले कथावस्तुको चिनारीको लागि उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

दिइएको तालिकाको चिनारीपश्चात प्रमुख नारी पात्रहरूले मातृत्वलाई उच्चता प्रदान गर्नको लागि झेल्नु परेका समस्याहरूले परिच्छेद ५ देखि ११ सम्म सङ्घर्ष विकासका चरणलाई देखाएका छन् ।

प्रथम सङ्कटावस्था 'क' मा स्विटी र सुस्मिता फिल्डभ्रमण गएको वेला त्यहाँ देखा परेको मातृशिशु मृत्यु दरका बारेमा गम्भीर मनन गर्नु तथ्याङ्क 'ख' मा उपन्यासकी प्रमुखपात्र सुस्मिताकी नाबालिका छोरीलाई उनको पतिसँगको सम्बन्ध विच्छेदले मानसिक असर पार्नु । तथ्याङ्क गमा कप्तान बूढोले आफूमालिक बनेर कृष्णमायालाई कुटपिट गर्नु, तथ्याङ्क 'घ' मा सुस्मिताको सहपाठी प्रभात आफ्नो मिडटर्म इभ्यालुएसन गर्न आइपुग्दा उनलाई अतीतको कुरा स्मरण भई पीडा पैदा गर्नु । तथ्याङ्क 'ङ' मा सुस्मिता प्रभातसँग फिल्ड जानेक्रममा बुढीगण्डकीको एकान्तमा बसेर मनको बह पोखेकी छिन् । तथ्याङ्क 'च' मा भरियाले आफ्ना बालबालिका र गर्भवती श्रीमतीलाई छोडेर भारी बोक्न कैयौँ दिन हिँड्नुपर्ने गरिबीको पराकाष्ठालाई स्विटी ले सुस्मितासामु प्रकट गर्नु । कुराकानीकै प्रसङ्गमा एउटी नारी कदापि पुरुषको गुडिया भएर रहन सक्दिन, ऊ मातृत्वलाई उच्चता प्रदान गर्न जुनसुकै समस्याको पनि समाधान गर्न पछि पर्दिन भन्ने कुरा प्रकट भएको छ । यी सबै प्रसङ्गले सङ्कटावस्थालाई देखाएको छ ।

उपर्युक्त तालिकाको प्रथम सङ्कटावस्थापछि अन्य सङ्कटावस्था अथवा कथावस्तुको चरमोत्कर्षावस्था देखा पर्छ । यसमा तथ्याङ्क 'क' मा ऋतुपरिवर्तन जहाँ ग्रीष्मको ताप र ज्वार पछि वर्षाको मेघगर्जन तथा खहरे भेलको आगमन भएको छ । तथ्याङ्क 'ख' मा स्विटीको शारीरिक अवस्थाको प्रतिबिम्बलाई प्रस्तुत गरिएको छ । त्यस्तै तथ्याङ्क 'ग' मा स्विटी काठमाडौं गई सुस्मिताको घरमा बसेर प्रभातको सहयोगमा उपचार गराउनु र फर्किदा प्रभातको तर्फबाट सुस्मितालाई पस्मिनको ओढ्ने ल्याइदिइन् । यो पाएर सुस्मिताको मनमा अनेक कुराहरू खेल्नु । तथ्याङ्क 'घ' मा सुस्मिता जागिरको सन्दर्भमा काठमाडौं आफ्नो घरमा जानु त्यहाँ एक्लो र नैराश्यबोध भई अविनाशसँगका दिनहरू सम्झिएर दुःखी हुँदै आमाकहाँ पुग्नु । तथ्याङ्क 'ङ' मा सुस्मिताकी भतिजी अर्पणाको

लिभइन टुगेदर पछि आर्न्तराष्ट्रिय विवाहको प्रसङ्ग आउनु । तथ्याङ्क 'च' मा सुस्मिताको पदोन्नति भई पचास प्रतिशत काठमाडौंमा बस्ने व्यवस्था हुनु । तथ्याङ्क 'छ' मा सुस्मिताले नम्रतालाई लिएर गैरीगाउँ पुग्नु र नम्रताले निःसङ्कोच अब्राहमसँगको सब्नधलाई विस्तृत गर्नु । तथ्याङ्क 'ज' मा प्रभात प्रति सुस्मिताले आभार प्रकट गरिन् । यसको कारण उनको प्रमोसन प्रभातको असल मूल्याङ्कनको प्रतिफल थियो । तथ्याङ्क 'झ' मा आस्था र आकाशको बारेमा चिन्तित हुँदै अविनाशलाई सम्झिएर सुस्मिताद्वारा आँशु झार्नु तथ्याङ्क 'ञ' मा सुस्मिताको प्रपोजलप्रति हरिहर थापा र देवी प्रसादले विरोधाभाष प्रकट गरेका छन् । यसबाट नारीहरू जतियोग्य भएपनि पुरुष सरह उच्च पदमा रहेर काम गरेको देखि नसहने र तल्लो दर्जाका नागरिक सरह व्यवहार नारीले सहनु पर्ने सत्यताको प्रकटीकरण हुनु । तथ्याङ्क 'ट' मा छोराछोरीलाई लिएर रेस्टुरेन्टमा जाँदा सुस्मिताकी छोरी आस्थाको कारण आकाश र एक जना केटाबीच झन्डै झगडा परेको थियो । तथ्याङ्क 'ठ' मा विदेशबाट फर्किएको प्रभातलाई सुस्मिताले एयरपोर्टबाट आफ्नो घरमा ल्याएकी थिइन् । तथ्याङ्क 'ड' मा पुरषहरूको अनैतिक हेराइबाट बच्न आस्थाले तेक्वान्दो सिक्ने राय आमासमक्ष प्रकट गरिन् । तथ्याङ्क 'ढ' मा स्विटी सुस्मितासँगै रहेको बेला सुस्मितालाई मातृशोक पऱ्यो । तथ्याङ्क 'ण' मा आस्था प्रभातको स्पोन्सरमा अमेरिका र आकाश स्कलरसिपमा उच्चशिक्षाको लागि फिलिपिन्स गए । सुस्मितालाई एकान्तले पिरोल्यो । यसरी उपर्युक्त 'क' देखि 'ण' सम्मका तथ्याङ्कहरूले उपन्यासको अन्यसङ्कटावस्था वा चरमबिन्दुलाई देखाएका छन् ।

माथिको तालिकाको अन्त्यखण्ड परिच्छेद उन्नाईसदेखि बाईस सम्मले सङ्घर्षह्रासको अवस्थालाई देखाएका छन् । जसअनुसा तथ्याङ्क 'क' मा सुस्मिताले आफ्नो छोरा-छोरीको बिहेको बारेमा सोचविचार गर्नुले कथावस्तु अब सङ्घर्षको ह्रास हुने क्रममा झरेको देखिन्छ । तथ्याङ्क 'ख' मा ऋतुपरिवर्तन र वर्षाऋतुको भयावह स्थितिलाई लिइएको छ । तथ्याङ्क 'ग' मा सुस्मिाताले प्रभातको स्मरणसँगै भविष्यप्रति शङ्का-उपशङ्का गरेकी छिन् । तथ्याङ्क 'घ' मा एकान्तलाई छल्न सुस्मिता रेष्टुरेन्टमा खाना खान गएको र त्यहाँ शङ्करप्रसादसँग परिचय भई लैङ्गिक समानताको बारेमा चर्चा गरेका देखाइएको छ । तथ्याङ्क 'ङ' मा सुस्मिताकी साथी स्वेच्छा भारतीय लोग्नेलाई साथमा लिएर काठमाडौं आएकी र सुस्मिताको निमन्त्रणामा उनकै घरमा बसेकी छिन् । स्वेच्छा पतिको कारण निःसन्तान छिन । पतिले टेस्ट्युब बेबी जन्माउन अनुमति दिदैनन् धेरै समयको वार्तालाप पछि उनी टेस्टट्युब बेबीको बारेमा सहमतिमा पुग्छन्, जसबाट स्वेच्छाले आफ्नो मातृत्वलाई उचाइमा पुऱ्याउन सफल भएको महसुस गर्छे । तथ्याङ्क

'च' मा देशको राजनीतिक अवस्थाले विकासमा सिर्जेको गतिरोधको चर्चा गर्दै विद्याधनलाई प्रद्यानता दिइएको छ । तथ्याङ्क 'छ' मा सुस्मिताले अन्तिम पटक छोराछोरीको साथमा जन्मोत्सव मनाएको स्मरण गर्नु र आज परेको जन्मदिन उनका लागि निरर्थक रहेको गुनासो गर्नु । तथ्याङ्क 'ज' मा विदेशी नागरिक लिन्डाले प्रोजेक्टको कार्यप्रति सन्तुष्ट रहेको विचार व्यक्त गर्नु र यसको लागि उनी सुस्मिताको साथ गौरी गाउँ गएकी थिइन् । अन्तिम पटक सुस्मिता गैरी गाउँका जनतासँग भेट हुँदै स्विटी, कृष्णमाया लगायत अन्य इष्टमित्रसँग बिदा भएर काठमाडौं फर्किनु । सुस्मिता र स्विटीले नयाँ संस्था खोलेमा विदेशी प्रोजेक्टसँग आबद्ध गराइदिने प्रतिबद्धता लिन्डाले व्यक्त गर्नु । लिन्डा स्वेदश फर्किनु ।

उपर्युक्त तालिकाको अन्त्य भागमा फ्रेट्यागको कथानक विकासक्रमको पिरामिड सूचिस्तम्भमा अन्तिम परिणति अथवा उपसंहार रहेको छ । यहाँ तथ्याङ्क 'क' देखि 'ग' सम्मले प्रमुख पात्र सुस्मिताका छोराछोरीको अध्ययन समाप्ती र वैदेशिक रोजगार प्राप्ती तथा छोरीको आजीवन अविवाहित रहने चाहना तथा छोराको बिहे गरी पुत्र प्राप्ती भएको देखाइएको छ । त्यस्तै देशको प्रतिभा पलायनप्रति पनि चासो देखाइएको छ । तथ्याङ्क 'घ' र 'ङ' ले नारीलाई भोगविलासको साधन मात्र ठान्ने मानवताहीन पुरुषहरूको नाङ्गो चरित्रलाई प्रस्ट पारेको छ । अविनाश जस्ता व्यक्ति जो उमेर छइञ्जेल भोग विलासमा मस्त, मानवीय संवेदनाको कदर गर्न सक्दैनन् । स्वास्नी छोराछोरीलाई गर्नु पर्ने कर्तव्यप्रति आँखा चिम्लिन्छ । मरणासन्न अवस्थामा पुगेपछि सम्बन्ध त्याग गरेकी स्वास्नीको खोजी गर्दै ढोकामा घण्टी बजाउन आइपुग्छ । यस अवस्थामा सुस्मिताद्वारा उसलाई ठाडै निषेध गरी ढोका ढप्कयाएर सधै आफूलाई सहयोगको हात फैलाउने र मनपरेको साथी प्रभातसँग बाँकी जीवन बिताउने प्रतिबद्धता व्यक्त हुन्छ । यसबाट नारीहरूको स्वावलम्बी र साहसिक कदमको स्वागत गर्दै कथानकको अन्त्यलाई देखाइएको छ । यहाँ नारी सोचको विजयलाई देखाउँदै नारीलाई सम्मान गरिएको छ ।

उपर्युक्त तालिका सङ्ख्या १ को विश्लेषणबाट **समानान्तर आकाश** उपन्यासको कथा वस्तुबारे निम्न लिखित प्रमुख बुँदाहरू सारांशको रूपमा पाउन सकिन्छ :-

क) यस उपन्यासमा कथावस्तु छरिएर रहे पनि मुख्य कथानक चाहि सुरुबाट अन्त्यसम्म तन्किएको छ । नारीहरूको जीवनमा घट्ने यथार्थ घटनाहरूलाई मुख्य विषय बनाइएको छ ।

ख)	यसउपन्यासको कथावस्तु 'म' पात्रले भोगेका र सम्झेका कुराहरूमा केन्द्रित रहेको छ, यसमा कथावस्तु शृङ्खलित रूपमा सुरुबाट अन्त्यसम्म नपुगेर स-साना प्रसङ्गहरू बीचमा देखिएर बीचबाटै हराएका छन् ।

ग)	उपन्यासभित्र समेटिएका घटना र विषयवस्तुहरू शृङ्खलित नभएपनि मुख्य कथावस्तुलाई आदि, मध्य र अन्त्यको क्रममा उनिएको छ ।

घ)	फ्रेट्यागको पिरामिड अनुसार कथानकलाई शास्त्रीय एवम् परम्परागत नियममा देखाउने प्रयास गरिएको छ ।

ङ)	उपन्यासमा कथावस्तुको ढाँचा केही खज्मजिएको हुँदा आवश्यकता अनुसार संशोधन गरी आफ्नै ढाँचामा सूचीस्तम्भ देखाइएको छ ।

### ३.३.४ समानान्तर आकाश उपन्यासमा प्रयुक्त पात्रहरू

उपन्यासमा पात्र वा चरित्रलाई अत्यावश्यक त**त्त्व**को रूपमा लिइन्छ । पात्रविनाको उपन्यास बन्न सक्दैन । जीवन र समाजमा यथार्थ रूपमा पाइने व्यक्तिलाई मूलपात्र मानेर त्यसै आधारमा उपन्यासकारले आफ्नो कल्पना वृद्धि र विवेकद्वारा थपघट गरी सृष्टि गरेको औपन्यासिक व्यक्ति नै उपन्यासको चरित्र हो ।[१३९]

### ३.३.४.१ पात्र वा चरित्र वर्गीकरणका आधारहरू

उपन्यासमा प्रयुक्त पात्र/चरित्रहरूबीच एक अर्कामा केकस्ता विशेषताहरू लिएर देखापरेका छन् भन्ने कुरा तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ । घटनाको कलात्मक अस्तित्त्वमा औपचारिक वस्तुको रचना हुन्छ । घटना वा वस्तुरचनाका आधारको रूपमा उपन्यासका पात्रहरूलाई मानिन्छ । पात्रको अभावमा स्वाभाविकता र रोचकता प्रदान गर्न सकिँदैन । कृतिमा कृतिकारले प्रमुख सहायक वा गौण रूपमा नै भए पनि चरित्रचित्रण तत्त्वको उपयोग नगरी नहुने भएकाले आख्यानात्मक रचना पात्ररहित हुनै सक्दैन । यस सन्दर्भमा पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्यावरणको आधारभित्र व्यवस्थित भएको व्यक्ति हो । उपन्यासको कथावस्तुलाई गति दिन विभिन्न पात्रहरू आएका हुन्छन् । यसरी जीवनको शाश्वत् चित्र उतार्ने तथा उपन्यासको अभिन्न अङ्गका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरूलाई शैलीवैज्ञानिकहरूले निम्न आधारमा वर्गीकरण गर्ने गरेको पाइन्छ ।[१४०]

---

१३९	ईश्वरीप्रसाद गैरे, पूर्ववत्, पृ. २०१ ।

१४०	पूर्ववत् ।

**क. लिङ्ग**

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुदा यसका आधारमा पात्रहरूलाई स्त्रीलिङ्ग र पुलिङ्ग गरी दुई वर्गका हुन्छन् । यदी पात्रहरू मानवेतर भएमा सोही अनुसार वर्गीकरण गरिन्छ ।

**ख. कार्य**

कार्यका आधारभा पनि पात्रहरूको वर्गीकरण गरिन्छ । यस आधारमा पात्रहरू प्रमुख सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । उपन्यासमा सबै पात्रले समान महत्त्व राखेका हुँदैनन् । सामान्यतः जुन पात्र आदिदेखि अन्त्यसम्मका सबै कार्यहरूमा पुनरावृत्ति भएर देखापर्छन् त्यही नाम वा सर्वनामको पात्र नै प्रमुख हुन्छ । त्यसपछि दोस्रोमा आउने  नाम वा सर्वनाम सहायक पात्र र अन्य चाहि गौण पात्र हुन्छन् । उपन्यासमा गौण पात्रले सुनमा सुगन्ध प्रदान गर्छ, यद्यपि त्यसलाई हटाउँदा पनि उपन्यासमा बेहोरी नसक्नु क्षति हुँदैन ।[१४१]

**ग) प्रवृत्ति**

उपन्यासमा प्रयुक्त पात्रहरू सकरात्मक तथा नकरात्मक भाव, विचार र चरित्रका हुन्छन् । तिनै पात्रहरूमा हुने प्रवृत्तिका आधारमा पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**घ) स्वभाव**

उपन्यासका पात्रहरू समय र परिस्थिति अनुरूप परिवर्तन हुने र नहुने स्वभावका हुन्छन् । यस आधारमा पात्रहरू गतिशील अर्थात् गोलो र स्थिर अर्थात् च्याप्टो गरी दुई प्रकारका हुन्छन् ।

**ङ) जीवन चेतना**

उपन्यासमा पात्रहरूले कस्तो भूमिका निर्वाह गरेका छन् वा समग्र समाजको प्रतिनिधित्व गरेका छन् । त्यस आधारमा पात्रलाई व्यक्तिगत र सामाजिक गरी वर्गीकरण गरिन्छ ।

---

१४१ मोहनराज शर्मा, पूर्ववत् ।

**च)** **आसन्नता**

उपन्यासमा प्रयुक्त पात्रले गर्ने कार्यका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् । प्रत्यक्ष कार्य गर्ने पात्र मञ्चीय र अप्रत्क्ष कार्य गर्ने पात्र वा परोक्ष कार्य गर्ने पात्र अमञ्चीय वा नेपथ्यीय हुन्छन् ।

**छ)** **आबद्धता**

यस आधारमा पात्रहरू मुक्र र बद्ध गरी दुई किसिमका छन् । जसमा मुक्त पात्रलाई उपन्यासबाट झिकिदिँदा पनि कथावस्तुमा असर पर्दैन भने बद्ध पात्रलाई झिक्दा कथावस्तुमा असर पर्छ ।

### ३.३.४.२ पात्रहरूको वर्गीकरण

प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा प्रयुक्त पात्रहरूलाई तलको वर्गीकरण तालिकाबाट स्पष्ट पारिएको छ :-

**२. पात्रवर्गीकरण तालिका**

| क्र. स. | आधार पत्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | प्रतिवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | व्यक्तिगत | वर्गगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | सुस्मिता (म) | + | - | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| २ | अविनाश | - | + | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| ३ | प्रभात | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| ४ | कृष्णमाया | + | - | - | + | - | - | - | + | - | + | - | - | + | + | - |
| ५ | कप्तान बूढा | - | + | - | + | - | - | + | + | - | + | - | - | + | + | - |
| ६ | स्विटी | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ७ | आस्था | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ८ | आकाश | - | + | - | - | + | + | - | + | - | - | + | + | - | - | + |
| ९ | शाश्वत | - | + | - | - | + | + | - | + | - | - | + | + | - | - | + |
| १० | चन्द्रप्रकाश | - | + | - | - | + | - | + | + | - | + | - | - | - | + | + |
| ११ | आमा | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १२ | सानी | + | - | - | - | + | + | - | + | - | - | + | + | - | - | + |
| १३ | सन्तबहादुर | - | + | - | - | + | - | + | + | - | + | - | + | - | - | + |
| १४ | कमला | + | - | - | - | + | + | - | + | - | + | - | + | - | - | + |
| १५ | सेतै फूलेका बूढा | - | + | - | - | + | - | + | - | + | - | - | + | - | - | - |
| १६ | युवकहरू | - | + | - | - | + | - | + | + | - | - | + | + | - | - | + |

सङ्केत : (**+**) चिन्हले हो र (**–**) चिन्हले होइन भन्ने जनाउँछ ।

### ३.३.४.३ पात्रवर्गीकरण तालिकाबारे टिप्पणी

**समानान्तर आकाश** एउटै मात्र पात्रका मानसिक धरातलबाट सिर्जित धेरै पात्रहरूको प्रयोग गरी लेखिएको उपन्यास हो । यहाँ उपन्यासकार सिंहले विभिन्न प्रकृतिका मानवीय पात्रहरू स्थापना गरी उपन्यासको सिर्जना गरेकी छिन् ।

यस उपन्यासमा भूमिकाको दृष्टिले म पात्र वा सुस्मिता प्रमुख पात्रका रूपमा रहेकी छिन् । उनी स्त्री, मानवीय, अनुकूल, स्थिर, वर्गगत, मञ्चीय र बद्ध पात्रको रूपमा उभिएर उपन्यास आदि देखि अन्त्यसम्म बगेको छ । त्यस्तै अविनाश र प्रभात उपन्यासका प्रमुख पात्रहरू हुन् । स्विटी उपन्यासकी मानवीय स्त्रीलिङ्ग, प्रतिकूल, स्थिर, वर्गगत, मञ्चीय, सहायक र बद्ध पात्र हुन् । अविनाश र प्रभात दुबै पुरुष पात्र हुन् । अविनाश प्रतिकूल र गतिशील पात्र हो भने प्रभात अनुकूल र स्थिर पात्र हो । यी दुबै मञ्चीय र बद्ध पात्रको रूपमा उपन्यासमा उपस्थित भएका छन् । कप्तानबूढा पुरुष, प्रतिकूल गतिशील वर्गगत, नेपथ्य तथा बद्ध पात्र हो भने कृष्णमाया स्त्री, अनुकूल, स्थिर, वर्गगत, पञ्चीय र बद्ध पात्र हो ।

उपर्युक्त प्रमुख र सहायक पात्रहरूबाहेक उपन्यासमा थुप्रै गौण पात्रहरू रहेका छन् । यसमा शाश्वत, आस्था, आकाश, आमा, सानी, सन्तबहादुर गुरुङ्ग, कमला, चन्द्रप्रकाश आदि हुन् । यीमध्ये आस्था, आमा सानी र कमला स्त्री पात्र हुन् भने अन्य सबै पुरुष पात्र हुन् । यी सबै मानवीय पात्र हुन् । यीमध्ये शाश्वत अनुकूल, गतिशील, वर्गगत, नेपथ्य र मुक्त पात्र हो । आस्था प्रतिकूल, स्थिर, व्यक्तिगत, मञ्चीय र बद्ध पाह हो । आकाश अनुकूल, गतिशील, वर्गगत, मञ्चीय र बद्ध पात्र हो । आमा र सानी अनुकूल गतिशील, वर्गगत र मुक्त तथा नेपथ्य पात्र हुन । सन्तबहादुर गुरुङ्ग र चन्द्रप्रकाश दुबै प्रतिकूल, गतिशील, व्यक्तिगत, नेपथ्य र मुक्त पात्र हुन । त्यस्तै सेतै फूलेका बूढा, युवकहरू चियापसल्नी, स्थानीय कर्मचारी, चन्द्रप्रकाशकी आमा तथा श्रीमती, हितैषी, आवासीय प्रतिनिधि अधबैंसे बटुवा, कप्तान बूढा, खडानन्द मास्टर, रविन शर्मा, बूढी आमै, प्रतिमा जस्ता पात्रहरू पनि गौण पात्र नै हुन् । यिनीहरू सबै मानवीय पात्र हुन् । यसमा सेतै फूलेका बूढा युवकहरू स्थानीय कर्मचारी, आवासीय प्रतिनिधी अधबैंसे बटुवा खडानन्द मास्टर र रविन शर्मा पुरुष पात्रहरू हुन् । यी मध्ये सेतै फूलेको बूढा र युवकहरू तथा खडानन्द मास्टर प्रतिकूल प्रवृत्तिका पात्रहरूहुन भने अरू सबै पात्र अनुकूल छन् । रविनशर्मा स्थिर स्वभावका छन् । त्यसै गरी सेतै फूलेका बूढा पनि स्थिर स्वभावका देखिन्छन् भने अन्य सबै पात्र स्वभावका आधारमा गतिशील देखिन्छन् । सेतै फूलेका बूढा र युवकहरू व्यक्तिगत जीवन चेतना अङ्गालेका पात्र हुन्

भने अरू सबै वर्गगत रहेका छन् । स्थानीय कर्मचारी आवासीय प्रतिनिधि, खडानन्द मास्टर मञ्चीय पात्र हुन् भने अन्य सबै नेपथ्य पात्रहरू हुन् । त्यसैगरी सबै पात्रहरूले मुक्त पात्रको रूपमा कार्य गरेको पाइन्छ । उपन्यासमा आएका चियापसल्नी, चन्द्रप्रकाशकी आमा तथा श्रमिती, हितैषी बूढीआमै र प्रतिमा स्त्री पात्र हुन् । यीमध्ये चियापसल्नी प्रतिकूल पात्र हुन भने अन्य सबै अनुकूल पात्र हुन् ।

दाजु, अर्पणा, भाउजू, फूपु, नोकर्नी, पार्वती बज्यै, हुलाकी, खलासी, नम्रता अब्राहम, देवी प्रसाद, हरिहर थापा, पूजा, सीता, स्वेच्छा, सरदार, बुबा चन्द्रमान दाइ रोपाहार लिन्डा, स्वस्तिका भरियाहरू, अर्की आईमाई बूढी, अफिसका कर्मचारी, जुलिया आदि सबै गौण तथा मानवीय पात्रहरू हुन् । यिनमा दाजु, हुलाकी, अब्राहम, देवी प्रसाद, हरिहरथापा, बुबा, चन्द्रमान दाइ भरियाहरू र अफिसका कर्मचारीहरू पुरुष पात्र हुन् भने अन्य सबै नारी पात्र हुन् । प्रवृत्तिका आधारमा नम्रता खलासी, सरदार र अर्की आइमाई प्रतिकूल छन् भने अन्य सबै अनुकूल रहेका छन् । स्वभावका आधारमा हुलाकी, नम्रता, देवी प्रसाद, स्वेच्छा, सरदार, रोपाहार र अर्की आइमाई स्थिर छन् भने अन्य सबै गतिशील छन् । जीवन चेतनाको आधारमा हेर्दा अर्पणा हुलाकी, सीता, स्वस्तिका, भरिया, अफिसका कर्मचारीहरू र जुलिया व्यक्तिगत पात्रहरू हुन् । अन्य सबै वर्गगत हुन् । आसन्नताको आधारमा नम्रता, देवीप्रसाद, हरिहर थापा मञ्चीय हुन् भने अन्य सबै नेपथ्य पात्रहरू हुन् । प्रतिबद्धताको आधारमा अर्पणा नम्रता, देवीप्रसाद हरिहर थापा, सरदार, रोपाहार लिन्डा स्वस्तिका बद्ध पात्रहरू हुन् भने अन्य सबै पात्रहरू मुक्त पात्रको रूपमा रहेका छन् ।

उपर्युक्त विभिन्न प्रकृतिका चरित्रहरू प्रयोग गरी **समानान्तर आकाश** उपन्यासको रचना गरिएको छ । यस उपन्यासको प्रमुख लक्ष्य समाजका सबै नागरिकहरू मानव भएर बाँच्न पाउनुपर्छ भन्ने रहेको छ । यहाँ कुनै कुरामा पनि लिङ्गभेद गर्नु हुदैन, विकासको लागि नरनारीको सहअस्तित्वमा विश्वास राख्नुपर्छ भन्ने भाव झल्किन्छ । सामाजिक विषयवस्तुमा आधारित यो उपन्यासले मूलतः नारीहरूलाई अस्तित्व रक्षाका लागि स्वतन्त्र र निर्धक्कसाथ पुरुषको समानान्तर गतिमा अघिबढ्न सकिन्छ र पाउनुपर्छ भन्ने कुराको प्रकटीकरण गरेको छ ।

### ३.३.४.४ चरित्रचित्रण

प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा थुप्रै पात्रहरू रहेका छन्, जसमध्ये मुख्य रूपमा उपन्यासमा देखिएका पात्रहरूको छोटो चिनारी तल फरक-फरक रूपमा देखाइएको छ :-

क) **म/सुस्मिता**

यस उपन्यासकी म पात्र अथवा सुस्मिता हाम्रै नेपाली समाजमा जन्मिएकी छोरी हुन् । बिस्तारै उनी पत्नी र आमा तथा अन्त्यमा स्वेच्छाले प्रेमिका भएकी छिन् । तातकालीन परिवेशमा भएपनि उच्चशिक्षा ग्रहणगरी समाजमा नारीले पनि केही गर्नुपर्छ भन्ने चेतनामूलक सोच लिएकी सुस्मितालाई आफ्नो लोग्नेले घरकी पुतली तथा विलासको साधन बनाएर राख्न खोज्छन् । सन्तान जन्माउनबाट बन्देज लगाउन खोज्छन् । यसै प्रसङ्गमा उनीभित्र रहेका मातृत्वको भाव उर्लेर आउँछ र पतिसँग सङ्घर्ष गरी उनी सन्तान जन्माउन सक्षम हुन्छिन् । उनकी आस्था छोरी र आकाश छोरा गरी दुई सन्तान जन्मिन्छन् । समयको व्यस्ततासँगै सुस्मितामा लोग्नेको टहल गर्ने कार्यमा केही कमी हुन जान्छ । परिमाण स्वरूप उनको लोग्ने परस्त्रीसँग लहसिएको खवर आफ्नी हितैषीमार्फत् सुस्मिताले जानाकारी पाउँछिन् । आफू र छोराछोरी प्रतिको लोग्नेको उत्तरदायित्व कम हुँदै जान्छ । यसको प्रतिकृयास्वरूप सुस्मिताले आफ्नो अस्तित्व रक्षा गर्दै मातृत्वलाई उचाइमा पुराएर लोग्नेलाई त्याग्न पुग्छिन् । यसरी समाजमा नारीले हार खानु हुँदैन भन्ने सन्देश दिँदै नारीले छुट्टै पहिचान राख्न सकिन्छ भन्ने कुरालाई सुस्मिताले स्पष्ट पारेकी छिन् ।

सुस्मिता उपन्यासको सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण कार्यकलापमा सहभागी रहेकी छिन् उनकै जीवनकथामा केन्द्रित रहेर यो उपन्यास सिर्जना भएको पाइन्छ । उनकै माध्यमबाट नेपाली समाजलाई उपन्यासले दिन खोजेको सन्देश प्रकटीकरण गरिएको छ । त्यसैले उनी उपन्यासकी प्रमुख पात्र हुन् । अन्य सबै पात्र र घटनाहरू म पात्रकै जीवनसँग साहचर्यमा आएका व्यक्तिहरू रहेका छन् । वर्तमान परिप्रेक्ष्यमा नारीको मूल्यलाई समाजले कसरी निर्धारण गरेको छ र उक्त मूल्यले नारीलाई कतिसम्म सन्तुष्टि प्रदान गरेको छ भन्ने कुराको विश्लेषण गर्दै आफ्नो स्वाभिमान र अस्तित्व रक्षाका लागि लैङ्गिक विभेदलाई तोड्दै पुरुषसरह अघिबढ्न सक्षम नारी सुस्मिता हुन् । उनले सबै नारीलाई स्वतन्त्र भएर अघिबढ्ने प्रेरणा प्रदान गरेकी छिन् ।

ख) **अविनाश**

अविनाश उपन्यासको प्रमुख पुरुष पात्र हो । आफूलाई नेपाली समाजको शिक्षित युवाको रूपमा स्विकादै पत्नी सुस्मिता र समग्रनारी अस्मिताप्रति राख्ने अविनाशको दृष्टिकोणलाई उपन्यासले उजागर गरेको छ । अविनाशले आफूसरह

योग्यता भएकी शिक्षित, यौवना र रूपवती श्रीमतीलाई मातृत्वबाट वञ्चित गराएर सधै शारीरिक कीडा गर्न चाहन्छ । जब उसकी श्रीमतीले सङ्घर्ष गरेर मातृत्वलाई शिखरमा पुऱ्याउँछे, त्यसबेला परस्त्रीसँग लहसिँदै आफ्नी श्रीमती र सन्तानप्रतिको उत्तरदायित्वलाई पूर्णरूपमा कुल्चिन्छ । आफ्नो कर्तव्यप्रति विमुख हुन्छ । अन्ततः उनीहरूलाई त्यागेर जान्छ । यसरी गएको अविनाश बूढेसकालमा कहीकतै सहारा नपाएर उही लत्याइएकी श्रमिती र छोराछोरीको आशामा घरको ढोकामा शरण पर्न आउँछ । यस्तो अवस्थामा आएको अविनाशलाई उनकी श्रीमती सुस्मिताले ढोकाबाट भित्र पस्नै नदिइ उसको लागि सधैंलाई ढोका बन्द गरिदिन्छे । यसपछि ऊ पश्चत्तापले तड्पिएर घरबाट बाहिरिन विवश हुन्छ ।

समग्रमा हेर्दा अविनाश उपन्यासको प्रमुख पुरुषपात्र हो र यसले उपन्यासमा प्रतिकूल, गतिशील, व्यक्तिगत, मञ्चीय र बद्ध, पात्रको रूपमा आफूलाई उपस्थित गराएको छ । यद्यपी यो गतिशील र गोलो पात्र हुँदा हुँदै पनि परम्परागत धारणाबाट परिबन्धित भएर यसको नारीप्रतिको दृष्टिकोण सधैं च्याप्टो नै रहेको छ ।

**ग) स्विटी**

स्विटी उपन्यासकी सक्रियनारी पात्र हो । उपन्यासका यसको भूमिका सहायक रहेको छ । उपन्यासले स्विटी जस्ती सहासी पात्रको प्रयोग गरी संरचनागत रूपमा कमजोर हुनाकै कारण नचाहेको परिवेश सिर्जना हुन पुगे पनि कसैको परतन्त्रताको जालोमा नजेलिइकन स्वतन्त्र र स्वायत्त जिन्दगी जीउन सक्छन् भन्ने कुरा देखाइएको छ । जीवनमा आइपर्ने दुःख, पीडा र व्यवधानहरूसँग सङ्घर्ष गर्दै आफ्नो र समग्र नारी अस्मितालाई विचलित हुन नदिने प्रयास उपन्यासकारले स्विटीका माध्यमबाट गराएकी छिन् ।

यसरी हेर्दा स्विटी उपन्यासकी सहनायिका हो । ऊ एक सशक्त स्त्रीपात्र हो । उपन्यासमा यो प्रतिकूल पात्रको रूपमा देखिएकी छे । जीवन चेतनाका आधारमा वर्गगत स्वाभावका आधारमा स्थिर तथा आबद्धताका आधारमा बद्ध र मञ्चीय पात्र हो ।

**घ) प्रभात**

प्रभात उपन्यासको सक्रिय पुरुष पात्र हो । उपन्यासमा प्रभातको माध्यमबाट आजको परिवर्तित समाजका शिक्षित एवम् बुझकड पुरुषहरूले निर्वाह गर्नुपर्ने भूमिकालाई निर्दिष्ट गरिएको छ । प्रभातले आफ्नी प्रेमिका पूजाको

निधन पछि अविवाहित रहने प्रतिज्ञा गरेपनि जीवनको अन्तिम घडी सम्म सुस्मितालाई सहायता तथा प्रेम गर्छ र अन्त्यमा साठी बर्षको उमेरमा गएर दूई सन्तानकी आमा सुस्मितालाई स्विकार्छ । यहाँनेर के प्रस्ट हुन्छ भने प्रभात उपन्यासको सहनायक हो । यसले उपन्यासको महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोले यो उपन्यासको बद्ध पात्र हो ।

प्रभात उपन्यासको पुरुष, प्रमुख, अनुकूल, स्थिर, व्यक्तिगत र मञ्चीय रूपमा देखापरेको पात्र हो ।

**ङ) कृष्णमाया**

कृष्णमाया उपन्यासको चौथो भाग देखि देखिएकी पात्र हो । ऊ पनि परम्परागत समाजबाट निसास्सिएर अन्तमा स्विटी र सुस्मिताको सहयोगमा केही कुरा बुझ्न र केही काम गर्न सक्षम भई स्वनिर्भर बन्न सफल भएकी छे । सुरुका भागमा श्रीमान्को प्रताडनाले असहाय भएकी कृष्णमाया उपन्यासको बीचतिर आइपुग्दा श्रीमान् बाटै प्रसंशित बन्न सक्षम भएकी छे । कृष्णमाया उपन्यासकी सजग र चेतनाशील नारी पात्र हो । यसको भूमिका सहायक रहेको छ । यो उपन्यासकी अनुकूल, व्यक्तिगत, गतिशील र मञ्चीय तथा बद्ध पात्र हो ।

**च) शाश्वत**

शाश्वत उपन्यासको दोस्रो परिच्छेदबाट देखापरेको बाल पात्र हो । ऊ कुमारी आमा स्विटीबाट जन्मिएको शिशु हो । आफ्नो बाबु नभएकोले अध्ययनको लागि विदेश जाँदा मामाको धर्मपुत्र बन्नुपरेको छ । उपन्यासमा शाश्वत एक पुरुष पात्र हो । यसको कार्य गैण रहेको छ । स्वाभावका आधारमा गतिशील र जीवन चेतनाका आधारमा वर्गगत तथा आसन्नताका आधारमा मञ्चीय तथा प्रतिबद्धताका आधारमा बद्ध प्रवृत्तिको पात्रका रूपमा आएको छ ।

**छ) आस्था**

आस्था यस उपन्यासकी प्रमुखपात्र सुस्मिताकी छोरी हो । यसले उपन्यासमा सहायक पात्रको कार्य गरेकी छे । आफ्ना वावु-आमाको सम्बन्ध विच्छेदभएर बावुले गृहत्याग गरेपछि उसको बालमनोविज्ञानमा प्रभाव पर्न गई आजीवन अविवाहित बसी स्वतन्त्र नारीको रूपमा रहने एक दृढ प्रतिज्ञा गर्छे ।

**ज) आकाश**

आकाश उपन्यासकी प्रमुख पात्र सुस्मिताको छोरा र आस्थाको दाजु हो । ऊ उच्चशिक्षाका लागि विदेशमा गएको छ । स्वदेश फर्केर विवाह गर्छ र आफ्नी

पत्नी तथा छोराको साथ अष्ट्रेलिया जान्छ । यस अवस्थामा आमालाई पनि सहाराको खाँचो परेको कुरा सहजै स्वीकार गर्छ । आकाश उपन्यासको बाल पात्र हो र सचेत युवा पात्र पनि हो । उपन्यासमा यसको कार्य गौण रहेको छ । अनुकूल प्रवृत्तिको आकाश स्वभावका दृष्टिले गतिशील र जीवन चेतना वर्गगत रहेको छ । त्यस्तै आबद्धताको आधारमा मुक्त र मञ्चीय पात्र हो ।

**झ) आमा**

उपन्यासकी प्रमुख पात्र सुस्मिताकी आमा नै यी आमा पात्र हुन् । उनले स-साना नाति-नातिनीलाई ज्वाइँ अविनाशले छोडेर गएपछि आफूले जिम्मा लिएर स्वयंले पालन पोषण गर्छिन् र छोरीलाई निश्चिन्त भएर जागिर खान पठाएकी छिन् । यी आमा पात्रले सम्पूर्ण नेपाली आमाको प्रतिनिधित्व गर्दछिन् जसले आफ्ना सन्तानको सुखशान्ति चाहन्छिन् । सुस्मितालाई धेरै अर्ती उपदेश दिएकी छिन् यिनले । यस उपन्यासमा आमा एक गौण पात्र हुन् र पनि यिनको कार्यकलाप अत्यन्त महत्वपूर्ण रहेको छ । उपन्यासकी अनुकूल, गतिशील, वर्गगत, नेपथ्य र बद्ध पात्र हुन् आमा ।

**ञ) सानी**

सानी उपन्यासकी गौण स्त्री पात्र हो । यो अनुकूल तथा गतिशील स्वभावकी छे । व्यक्तिगत जीवनचेतना बोकेकी सानी नेपथ्य तथा मुक्त पात्र हो । यो सुस्मिताको महिला विकास कार्यक्रममा जागिर खाँदा स्विटी र उनलाई खाना बनाउनुको साथै शाश्वतलाई हेरचाह गर्न बसेकी केटी हो ।

**ट) सन्तबहादुर गुरुङ्ग**

यो उपन्यासको गौण पात्र हो । प्रतिकूल, गतिशील, नेपथ्य र मुक्तरूपमा रहेको पात्र सन्दबहादुर गुरुङ्ग स्विटी र सुस्मिताले जागिरखाने ठाउँको गा.वि.स. अध्यक्ष्य हो । ऊ सुरुमा महिलाहरूप्रति अविश्वास प्रकट गर्छ र अन्त्यमा महिलाहरूको सम्मान गर्छ, जसबाट उसको गोलो स्वभाव झल्किन्छ ।

**ठ) कमला**

उपन्यासमा गौण, अनुकूल, गतिशील तथा व्यक्तिगत जीवनचेतना अङ्गालेर देखा परेकी पात्र कमला नेपथ्य र मुक्त रूपमा रहेकी छे । ऊ सुस्मिताको घरमा काम गर्ने केटी हो ।

ङ)    **चन्द्रप्रकाश**

चन्द्रप्रकाश उपन्यासको गौण तथा सक्रिय पुरुष पात्र हो । यो प्रतिकूल तथा गतिशील र व्यक्तिगत जीवन चेतना अङ्गालेर अगाडी बढेको छ । मञ्चीय पात्रको रूपमा देखिने चन्द्रप्रकाश उपन्यासको मुक्त पात्र हो ।

## ३.३.५   समानान्तर आकाश उपन्यासमा प्रयुक्त दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा वस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो ।[१४२] दृष्टिबिन्दुबाट नै उपन्यासकारले घटना एवम् चरित्रहरूको वर्णन गर्छ । यसरी वर्णन गर्दा कतै आफूले औपन्यासिक कथानकमा पसेर बोल्ने गर्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकेल्ने छुट पाएको हुन्छ । यस आधारमा दृष्टिबिन्दु बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् ।[१४३] बाह्य भन्नले तृतीयपुरुषशैली वा उत्तम पुरुष शैली र आन्तरिक भन्नले प्रथम पुरुष शैली हो । आन्तरिक दृष्टिबिन्दुमा 'म' पात्रले आफ्नो कथा आफै भन्छ भने त्यो अन्तरङ्ग प्रथम पुरुष शैली र म पात्रका रूपमा गौणपात्रले प्रेक्षकका रूपमा मुख्य पात्रको कथा भन्छ भने त्यो बहिरङ्ग उत्तम पुरुष विधि हुन्छ । बाह्य वा तृतीयपुरुष शैलीमा लेखक स्वयं सर्वज्ञ भएर सम्पूर्ण कुरा उसैले आन्तरिक रूपमा उपस्थित गर्छ भने त्यो अन्तरङ्ग तृतीय पुरुष र लेखक तटस्थ भएर सम्पूर्ण बाह्य रूपमा प्रस्तुत गर्छ भने त्यो बहिरङ्ग तृतीयपुरुष शैली हो ।

**समानान्तर आकाश** तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरी रचिएको उपन्यास हो । यसकी समाख्याता म पात्र रहेकी छिन् । यस उपन्यासमा उपन्यासकारले कतै कतै आफ्ना कुराहरूलाई विभिन्न घटनाहरू मर्फत् वर्णन एवम् टिप्पणी गर्न खोजेजस्तो देखिए पनि सबैजसो कुराहरू 'म' पात्रलाई सर्वज्ञको रूपमा उपस्थित गराएर उसैमार्फत् व्यक्त गरेकी छिन् । कतै कतै कुनै पात्र वा वर्गको अनुभव र विचारमा सहमति भएर सीमित पक्षबाट आफ्नो दृष्टिबिन्दु प्रकट गरेकी छिन् । यस उपन्यासमा उपन्यासकारले मुख्य पात्र वा 'म' पात्र मार्फत् वर्तमान नेपाली समाजमा निहित लैङ्गिक विभेदको अन्त्य गर्दै समानताको मार्गमा लम्किने कुराको प्रकटीकरण गर्न यसरी खोजिएको छः "यो भन्न जति सजिलो छ गर्न त्यति गाह्रो छ । परापूर्वकाल देखि चल्दै आएको मूल्य र मान्यता

---

१४२   कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १३८ ।

१४३   पूर्ववत् ।

सामाजिक दृष्टिकोण र महिला प्रतिको सामाजिक धारणाले यस्तरी जरा गाडेको छ कि त्यसलाई उखेल्न सितिमिति सकिदैन ।" (**समानान्तर आकाश** पृ.६)

मातृत्वको भावनालाई उच्चता प्रदान गर्दै म पात्रद्वारा भनिएको छ । छोरा छोरीको सम्झनाले मेरो परेली भिज्यो । (**समानान्तर आकाश** पृ.७)

पुरुषहरूस्वयंमा खराब कहाँ हुन्छन् र सामाजिक संरचना र पितृसत्तात्मक समाजको कारण उनीहरूलाई सानैदेखि माथिल्लो संरचनामा राखी व्यवहार गरिदिनाले र पुरुषहरूले घरभित्रको काम गर्नुहुदैन र महिलालाई दवाएर नै राख्नुपर्छ भन्ने सामाजिक धारणा र मान्यतामा हुर्केका हुँदा उनीहरूको मानसिकता आइमाइप्रति कठोर हुन गएको हो । परम्परागत सोचाई र मूल्यमान्यताकै कारण पुरुष र महिला बीच असमानताको पर्खाल खडा भएको हो । (**समानान्तर आकाश** पृ. ९७)

मेरो अनुपस्थितिमा देवी प्रसादले मेरो विरुद्धमा एउटा सिकायत लेखेर आवासीय प्रतिनिधिलाई दिएका रहेछन् । मेरो कार्यको नकारात्मक टिप्पणी सहित फिल्डमा गई फिल्डभ्रमणको रिपोर्ट पेश गरेका रहेछन् । त्यसबारे बुझ्न र छलफल गर्न आवासीय प्रतिनिधिले मलाई बोलाएका रहेछन् । (**समानान्तर आकाश** पृ.११४)

### ३.३.५.१ समानान्तर आकाश उपन्यासको वातावरण

साहित्यकारले साहित्यिक कृतिको सिर्जना गर्दा त्यसभित्र समावेश गरिएका पात्रहरूको कार्यव्यापार स्थल वा परिवेश र त्यस परिवेशसँग सम्बन्धित भएर आउने समय सन्दर्भलाई समग्रमा वातावरण भनिन्छ । यसबाट के प्रस्ट हुन्छ भने कुनै पनि कृतिको वातावरणबारे चर्चा गर्दा त्यसमा अवस्थित देश वा परिवेश र काल अथवा समयको जानकारी दिनु अपरिहार्य हुन्छ । **समानान्तर आकाश** उपन्यासको वातावरणलाई यसरी अध्ययन गरिएको छ :-

### ३.३.५.२ परिवेश

आख्यानात्मक कृतिमा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुलाई परिवेश भनिन्छ । यसमा समय र स्थानको भावनात्मक स्वाद हुन्छ र नाटकीय घटनाहरू उद्घाटित हुन्छन् । जसमा चरित्र र घटनाले गति पाउछ ।[१४४] यस भनाइलाई चरितार्थ गराउने कार्य प्रायः सबै उपन्यासकारहरूले गरेका छन् । यसै क्रममा **समानान्तर आकाश** उपन्यासमा पनि उपर्युक्त परिभाषाले मेल खाएको छ । उपन्यासकार

---

[१४४] मोहनराज शर्मा, समकालीन समालोचना : सिद्धान्त र प्रयोग, काठमाडौं : ने.रा.प्र. प्र. २०५५ पृ. ३१ ।

पद्मावती सिंहद्वारा लिखित यस उपन्यासले परम्परागत नेपाली समाजमा देखिएको पितृसत्तात्मक प्रवृत्ति र त्यसले गाँजिका पुरुषहरूबाट नारीलाई दिइने दुःख, कष्ट र यातना तथा त्यसको विरोध गर्दै मुक्ति र सामाजिक परिवर्तनका लागि नारीहरूले खेप्नुपर्ने कष्टकर समस्यारत जिन्दगीको चर्चा गर्दै समाधानको मार्ग प्रदर्शन गरिएको छ । यस उपन्यासको परिवेशलाई यसरी देखाइएको छ :-

**क) सामाजिक परिवेश**

विषयवस्तुले गतिशीलन प्राप्त गरेको समाज विशेषको चित्रण गर्न यस उपन्यासकी उपन्यासकार खप्पिस देखिन्छिन् । उपन्यासमा नेपाली विकट पहाडी क्षेत्रको ग्रामीण समाजको चित्र स्पष्ट देखिन्छ । त्यहाँका गैरीगाउँ, मानेगाउँ, भीरगाउँ जस्ता गाउँहरू रहेका छन् । यता काठमाडौं उपत्यकामा पर्ने सहरी समाजको झलक पनि उपन्यासमा झल्किएको छ । यसमा मध्यम वर्गीय नेवारी समाजलाई मध्यनजर गरिएको छ । त्यस्तै गरी बढ्दो अन्तर्राष्ट्रिय सम्पर्कले नेपालको सामाजिक परिवेशमा ल्याएको परिवर्तनको सङ्केत पनि उपन्यासमा पाइन्छ । अन्तर्राष्ट्रिय तथा अन्तर्जातीय विवाह र लिभइन टुगेदर यसका उदाहरण हुन् ।

**ख) साँस्कृतिक परिवेश**

उपन्यासकी प्रमुखपात्र हुन सुस्मिता प्रद्यान । उनको प्रमुख भूमिकाम उपन्यासले बीजाङ्कुरण भएर फूल्ने र फैलने अवसर पाएकोले पनि यो स्पष्ट हुन्छकि यो एक नेवारी संस्कारको सेरोफेरो लाई आधार मानेर लेखिएको उपन्यास हो । यसमा प्रसस्त नेवारी परम्परा र संस्कारसँग सम्बद्ध मूल्य मान्यताहरूको उदाहरणहरू फेला पार्न सकिन्छ । जस्तैः सवालाख बत्ती बाल्ने, भाकल गर्ने, सगुनको माग गर्ने, सुपारी दिने, टुपी भएकी सासू (नेवारी भनाई) भन्नु जस्ता कुराहरूले नेवारी संस्कारसँग सम्बद्ध परिवेशलाई झल्काएको पाइन्छ ।

**ग) राजनैतिक परिवेश**

प्रस्तुत उपन्यासले नेपालको राजनैतिक अस्थिरतालाई गहिरो चिन्तनस्वरूप प्रस्ट गर्न खोजेको छ । देशमा बढ्दै गएको बन्द, हडताल, चक्काजामको बारेमा चर्चागर्दै नेताहरूको स्वार्थी भावना, सत्तालिप्सा र नेतृत्वमा देखिएको कमजोरी जस्ता पक्षले देशको भविष्यलाई अस्तव्यस्त बनाएको अवस्था औंल्याइएको छ । यस्तो अवस्थाले राष्ट्रको दक्ष र शिक्षित जनशक्ति विदेशतर्फ

पलायन हुनुपरेको कारुणिक अवस्थालाई पनि झल्काइएको छ । कुर्सीको लुछाचुडी नेतृत्वको खाँचो सबै पक्षबाट हमसुस भइरहेको तर त्यसतर्फ कसैको ध्यान नगएको कुरा यहाँ उल्लेख गरिएको छ । त्यस्तै विश्वभरि अशान्ति र शक्तिको होडले गर्दा निम्त्याइएको भयावह र कोलाहलपूर्ण अवस्थाले वर्तमान मानवहरूबाट हराउँदै गएको मानवीय प्रवृत्तिलाई प्रस्ट गरेबाट उपन्यासले वर्तमान समयको अस्थिर अन्योलपूर्ण राजनैतिक परिवेशलाई समावेश गरेको प्रस्ट हुन्छ ।

**घ) पर्दा र नेपथ्य परिवेश**

यस **समानान्तर आकाश** उपन्यासमा नेपालको दुर्गम पहाडी जिल्लामा अवस्थित विभिन्न ग्रामीण भेगहरू नदीनाला, बनपाखा तथा काठमाडौंको सहरी परिवेश समावेश गरिएको छ । यी सबै व्यापक परिवेशलाई पर्दाभित्र समावेश गर्न नसकिने हुँदा यसलाई नेपथ्य परिवेशमा राखेर हेर्न सकिन्छ भने सुस्मिताको मुख्य वासस्थान काठमाडौंको घर र त्यहाँ पुग्ने व्यक्ति तथा कार्यलाई पर्दा भित्र समावेश गरेर देखाउन सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने उपन्यासमा पर्दा र नेपथ्य दुबै परिवेश सबलरूपमा समावेश भएर रहेका छन् ।

### ३.३.५.३ समानानतर आकाश उपन्यासमा द्वन्द्व विधान

कथानक घटनाहरूको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकोले यसमा द्वन्द्वको र त्यसबाट उत्पन्न हुने क्रियाको अति नै महत्त्व हुन्छ । द्वन्द्व आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । द्वन्द्वबाट पात्रहरूले आफ्नो अगाडिको क्रियाकलाप प्रदर्शन गर्दछन् र कथानक गतिशील भई शृङ्खलित रूपमा अगाडि बढ्दछ । आन्तरिक द्वन्द्व मान्छेको आफ्नै मन भित्रको द्वन्द्व हो भने वाह्यद्वन्द्व मानिसमानिसबीच, मानिस र समाज बीच तथा मानव र मानवेतरबीच हुने द्वन्द्व हो ।[१४५]

**समानान्तर आकाश** उपन्यासको कथानक नै नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र त्यसको प्रतिफलस्वरूप उत्पन्न हुने सामाजिक विसङ्गगति हो । त्यसैले उपन्यासमा पुरुष र महिलाबीचको द्वन्द्वलाई देखाइएको छ । यो द्वन्द्व कतै आन्तरिक छ भने कतै द्वन्द्व बाहय पनि रहेको छ । उपन्यासको अन्तर्वाह्य द्वन्द्व पछि कथावस्तुको अन्त्यमा एउटा स्वार्थी पुरुष पात्रको पलायन हुन्छ र स्वाभिमान र मातृत्त्वको भावले ओतप्रोत नारी हृदयको जीत हुन्छ । मूलतः यस उपन्यासमा आन्तरिक द्वन्द्वको प्रबलता

---

१४५ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत् पृ. २५ ।

रहेको देखिन्छ । अर्न्तद्वन्द्वकै कारण उपन्यासकी प्रमुख पात्रले पतिको व्यवहारप्रति शङ्का गरिन् र पछि उक्त शङ्का वास्तविकतामा परिणत भयो । आन्तरिक द्वन्द्वबाट नै सुस्मितामा सल्बलाएको मातृत्वले पूर्णता प्राप्त गऱ्यो र यसकै कारण स्वार्थी र कमजोर अविनाशले गृहत्याग गरेको हो ।

उपन्यासको बाहिरी द्वन्द्वको कारणबाट सुस्मिताले अविनाशसँग सम्बन्ध विच्छेद गरेकी छिन् । कृष्ण माया र कप्तान बूढाबीच बाह्यद्वन्द्व देखिन्छ । त्यस्तै स्वेच्छाले पतिसँगको बाह्यद्वन्द्वबाट मातृत्वलाई उचाइमा पुऱ्याउन सफल देखिन्छे । हरिहर थापा र देवी प्रसादले सुस्मितासँग गरेको अन्तर्बाह्य द्वन्द्वबाट निष्कर्षमा पुगेका छन् । यति हुँदाहुँदै पनि **समानान्तर आकाश** उपन्यास आन्तरिक धरातलमा सिर्जना गरिएको तर बाह्यजगत्को यथार्थ चित्रण गरिएको कृति हुनाले यसमा आन्तरिक द्वन्द्वको बाहुल्य रहेको पाइन्छ ।

### ३.३.५.४ समानान्तर आकाश उपन्यासको विचार पक्ष

समानान्तरआकाश उपन्यास लैङ्गिक विभेदलाई अन्त्य गर्दै समानताको मार्गमा नारी पुरुष हातेमालो गर्नुपर्ने भावलाई प्राथमिकता दिएर लेखिएको उपन्यास हो । यस उपन्यासले मानिसलाई सामाजिक प्राणी भएर रहनको लागि केही महत्त्वपूर्ण पक्षहरू निर्दिष्ट गरेको छ, तिनलाई तलका उपशीर्षकहरूबाट प्रस्तुत गरिएको छ :-

### ३.३.५.५ सारवस्तु

उपन्यासमा रहेको केन्द्रीय, प्रमुख वा आधारभूत विचारतत्त्व नै त्यसको सारवस्तु हो । यसलाई उपन्यासका प्रत्येक पक्षमा फिँजाएर प्रस्तुत गरियो भने त्यसले पाठकलाई उपन्यासका प्रत्येक पक्षप्रति सचेत बनाई तिनमा रहेको विचलनको अर्थ बुझ्न मद्दत गर्दछ । सारवस्तु स्थानीय र विश्वजनित गरी जम्मा दुई प्रकारका हुन्छन्, जसमध्ये स्थानीय सारवस्तुले कुनै देश कालमा सीमित रही निरीक्षण गर्दछ ।[१४६]

प्रस्तुत **समानान्तर आकाश** उपन्यासको सारवस्तुलाई स्थानीय सारवस्तुको रूपमा लिइन्छ । यो सारवस्तु कुनै एउटामात्र पात्रको माध्यमबाट व्यक्त नभई उपन्यासका सम्पूर्ण पक्षसँग फिँजाएर प्रकटीकृत गराइएको छ । यो उपन्यास मूलतः नेपाली समाज व्यवस्था र शासन प्रणालीको पृष्ठ भूमिमा आधारित रहेको छ । मानिस सधै स्वतन्त्रताको पक्षपाती भएर रहन चाहन्छन् । उसलाई नचाहदा नचाहदै कुनै व्यवधान आइपरेमा त्यस्ता व्यवधानबाट टाढा रहन उसले शारीरिक तथा मानसिक सङ्घर्ष

१४६ पूर्ववत् पृ. ४० ।

गर्दछ । अन्ततः ती अनइच्छित तत्त्वलाई पन्छाएर नै छाड्दछ भन्ने कुरा यस उपन्यासको मुख्यसार वस्तु हो । उपन्यासमा विभिन्न पात्रहरूको साथै प्रमुख पात्र सुस्मितालाई आफूनारी भएकै कारण श्रीमान् लगायत विभिन्न स्थानमा पुरुषहरूबाट दबाइएको छ । अन्ततः उनले आफूलाई दबाउने पुरुषहरूलाई परास्त गर्दै आफ्नो पतिलाई त्याग गरेर मनले रोजेको साथी प्रभातलाई पतिको रूपमा बरण गरी नारी अस्मितालाई विजयको शिखरमा पुऱ्याउँदै समाजमा नारी र पुरुष भएर जन्मिदैमा सानो र ठूलो हुँ भन्ने भावना लिनु हुँदैन भन्ने सारवस्तु उपन्यासकार सिंहले यस उपन्यासमा प्रकट गरेकी छिन् ।

### ३.३.५.६. प्रतीक र बिम्बविधान

कुनै पनि मूर्तवस्तुको प्रयोगद्वारा अमूर्तभाव वा गुणको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटनाले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । प्रतीकले एकातिर अमूर्त अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भन्ने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ ।[१४७]

**समानान्तर आकाश** उपन्यासमा पनि विभिनन प्रतीकहरूको प्रयोग उपर्युक्त रूपमा गरिएको छ । यहाँ प्रकृतिको मनोरम वातावरणको चित्रणका सन्दर्भमा होस् अथवा उपन्यासको कथावस्तुको सन्दर्भमा होस्, सुनियोजित प्रतीकहरूको प्रयोग गरिएको छ । उपन्यासको शीर्षकमा नै **समानान्तर आकाश** भनेर प्रतीकात्मक राखिएको छ । यसको मुख्य भाव नारी र पुरुष वीच हुनुपर्ने समानता हो । समाजका अङ्गनारी र पुरुषबीचको समानताको प्रतीक **समानान्तर आकाश** हो ।

बिम्ब भनेको कुनै पनि वसतुको छाया हो, जुन साहित्यिक कृतिअध्ययनगर्दा पाठकको मस्तिष्कमा पर्न जान्छ । उपन्यासमा भाषाको माध्यमद्वारा श्रोता वा पाठकको मस्तिष्कमा कुनै स्थिति स्थान, घटना वा पात्रको छायापरिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले प्रतीकको जस्तो मूर्तवस्तुको सहयोग नलिई अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ ।[१४८] उपन्यासकारले उपन्यासमा चाहेको चित्र यथार्थ झैं

---

१४७ पूर्ववत् पृ. ४२ ।

१४८ पूर्ववत् पृ. १६० ।

उभ्याइदिएर बिम्बको चमत्कृति देखाइदिन्छन् । बिम्बको भाषा अभिव्यञ्जनात्मक हुने हुँदा यसले पाठकलाई कलात्मक आनन्द दिन्छ ।[१४९]

**समानान्तर आकाश** उपन्यासमा नेपालको परम्परागतरूपमा स्थापित र समसामयिक सन्दर्भमा रहेको सामाजिक वातावरण झल्किन्छ । यसले वर्तमान सामाजिक परिवेशलाई एकातर्फ प्रस्ट पार्छ भने समाजका पुरुषहरूले गर्ने पौरुषत्वप्रतिको घमण्डले निम्त्याएको विकृतिलाई देखाएको छ । यसरी विभिन्न बिम्ब तथा प्रतीकको विवेचना गर्दा यस प्रकारको विचार प्रस्ट देखिन्छ :-

**क) सामाजिक यथार्थवादी भावना**

समाजमा घट्ने घटनालाई जस्ताको तस्तै उपन्यासमार्फत् देखाउने खालका उपन्यासहरू सामाजिक यथार्थवादी उपन्यास हुन् । **समानान्तर आकाश** उपन्यासमा पनि नेपाली समाजमा नारी र पुरुष बीचको लिङ्गगत विभेदले हुने नारीका पीडा र त्यस्ता पीडाबाट मुक्तिका लागि नारीहरूले चाल्नु पर्ने सहासिक कदमको यथार्थ तस्वीर खिचेको हुनाले यो एक सामाजिक यथार्थवादी उपन्यास हो ।

**ख) नारीवादी स्वरको उद्घोष**

**समानान्तर आकाश** उपन्यास एक उतकृष्ट नारीवादी उपन्यास हो । यसमा विश्वका प्रायः सबै देशहरूमा नारीलाई कुनै किसिमको अधिकारबाट बञ्चित गरिएको छैन् कारण स्वरूप ती देशहरू विकसित भएका छन् । हाम्रो देशमा भने परापूर्वकालदेखि नै नारीलाई पुरुष भन्दा तल्लो स्तर प्रदान गरी पशुवत् व्यवहार गरिन्छ । फलस्वरूप विश्व परिपेक्ष्यको सामु नेपाल विकासको गतिमा पछि परेको छ भन्ने कुरा देखाइएको छ । त्यस्तै एउटा पुरुषले आफ्नी पत्नीलाई असल सहयात्रीको रूपमा ग्रहण नगरी भोग्या वस्तु र घरको शोभा वा पुतलीको रूपमा लिदा त्यसको बदलामा मातृत्वको विजय भइ पुरुष दवावको उल्लङ्घन भएकोले त्यो पुरुष अन्त्यमा परस्त्रीसँग लहसिएर कर्तव्यविमुख भइ गृहत्याग्न पुग्छ । उपन्यासकी प्रमुख नारी पात्र सुस्मिताले त्यस्तो पुरुषलाई लत्याएर स्वयंले रोजेको सहयोगी पुरुष साथी प्रभातलाई पतिको रूपमा ग्रहण गर्ने निर्णय लिएकी छिन् । पुरुष सरह अवसर पाएमा उनीहरू सरह नभएर उनीहरूले भन्दा धेरै शुभकार्यहरू समाजमा नारीले गर्न सक्छन् भन्ने कुरा

१४९ पूर्ववत् पृ. ।

उपन्यासले अत्यन्त प्रयोगात्मक र प्रतीकात्मक रूपमा प्रस्ट पारेको छ । संरचनागत रूपमा नारी केही कमजोर भएपनि सिर्जनाको संवाहक मानिने नारीहरूले पुरुषको कुनियतको सिकार बन्न परेको यथार्थ उपन्यासमा चित्रित छ । यसरी महिलाहर लाई दु:ख दिने मानवरूपी दानवहरलाई कर्तव्यबाट विचलित नहुने धारणा उपन्यासमा प्रकट भएको छ ।

समग्रमा उपन्यासले नारीवादी स्वरलाई चर्को रूपमा फैलाएको छ । विभिन्न बिम्ब प्रतीकहरूको प्रयोग गरी आम नारीहरूलाई विभिन्न खाले यातना पीडा उतपीडन तथा छटपटीहरू सहेर बस्ने होइन स्वअधिकार प्राप्तीका लागि हातमा हात मिलाएर अन्यायको विरुद्धमा जुट्नुपर्छ र विजय प्राप्त गरेरै छोडनुपर्छ भन्ने कुरा प्रस्ट गरिएको छ र विजयप्राप्त गर्ने प्रेरणा प्रदान गरिएको छ । एउटी नारी नारी मात्र नभएर समग्र पृथ्वीका मानवहरूकी आमा हो त्यसैले उसले जुनसुकैकाम गर्दा आफूलाई आमाको माथिल्लो उचाइबाट तल झार्नु हुदैन भन्ने सन्देश पनि उपन्यासले प्रकट गरेको छ । अन्तत : नारीका समग्र सुभकार्यको विजयका साथ उपन्यासले गति प्रदान गरेकोले यो एक उत्कृष्ट नारीवादी स्वर घन्काउन सफल उपन्यास हो ।

**ग) मानवतावादी दृष्टिकोण**

प्रस्तुत उपन्यासमा मानवतावादको उच्च प्रयोग भएको छ । यसमा समाजका प्रत्येक अङ्गहरूमा मानवताको भाव फिजिएमा विकास आवश्यम्भावी रहने कुरालाई विविध बिम्ब र प्रतीक प्रयोग गर्दै स्पष्ट पारिएको छ । यसमा समाज नर-नारीको सह-अस्तित्वमा चलेमा द्रुत गतिमा यसले सफलता चुम्न सक्षम हुन्छ भन्ने कुरा पनि प्रस्ट पारिएको छ । नारी र पुरुष दुबैमा हामी मानव हौँ भन्ने भावना अन्तर्मनबाटै अङ्कुरण भई सहयोग र सौहार्दता झ्याङ्गिदै गएर समाज र राष्ट्रलाई सकरात्मक प्रभाव पार्न सक्छ भन्ने भाव जगाइएको छ, जुन मानवतावादी भावको परिणाम मानिन्छ ।

**घ) कारुणिक वातावरणको छनोट**

यस उपन्यासमा उपन्यासकार पद्मावतीसिंहद्वारा समाजमा अवस्थित सामाजिक विसङ्गति, अहंताको भावना र गिर्दो पुरुषत्ववादी दृष्टिकोणलाई प्रस्तुत गर्ने हतियारका रूपमा कारुणिकतालाई प्रयोग गरेकी छिन् । यसरी करुणाको भावलाई देखाउने कार्यमा उपन्यासकार खप्पिस देखिन्छिन् ।

उपन्यासको सुरुवातमै म पात्रको जागिर गर्ने सन्दर्भमा गाउँमा पुगेपछि आफ्ना छोरा छोरी सम्झेर गरेको विलापमा कारुणिकताको भाव प्रस्ट हुन्छ । त्यस्तै गरी म पात्रकै सन्दर्भमा पतिबाट तिरस्कृत हुदा र सम्बन्ध विच्छेदपछि छोरी आस्थाको बावुप्रतिको लगावले उत्पन्न पीडामा पनि करुणाको भाव प्रदर्शित हुन्छ । त्यस्तै उपन्यासका अन्य पात्रहरू स्विटीको बलात्कृत हुँदाको अवस्था, चन्द्रप्रकाशकी श्रीमती र आमाको श्रीमान् तथा छोराको गिर्दो अवस्थाबाट सिर्जित करुणामय स्थिति, भरियाको कारुणिक अवस्था आदि पक्षले उपन्यासमा कारुणिकताको उच्च आभाष दिएको छ ।

### ३.३.५.७ निष्कर्ष

उपन्यासकार पद्मावती सिंहद्वारा लिखित औपन्यासिक कृति मध्येको यो एकमात्र र प्रथमऔपन्यासिक कृति हो । यसमा उपन्यासकार सिंहले देखाउन खोजेको कुरा उल्लिखित बुँदाहरूका आधारमा स्पष्ट भइसकेको छ । यसै कृतिमार्फत् समाजमा रहेको लिङ्गगतविभेदको कालो बादललाई लैङ्गिक समानताको रापिलो किरणहरू फैलाई हटाएर समतामूलक समाजको स्थापना गर्ने सफल प्रयास गरेकी छिन् । उपन्यासकार सिंहको यो सफल र उत्कृष्ट उपन्यास हो ।

### ३.३.६ घटनाको तारतम्यता

**समानान्तर आकाश** कार्यव्यपार वा घटनावलीको हिसाबले घटना प्रधान उपन्यास हो । यस उपन्यासमा पात्रको समुचित प्रयोग गरिएको छ । मुख्य पात्र तीन सहायक पात्र पाँच र गौण पात्र छयालीस गरी जम्मा चौवन्नजना पात्रहरू सक्रियरूपमा उपस्थित भएका छन् । भने यसभन्दा केहीबढी निश्क्रिय पात्रहरू पनि उपन्यासमा देखापरेका छन् । उपन्यासको कथावस्तु क्रमिक रूपमा अघिबढेको छ तर शृङ्खलितरूपमा चाहि क्रमबद्ध देखिदैन । यसका घटनाहरू विशृङ्खलित रूपमा टुक्रिएर रहेका छन् । यसलाई उपन्यासको विशेषता मान्नुपर्छ । म पात्रको अर्न्तमन मा सिर्जित वा म पात्रले भोगेका घटनाहरूको समष्टि स्वरूप हो **समानान्तर आकाश** उपन्यास । यति हुँदा हुँदै पनि उपन्यासका सबै पात्रहरू सजीव भएर देखिएका छन् । उक्त सजीव पात्रको उपस्थितिमा उपन्यासको घटनाक्रम अघिबढेको छ । उपन्यासका प्रमुख घटना लाई यसरी प्रस्तुत गरेर देखाउन सकिन्छ :-

क) म पात्रको पति अविनाशले गृहत्याग गरेपछि छोराछोरीप्रतिको उत्तरदायित्व पूरा गर्न जागिरको लागि उपत्यका छोडी गैरीगाउँ पुग्नु । त्यहाँको प्राकृतिक

सुन्दरतासँग रमाउदै स्विटीलगायतका पात्रसँग परिचित हुनु, छोराछोरीको सम्झनाले भाव व्युह्ल हुनु ।

ख) स्विटीको संरचनागत कमजोरीका कारण भोग्नु परेको परतन्त्रताको कराकाष्ठा, कप्तानबूढोले कृष्णमायालाई दिएको यातना जस्ताकुराले पुरुषहरूको निष्ठुरीपनको पर्दाफास हुनु ।

ग) चन्द्रप्रकाशको कुलतका कारण उसको परिवारमा सिर्जिएको कारुणिक अवस्थालाई देखाउँदै यस्ता कार्यले देशविकासमा आएको गतिरोधको चित्रण गर्नु ।

घ) फिल्ड जाने क्रममा सुस्मिता र स्विटीले मातृशिशु र मातृत्व सम्बन्धी गाउँलेलाई दिएको चेतना,

ङ) सुस्मिता र अविनाशबीचको सम्बन्ध विच्छेदले नाबालक छोराछोरीको बालमनोविज्ञानमा पर्न गएको नकरात्मक असरको चित्रण,

च) सुस्मिताको माध्यमबाट कृष्णमाया स्वाबलम्बी बन्नु र कप्तान बूढोले कर्तव्यबोध गरी कुलतलाई त्याग्नु ।

छ) प्रोजेक्टको मिड्ट्रमइभ्यालुएसन गर्न प्रभात गैरीगाउँ आउनु, सुस्मितासँग भेट हुनु र प्रभातले सुस्मितालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्ति गर्नु ।

ज) भरियाको जीवनको दुःखद अवस्थाको चित्रण, स्विटीले आफू संरचनागत रूपमा महिला भएर भोग्नुपरेको पराधिनताको पराकाष्ठालाई प्रस्तुत गर्नु ।

झ) ऋतुपरिवर्तनको प्रसङ्ग ग्रीष्मऋतुको विदाइ तथा वर्षा ऋतुको आगमन ।

ञ) स्विटीको शारीरिक स्वास्थ्यमा गिरावट काठमाडौं सुस्मिताको घरमा गई बसेर प्रभातको सहयोगमा उपचार गर्नु फर्किदा सुस्मितालाई प्रभातको तर्फबाट पस्मिनाको ओढ्ने ल्याइदिनु यो पाएर सुस्मिताको प्रभात प्रतिको अव्यक्त लगाव बढ्दै जानु ।

ट) सुस्मिता आफ्ना काठमाडौं घरमा जानु एकान्तले उनलाई पिरोल्नु, अविनाशसँग घरमा विताउका दिनहरू सम्झिनु घरमाबस्न नसकेर आमाकहाँ जानु । यसै क्रममा बाटोमा आफ्नो पदोन्नतिको खवर प्राप्त गर्नु ।

ठ) अर्न्तराष्ट्रिय विवाह र लिभइन टुगेदरको प्रसङ्ग देखाउनु सुस्मिताले आफ्नो ठाउँमा नम्रतालाई नियुक्त गरी उनलाई लिएर गैरीगाउँ जानु, नम्रताले सिंगापुर तालिमको सन्दर्भमा जाँदा अब्राहमसँग भएको शारीरिक प्रेम तथा आत्मिक प्रेमबारे बताउनु ।

ड) देवी प्रसाद र हरिहर थापाको नारीप्रतिको दृष्टिकोणले महिलालाई आफूसरह राखेर सोच्नु नसक्ने पुरुष मानसिकता र अहम् मनोवृत्तिले गर्दा पुरुषको समानान्तर उच्च पदमा काम गर्दा योग्य नारीले सहनुपर्ने कठिनाइबारे चर्चा गर्नु ।

ढ) यौवनावस्थामा प्रवेश गरेका छोराछोरीलाई सुस्मिताद्वारा उचित सुझाव सल्लाह दिनु ।

ण) आस्था प्रभातको स्पोन्सरमा र आकाश स्कलरसिपमा क्रमशः अमेरिका र फिलिपिन्स उच्चशिक्षाको लागि जानु, दुबै राम्रो अङ्क ल्याई उर्तीण हुनु । आस्थाले अमेरिकामै आजीवन अविवाहित रही जागिर गरेर बस्ने निर्णय गर्नु, आकाश स्वदेश फर्केर विवाह गर्नु, पुत्र प्राप्ती र अन्तमा आमालाई स्वतन्त्र जीउने सल्लादिदै पुनः रोजगारको लागि स-परिवार अस्ट्रेलियातर्फ जानु ।

त) सुस्मिताको कार्यालयमा विदेशी नागरिक लिन्डाको आगमन र उनले फिल्ड जाने इच्छा प्रकट गर्नु । लिन्डालाई लिएर सुस्मिता स्वयं गैरीगाउँ जानु सबै कार्यक्रम अवोलकन गराउनु लिन्डा ती कार्यहरू देखेर सन्तोष हुनु र सुस्मिताले आफन्त इष्टमित्रलाई भेटेर लिन्डासँग काठमाडौं फर्किनु ।

थ) सुस्मिताले जागिरबाट स्वैच्छिक अवकास लिई घरमै बस्नु, साँझ एक निरिह र दुब्लो मानिस आएर घरको ढोकाको घण्टी बजाउनु, सुस्मिता ढोका खोलेर बाहिर जानु, त्यो आगन्तुकलाई चिन्ह नसक्नु, उक्त मानिस अविनाश हुनु, उसले उनीसँग बृद्धावस्थाको साहरा माग्नु, उनले आफ्नो जीवनका सम्पूर्ण दुःखद घडीलाई सम्झिदै मानवीय संवेदनाहरूभन्दा उच्चस्थानमा निहित गर्दै अविनासको लागि आफ्नो घरको ढोका सधैलाई बन्द भएको इशारा दिदै उसलाई ढोकैबाट फर्काइदिनु ।

द) सच्चा मातृत्त्व र नारीत्त्वको बल्ल विजयी भएको महसुससँगै बाँकी जिन्दगी आफूलाई निःस्वार्थ सहयोग गर्ने र मन परेको साथी प्रभातलाई नयाँ पतिको रूपमा बरण गरी उसैसँग विताउने लामो प्रतिक्षाको अन्त्य र नयाँ जीवनको सुरुवातसँगै सुख चैनको निद्रामा पर्नु ।

उपर्युक्त मुख्यघटनाहरूको संयोजनमा **समानान्तर आकाश** उपन्यासले स्वरूपग्रहण गरेको छ । मध्यम आयामयुक्त यस रचनामा फरक फरक घटनाहरूको बाहुल्यता रहेको छ ।

यसरी **समानान्तर आकाश** उपन्यासले उपर्युक्त घटनाहरूका फरक फरक बाईस परिच्छेदमा आन्तरिक पक्षको उद्घाटन गरेको देखिन्छ । द्वन्द्वभाव विचार वा उद्देश्यलाई यस उपन्यासका विविध घटनाक्रमहरूले साथ दिएका छन् । यसरी एउटा म पात्रको मानसिक धरातलमा रचिएको यस उपन्यास मध्यम आयामयुक्त नारीवादी उपनयासको दृष्टान्त बन्नु सक्नु यसको मूल वैशिष्ट्य रहेको छ ।

### ३.३.६.१ समानान्तर आकाश उपन्यासको बाह्य संरचना

कुनै पनि साहित्यिक कृतिको बनौट आकार रूप, सर्ग, भाग, खण्ड, अङ्क आदिको विभाजन प्रकृया व्यसमा प्रयुक्त भाषा र अभिव्यक्ति शैलीलाई नै बाह्य संरचना मानिन्छ । **समानान्तर आकाश** उपन्यासको बाह्य संरचनालाई निन्नलिखित बुदाहरू मार्फत् चिनाउने प्रयास गरिएको छ ।

### ३.३.६.२ परिच्छेद योजना

उपन्यासको मूल आधार कथावस्तु हो । यसको अभावमा उपन्यास संरचना सम्भव हुँदैन । शब्द एक भएपनि यसभित्र अनेकौ घटना वा अन्तर्घटनाको मिश्रण हुन्छ । घटना-घटना वा उपघटना -उपघटनाबीच विभाजक आधार नै कथावस्तुको विश्राम परिच्छेद वा माग हुन् । औपचारिक रूपमा तोकेर यस उपन्यासलाई भाग परिच्छेद सर्ग वा विश्राममा विभाजन गरिएको छैन् । यसमा घटना वा उपघटनाको परिवर्तनसँगै सङ्केतका रूपमा क्रमशः १, २, ३, ...२२ सम्म अङ्कहरू राखिएको छ । यसै अङ्कलाई परिच्छेदको रूप मानेर अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा **समानान्तर आकाश** उपन्यासको संरचना निम्न लिखित तालिकाम देखाइएअनुसारको रहेको छ :-

**३. परिच्छेद योजना तालिका**

| क्र.स. | परिच्छेद | पृष्ठदेखि पृष्ठसम्म | परिच्छेदले लिएका जम्मा पृष्ठ | अनुच्छेद संङ्ख्या | लम्बाई पङ्क्ति देखि सम्म |
|---|---|---|---|---|---|
| १ | १ | १-६ | ६ | ६९ | १-१८ |
| २ | २ | ७-१३ | ७ | ५२ | १-१२ |
| ३ | ३ | १४-२२ | ९ | ६३ | १-२९ |
| ४ | ४ | २३-३२ | १० | १०० | १-३० |
| ५ | ५ | ३३-३७ | ५ | ५३ | १-९ |
| ६ | ६ | ३८-४३ | ६ | ८४ | १-११ |
| ७ | ७ | ४४-५० | ६ | ५९ | १-२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८ | ५१-५७ | ७ | ७५ | १-१८ |
| ९ | ९ | ५८-६० | ३ | २१ | १-९ |
| १० | १० | ६१-६९ | ९ | ९५ | १-१२ |
| ११ | ११ | ७०-७७ | ८ | ६३ | १-१५ |
| १२ | १२ | ७८-८७ | १० | ८० | १-२४ |
| १३ | १३ | ८८-९४ | ७ | ४३ | १-१३ |
| १४ | १४ | ९५-१०० | ६ | ४४ | १-१८ |
| १५ | १५ | १०१-१०८ | ८ | ७२ | १-१४ |
| १६ | १६ | १०९-११८ | १० | ७३ | १-१७ |
| १७ | १७ | ११९-१२७ | ९ | ७६ | १-१६ |
| १८ | १८ | १२८-१३४ | ७ | ६३ | १-२३ |
| १९ | १९ | १३५-१४३ | ९ | ६९ | १-१९ |
| २० | २० | १४४-१६० | १७ | १४५ | १-१८ |
| २१ | २१ | १६१-१६९ | ९ | ५३ | १-१७ |
| २२ | २२ | १७०-१७९ | १० | ७० | १-३० |
| जम्मा | २२ | १-१७९ | १७९ | १५२२ | |

### ३.३.६.३ परिच्छेद तालिकको समीक्षा

उपर्युक्त तालिका अनुसार **समानान्तर आकाश** उपन्यासको कथावस्तु बाईस परिच्छेदमा विभाजित रहेको छ । सबै परिच्छेदमा एक पङ्क्तिका अनुच्छेद रहेका छन् । यस्ता पङ्क्तिको प्रतिनिधित्व शब्दले पनि गरेका छन् । लामोमा चारौं परिच्छेदमा तीस पङ्क्ति सम्म लामो अनुच्छेद रहेको छ । सबैभन्दा थोरै पृष्ठ रहेको परिच्छेद नवौं परिच्छेद हो । यसको लागि जन्मा तीन पृष्ठ खर्च भएका छन् । सबैभन्दा धेरै पृष्ठ सङ्ख्या लिएको परिच्छेद बीसौं परिच्छेद हो यसमा जम्मा सत्र पृष्ठ खर्च भएको छन् । यसरी सबै परिच्छेदहरूमा समान पृष्ठहरू नहुनाले उपन्यासका कथावस्तुको वितरणमा समानता देखिँदैन कुल (१५२२) एक हजार पाँच सय बाईस परिच्छेदमा विभक्त यस उपन्यासलाई आयामको दृष्टिले हेर्दा मध्यम आयाम ग्रहण गरेको छ । यो उपन्यासको बीसौं परिच्छेदले एकसय पैतालीस अनुच्छेद तथा चारौँ परिच्छेदले एकसय अनुच्छेद लिएको छ । सबैभन्दा कम अनुच्छेद परिच्छेद नौं ले लिएको छ । यसमा जम्मा एक्काईस अनुच्छेद मात्र रहेका छन् । यसमा संवादात्मक शैलीको प्रसस्त प्रयोग भएकाले पनि अनुच्छेदको सङ्ख्यामा आधिक्यता रहन गएको हो । त्यस्तै उपन्यासको सबै परिच्छेदको सुरुवातमा अङ्कगणितीय अङ्कहरू १, २, ३, ४, ... २२ सम्म क्रमशः राखिएको छ ।

परिच्छेदको सामाप्तिमा दुई छोटा धर्काको बीचमा गोलो चिन्ह ( -०- ) राखिएको छ । अङ्क राख्ने शिलशिलामा १०औंअङ्क राख्न बिर्सिएको छ । उपन्यासको कथावस्तु सबै 'म' पात्रसँग सम्बन्धित भएर आएको हो ।

### ३.३.६.४ परिच्छेदमा कथानकको विवरण

प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा निहित कथानक विभिन्न परिच्छेदहरूमा फरक-फरक रूपले उतारिएको छ, जसको परिच्छेद अनुसार छोटकरीमा तल विवरण गरेर देखाउनै जमर्को गरिएको छ ।

**परिच्छेद - १**

क) सुस्मिताले पढाइको उपयोग गाउँले नारीको जीवनोत्थामा गर्न चाहनु, छोरा र छोरीप्रतिको जिम्मेवारी पुरा गर्न जागिरे भई पहाडको गैरीगाउँमा पुग्नु ।

ख) नेपालको पहाडीभागमा पाइने प्रंकृतिको सुन्दर वर्णन, सुस्मिताले स्विटीसँग परिचय गर्नु, परम्परागत सामाजिक संरचना परिवर्तन गर्ने सोच राख्नु, ।

**परिच्छेद - २**

क) नारी भएकै कारण सुस्मिता र स्विटीले भोग्नु परेका बाध्ययताको चित्रण सुस्मितालाई अतीतको पीडा र मातृत्वबोधले सताउनु ।

**परिच्छेद - ३**

क) फिल्ड जानेक्रममा गाउँले पुरुषहरूले नारीलाई गरेको घोचपेच एवम् निन्दनीय अवस्थाको चित्रण ।

ख) पुरुषहरूको लापर्वाहीले समाजमा निम्त्याएको भयजन्य अवस्थाबारे छलफल । सुस्मिता गृहत्याग गरेको पति अविनाश र छोराछोरीको भविष्यबारे कल्पना गरी विलाप गर्नु ।

ग) दृढ भएर गाउँलेको जीवनस्तर उठाउने खालका कार्यक्रम गर्न र महिलालाई आत्मनिर्भर गराउने प्रतिबद्धता सुस्मिताले प्रकट गर्नु ।

**परिच्छेद - ४**

क) सुस्मिताले केन्द्रीय अफिसमा गई मासिक प्रतिवेदन आवासीय प्रतिनिधिलाई बुझाउनु ।

ख) कप्तान बूढोले कृष्णमायालाई दिएको यातनाको चित्रण तथा उनी जागिरे भएपछि बूढाको व्यवहारमा आएको परिवर्तनको चित्रण ।

**परिच्छेद - ५**

क) सुस्मिताको संयोजकत्वमा महिला समूहको गठन,

ख) फिल्डभ्रमण जाँदा पहाडी भेगमा हुने कठिनाइको चित्रण गर्दै, मनोरञ्जनात्मक बनभोज कार्यक्रम सम्पन्न गर्नु ।

**परिच्छेद - ६**

क) फिल्ड भ्रमणको शिलशिलामा डाँडागाउँ जाँदा आएका कठिनाइ र त्यहाँका महिलाहरूको अवस्थाको साथै प्राकृतिक वातावरणको चित्रण ।

**परिच्छेद - ७**

क) काठमाडौंको सहरीकरणले जनजीवनमा पारेको प्रभावकासाथै पाश्चात्य सँस्कृतिले नेपाली युवा पिंढीमा पारेको प्रभावबारे चिन्तन ।

ख) बाबु आमाको सन्बन्धले बच्चाको बालहृदयमा जमेको असरको अध्ययन गर्दै मातृत्वलाई उच्चतामा राख्नु ।

**परिच्छेद - ८**

क) प्रोजेक्टको इभ्यालुएसनको लागि सुस्मिताको सहपाठी प्रभात गैरीगाउँ आउनु, सुस्मितासँग भेट्नु, विगतका कुराहरू सम्झिनु ।

ख) कृष्णमाया र सुस्मिता प्रभातको साथ फिल्ड जाने निर्णय गर्नु ।

**परिच्छेद - ९**

क) कृष्णमाया स्वावलम्बी भएपछि उनलाई कप्तान बूढाले राम्रो व्यवहार गर्नु र फिल्डमा जाने जस्ता कुरामा अनुमति दिनु ।

**परिच्छेद - १०**

क) प्रभात र सुस्मिताद्वारा फिल्ड भ्रमणका क्रममा विभिन्न महिलासमूहहरूको निरीक्षण त्यसबाट सन्तोषजनक उपलब्धि प्राप्त गर्नु ।

ख) प्रभातसँग सुस्मिताले आफ्नो जीवनमा भएका सम्पूर्ण घटनाहरू सुनाउनु प्रभातले जीवनलाई परिस्थितिअनुकूल चलाउन सल्लाह दिदै सुस्मितालाई जस्तोसुकै सहयोग गर्न तयार रहनु ।

**परिच्छेद - ११**

क) प्रभातको विदाइ सुस्मितामा रिक्तता छाउनु, स्विटीले आफ्नो आन्तरिक कुरा सुस्मितासँग कहनु

ख) संरचनागत रूपमा नारी भएर सहनुपर्ने बाध्यताको स्विटी र सुस्मिताबीच चर्चा परिचर्चा चल्नु ।

**परिच्छेद - १२**

क) ऋतु परिवर्तनमा वर्षा ऋतुको आगमन रोपाई र असारे गीतको प्रसङ्ग,

ख) गाउँले चेली हराउनु, सुस्मिताद्वारा चेलीवेटी बेचविखन सम्बन्धी तालिम दिनु, स्विटीमार्फत् पस्मिनाको ओढ्ने प्रभातले सुस्मितालाई पठाउनु ।

### परिच्छेद - १३

क) सुस्मिताको काठमाडौं आगमन, आमाकहाँ बस्नु छोरा छोरी भेट्नु ।

ख) सुस्मिता पदोन्नति भई कार्यक्रम निर्देशक पदमा नियुक्त र कार्यक्रम संयोजक पदमा सुस्मिताद्वारा नम्रता छनौट उनलाई लिएर गैरी गाउँ जानु ।

### परिच्छेद - १४

क) सुस्मितालाई गैरी गाउँबाट विदाइ गर्नु ।

ख) पुरुष स्वयंम खराब नभएको हाम्रो समाजिक संरचना र पितृसत्तात्मक समाजले उनीहरूलाई सानै देखि खराब धारणा प्रदान गर्ने हुनाले अहम् पैदा हुने कुरा प्रस्ट ।

ग) नम्रताले सुस्मितासँग सिंगापुर तालिमको प्रसङ्गमा अब्राहम सँग भएको सम्बन्धबारे बताउनु ।

घ) गैरीगाउँबाट विदाइ हुँदा जीवनमा भावनात्मक रूपमा तेस्रो पटक रोएको सुस्मिताको दावी ।

### परिच्छेद - १५

क) सुस्मिताको घरमा प्रभातको आगमन दुबै व्यस्त यही नै जीवन हुनु । सुस्मिताद्वारा अफिसमा बुझाइएका हरेक प्रपोजलप्रति देवीप्रसाद र हरिहर थापाद्वारा नकरात्मक राय व्यक्त यसबाट पुरुषहरू महिलाको मातहतमा रहेर काम गर्न मन नपराउने र पुरुषको समानान्तर उच्च पदमा काम गर्न महिलालाई धेरै कठिन हुने सत्यभाष प्रकट गर्नु ।

### परिच्छेद - १६

क) सुस्मिताद्वारा छोराछोरीको जवानी अवस्थामा पर्ने प्रभावबारे चिन्तन गर्नु ।

ख) प्रभातको सुस्मिताकहाँ आगमन, दुबैबीच व्यक्तिगत कुराकानी, प्रभात जागिरको सन्दर्भमा अमेरिका जाने तर इमेलद्वारा दुबैबीच सम्पर्क हुनु ।

ग) सुस्मिताको विरुद्ध देवीप्रसादले झूटा सिकायत लेखेर आवासीय प्रतिनिधिलाई बुझाउनु त्यसको प्ररिणामस्वरूप देवीप्रसाद दोषी ठहरिई राजिनामा लेख्न बाध्य हुनु, हरिहर थापा क्रमशः सुध्रिदै जानु ।

घ) सुस्मितासँग आमाद्वारा अविनाशको चर्चा, अविनाशसँग जानेदुई सन्तानकी आमालाई सुस्मिताले धिक्कार्नु ।

## परिच्छेद - १७

क) आस्था र आकाश परीक्षा सकेर घरमा आउनु उमेर अनुसार झर्किने स्वभाव देखाउनु,

ख) आस्थाको जवानीमा पुरुषहरूले कुदृष्टि देखाउनु, यस अवस्थामा आइपर्ने समस्या र त्यसबाट मुक्तिका लागि अपनाउने उपायका बारेमा सुस्मिताले धेरै समय लगाएर छोरीलाई सम्झाउनु ।

ग) प्रभात अमेरिकाबाट नेपाल आउने र उसकै स्पोन्सरमा आस्था अमेरिका पढ्ने वातावरण मिलाउने ।

## परिच्छेद - १८

क) स्विटीलाई समाज र माइतीले स्वीकार्नुबाट सामाजिक परिवर्तनको सङ्केत देखिनु ।

ख) सुस्मिताकी आमाको मृत्यु उनमा जीवनप्रति निस्सारताबोध हुनु ।

ग) आकाश स्कलरसिपमा फिलिपिन्स पढ्न जाने अवसर पाउनु ।

## परिच्छेद - १९

क) सुस्मिता एक्लै भई रेस्टुरेन्ट खानाखान जाँदा शङ्करप्रसादसँग भेट हुनु ।

ख) आस्थाले फोन गरी सुस्मितालाई राम्रो नम्बर ल्याई पास भएको खवर सुनाउनु ।

ग) सुस्मिताले प्रभातलाई फोन गर्नु, फोन मार्फत् प्रभातले सुस्मितालाई प्रेमको प्रस्ताव राख्नु ।

## परिच्छेद - २०

क) सुस्मिताको घरमा स्वेच्छा र उसको श्रीमान्को आगमन हुनु ।

ख) स्वेच्छा पतिको कारण निःसन्तान, टेष्ट्युबबेबीप्रति सहमतिमा पुग्नु ।

ग) द्वन्द्वको कारण देश खतरामा परेको देख्दा सबै दुःखी भएको प्रसङ्ग,

घ) विदेशी नागरिक लिन्डा महिलाविकास कार्यक्रमले पारेको प्रभावका बारेमा मूल्याङ्कन गर्न काठमाडौं आई सुस्मितासँगै फिल्डमा गैरी गाउँ जानु ।

## परिच्छेद - २१

क) लिन्डाको फिल्डभ्रमण सकिनु, उनले कार्यक्रमप्रति सन्तोश व्यक्त गर्नु, केही समयको बसाइ पछि स्वदेश फर्किनु ।

ख)  समतामूलक समाजको परिकल्पना गर्दै त्यसका लागि सुस्मिता, स्विटी र स्वस्तिकाले एउटा नयाँ प्रोजेक्ट खोल्ने योजना बनाउनु जसलाई लिन्डाले अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध गराउने प्रतिबद्धता व्यक्त गर्नु ।

ग)  आकाश अर्को हप्ता नेपाल आउने निर्णय आस्थाको विवाहप्रति वितृष्णा, आजीवन अविवाहित रही अमेरिकामै स्वतन्त्र जीवन जीउने दृढ निर्णय ।

**परिच्छेद - २२**

क)  आकाश जुलियालाई लिएर नेपाल आउनु केही दिनपछि जुलिया स्वदेश फर्किनु, आकाशको विवाह हुनु, पुत्रप्राप्ती तथा केही समय पछि पत्नी र छोरालाई लिएर वैदेशिक रोजगारको लागि अस्ट्रेलिया जानु ।

ख)  साँझको बेला हारेको मुद्रामा अविनाश सुस्मिताको घरमा घण्टी बजाउन आइपुग्नु, सुस्मिताले उसलाई चिन्ह नकस्नु पछि उसले सहारा माग्दै सुस्मितालाई आफ्नो परिचय दिनु यस अवस्थामा उनले आफ्नो विगतलाई सम्झिएर सबै मानवीय संवेदनाहरू भन्दा माथि उठी त्यो स्वार्थी पति अविनाशलाई सधैंका लागि घरको ढोका बन्द गर्नु ।

ग)  अविनाश फर्किएपछि सुस्मिताले भीषण युद्धमा आफू विजयीभएको महसुस गर्दै बाँकी जीवन अमेरिका गई प्रभातको साथमा रहेर बिताउने स्वर्णिम कल्पनासहित सुख चैनको निद्रामा पर्नु ।

### ३.३.६.५ समानान्तर आकाश उपन्यासको शीर्षक

**समानान्तर आकाश** पात्रहरूको उचित संयोजन भएको उपन्यास हो । यसमा परम्परागत नेपाली समाज तथा द्वन्द्वकालीन नेपाली समाजमा बन्द, हड्ताल चक्काजाम जस्ता वातावरणले देश व्याकुल बनाएको समयलाई लिइएको छ । विश्वका प्रायः सबै देशहरूमा लैङ्गिक समानताको भाव फैलिइसक्दा पनि हाम्रो देशमा नारीलाई समाजको दोस्रो दर्जाका नागरिकको रूपमा मान्यता दिएको कटु यथार्थ यस उपन्यासमा प्रकट गरिएको छ ।

उपन्यासमा एउटा मुख्य कथावस्तु रहेको छ भने अन्य टुक्रे कथाहरू पनि समावेश गरिएको छ । सबै कथावस्तु अन्तिममा पुगेपछि नारी विचारले सम्मान पाएर टुङ्गिएका छन् । कथावस्तुको सुरुवात र मध्यतिर महिलाहरूले धेरै दुःख कष्ट र व्यथाहरू झेल्नु परेको छ । यहाँ पुरुषले महिलाद्वारा गरिएका निर्माणात्मक कार्यहरू ध्वस्त पार्ने र उनीहरूलाई दुःख दिने गरेका छन् । सुरुमा चेतनाको अभावका कारण महिलाले अन्याय र दबावलाई सहेर बसेका छन् भने क्रमशः शैक्षिक चेतनाको प्रकाश छाउँदै जान्छ र

आफू माथि परेका दमन र अन्यायको विरुद्ध आवाज उठाउँदै जान्छन् । सङ्गठित भएर काम गर्नतर्फ लाग्छन् र त्यस्ताकार्यले सम्मान ग्रहण गर्छन् । अन्त्यमा सुस्मिताले अविनाश विरुद्ध आवाज उठाएर आफ्नो मातृत्वलाई सफल पार्दै दुई सन्तानकी आमा बन्छिन् । अविनाशले उनीहरूलाई वेवास्था गरेपछि अविनाशसँग सम्बन्धत्याग गरी दुई छोरा छोरीको जिम्मेवारी संहाल्न सक्षम हुन्छिन् र अन्त्यमा आफ्नो कर्तव्यलाई पुरा गरिसकेपछि मातृत्वले उच्चता पाएको महसुस गर्दै आफूलाई निःस्वार्थ सहयोग गर्ने र मनले रोजेको साथी प्रभातलाई पतिको रूपमा वरण गर्ने निर्णय लिन समर्थ भइन् । यसबाट उपन्यासकारले नारी र पुरुष संरचनात्मक रूपले फरक भएपनि कार्यका दृष्टिले फरक नभएको सत्यतालाई नारीवादी विचार र लैङ्गिक समानताको पक्षमा स्वतन्त्र र स्वच्छन्द तरिकाले वकालत गर्दै नारीवादी मान्यतालाई उचाइमा पुऱ्याएका छन् । यसबाट के स्पष्ट हुन्छ की समाजको विकासको लागि नर-नारीको सह-अस्तित्व आवश्यक हुन्छ । नारीहरू पनि समान अवसर पाएमा पुरुषभन्दा माथिल्लो उचाइमा पुग्न सक्ने हुदा उनीहरूलाई कमजोर ठान्न हुँदैन । उपन्यासमा विभिन्न पात्रहरूको प्रयोग गर्दै सबै नरनारीहरूले समान गति लिएर अघि बढ्न प्रेरित गरिएको छ । यसबाट के प्रस्ट हुन्छ भने प्रस्तुत उपन्यासको शीर्षक छनौटमा उपन्यासकार सिंह सफल देखिन्छिन् । यस उपन्यासको शीर्षक कथावस्तु अनुकूल छ र सार्थक रहेको छ ।

### ३.३.७ समानान्तर आकाश उपन्यासमा प्रयुक्त भाषाशैली

यस उपन्यासमा प्रयोग भएको भाषा सरल सरस र स्वाभाविक रहेको छ । भाषामा कलात्मकतासमेत भएकाले सम्पूर्ण घटना एवम् परिवेश चित्रमा झैं झलक्क झल्किने र दृश्यात्मक छ । भाषाको प्रयोग द्वारा वर्णनमा चित्रात्मकता प्रस्तुत गर्ने शैलीले कृतिलाई उच्चता प्रदान गरेको छ । **समानान्तर आकाश** उपन्यासमा एउटा मात्र कथावस्तु नभएर बीच-बीचमा छरिएका कथावस्तु आएर बिचमै टुङ्गिएका हुदा कथावस्तु सुहाउँदो पात्र प्रयोग भएको पाइन्छ । भाषा पात्र अनुकूलको रहेको छ । प्रतीकात्मक भाषा र बिम्बको प्रयोग पाइन्छ । उपन्यासमा पात्रको प्रकृतिअनुकूल कतै अङ्ग्रेजीका वाक्यहरूपनि समावेश गरिएका छन् । उपन्यासको भाषा दुर्वोध्य नभै सहज वा सम्प्रेषणीय नै छ । उपन्यासकार सिंहले संस्कृतका तत्सम शब्दहरू, अङ्ग्रेजी शब्दहरू, स्थानयि बोलीचालीका शब्दहरू र हिन्दी तथा अन्य भाषाका शब्दहरू प्रयोग गरेकी छिन् । उपन्यासको भाषाको प्रयोगलाई यसरी हेर्न सकिन्छ :-

**क) संस्कृत तत्सम शब्दहरू**

प्रस्तुत उपनयासमा प्रसस्त संस्कृतका तत्सम शब्दहरूको प्रयोग भएको छ । ती यस प्रकार रहेका छन् :-

अश्रुपूर्ण (पृ.१७८), अद्भुत (पृ.१२५), अविधा (पृ.४), आग्रह (पृ.६६), ऊर्जा (पृ.१४१), कार्यक्षेत्र (पृ.७), कार्यपत्र (पृ.१३५), ग्रामीण (पृ. ३३), तादात्म्य (पृ.१३६), निर्मल (पृ.९), पितृविहिन (पृ.१७२), मातृशिशु (पृ.४२), मृत्यु (पृ.१११), वयःसन्धि (पृ.९१), स्पर्श (पृ.४३), सहृदयी (पृ.६६), क्षतविक्षत (पृ. १७८) आदि ।

**ख) अङ्ग्रेजी भाषाबाट आएका शब्दहरू**

यस उपन्यासमा प्रस्तुत अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । अङ्ग्रेजी भाषाका वाक्यहरूलाई समेत उपन्यासमा समावेश गरिएको छ । त्यस्तै "स्विटी" उपन्यासकी पात्रको नाम समेत अङ्ग्रेजी मै राखिएको छ, उनी हाम्रै नेपाली छोरी हुन् । नेपाली नागरिक हुन् । यसबाहेक लिन्डा, जुलिया, रविन्सन, अब्राहम जस्ता अर्न्तराष्ट्रिय पात्रहरूपनि अङ्ग्रेजी भाषाबाटै आएका नाम हुन् । उपन्यासमा प्रयुक्त अन्य केही अङ्ग्रेजी शब्दको विवरण निम्न छ :-

अपरेसन (पृ.८३), ओभरकोट (पृ.३०), एस.एल.सी. (पृ.१०९), कर्डलेस (पृ.८), क्याक्टस (पृ.११६), ग्राजुएसन डे (पृ.१३९), गार्डेन (पृ.९), ग्रिनकार्ड (पृ.१२४), गुड नाइट (पृ.१४२), चायल्ड राइट टु बी अ मदर (पृ.१५०), टेन प्लस टु (पृ.१०९), डायरी नोट (पृ.८), डे स्कलर (पृ.९१), डोरबेल (पृ.१७७), नथिङ एल्स (पृ.१२), प्रोफेसनल, प्लिज गडसेक (पृ.६६), फोन (पृ.८२), ब्रेकफास्ट (पृ.१५१), ब्याग (पृ.१५६), बरन्डा (पृ.१६८), बी.बी.सी. न्यूज (पृ.१७३), म्याडम (पृ.४), म्याच (पृ.९), ममी (पृ.९१), वास्केट (पृ.९८), सेन्टमेरिज, सपिङसेन्टर (पृ.२३) ।

**ग) नेपाली अनुकरणात्मक शब्दहरू**

**समानान्तर आकाश** उपन्यासमा प्रयुक्त अनुकरणात्मक शब्द मध्ये केही शब्दहरू निम्न छन् :-

गदगद (पृ.४), घुटुघुटु (पृ.१०८), चुर्लुम्म, छर्लङै (पृ.४), झमझम (पृ.७८), झट्ट (पृ.११०), ट्वाल्ल (पृ.१२७), टहटह (पृ.९९), ड्यामड्याम (पृ.३०), ढकमक्क (पृ.९), तपतप (पृ.१२), थपथपाएको (पृ.९९), भताभुङ्ग (पृ.१३५), सरसरती (पृ.१३७) ।

**घ) अरबी फारसी शब्दहरू**

यस उपन्यासमा रहेका केही अरबी फारसी भाषाका शब्दहरू यस प्रकार रहेका छन् :-

आवाज (पृ.१६), इज्जत (पृ.१५१), कुर्सी (पृ.१), गरिबी (पृ.५), जागिर (पृ.१), जिन्दगी (पृ.१७९), पैसा (पृ.२८), हक (पृ.२६), हुकुम (पृ.५३) ।

**ङ) हिन्दी भाषाका शब्दहरू**

यस उपन्यासमा रहेका केही हिन्दी भाषाका शब्दहरू यस प्रकार रहेका छन् :-आप, बहुत, है (पृ.१४५), कसैाटी  जिन्दगीकी (पृ.७२), गहिरी आँखोमे डुवने जी चाहता (पृ.१४५), झीलको सैर (१४५), मार्ने से मे बहक गया हुई दिजिए मस्ती (पृ.१४६), शादिसुदा औरत (पृ.१४६) ।

**च) उपन्यासमा प्रयुक्त निपातहरू**

'ए', 'ओहो', 'क्यारे', 'खै', 'छि', 'त', 'न', 'पो', 'लौ', 'ह', 'हो' आदि निपातहरू प्रस्तुत उपन्यासमा प्रयुक्त छन् ।

**छ) आलङ्कारिक भाषाशैली**

प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा वर्तमाान नेपाली समाजका नारीहरूले सहनु परेका दमन र उत्पीडनलाई मूर्तरूपमा उतारिएको छ । उन्यासमा भाषिक कलात्मकता लागि कतिपय ठाँउमा अलङ्कारको प्रयोग गरिएको छ । यस  उपन्यासमा प्रयोग गरिएका अलङ्कारयुक्त केही वाक्यहरू यस प्रकार छन् :-

"...। आँखा खोल्नासाथ मेरो पहिलो दृष्टि झ्यालबाट छर्लङ्गै देखिने भर्खरै नुहाएर रातो घुम्टो ओढेकी नबबन्धू जस्ती हिमालको सौन्दर्यमा चुर्लुम्म डुब्यो (पृ.४)"

"...। गाईवस्तुहरू पनि आ-आफ्ना बाच्छाहरूलाई भेट्न आतुर भए झै बाँबाँ गर्दै गन्तव्यतिर लम्केका थिए । (पृ.४)"

"...। आँखा अगाडि सारा संसार घुमेजस्तै भाउन्न भएर  लडुँलाझै भयो । यी साना बालकहरूप्रति तिम्रो कुने उत्तरदायित्त्व छैन । विषालु सर्पलेझै फुङ्कारेर मैले भनैं । (पृ.२०)"

### ट) भाषिक विचलन

सामान्य भाषामा प्रयुक्त हुने भाषिक नियमको अतिक्रमण अर्थात् व्याकरणिक प्रयोगलाई विचलन भनिन्छ ।[१५०] साहित्यिक कृतिमा भाषिक विचलन हुनु अर्थपूर्ण ठहर्छ किनभने भाषिक विचलनले भाषालाई सुन्दर र चमत्कारपूर्ण बनाइदिन्छ । प्रस्तुत **समानान्तर आकाश** उपन्यासमा अर्थता**त्त्वि**क र व्याकरणिक दुबै विचलन पाइन्छ ।

#### अ) व्याकरणिक विचलन

उपन्यासमा रहेका व्याकरणिक विचलनयुक्त वाक्यका केही उदाहरणहरू :-

“त्यसपछि मैले केही सुन्न सकिन ।” (पृ.२७)

यहाँ त्यसपछिबाट वाक्य सुरु भएकोले व्याकरणिक विचलन देखिएको छ ।

“कता न कता” (पृ. ९७)

यो वाक्य कर्ता र क्रियाविहिन भएकोले व्याकरणिक विचलन देखिएको छ ।

#### आ) अर्थतात्त्विक विचलन

साहित्यक कृतिमा कुनै शब्दवाक्यले सामान्यार्थलाई छोडी विशिष्ट अर्थ प्रदान गर्न पुगेमा अर्थका दृष्टिले विचलन देखा पर्छ । **समानान्तर आकाश** उपन्यासमा रहेको विचलनको अवस्था यस प्रकार रहेको छ :-

“उनको त्यो रूप देखेर कोठामा बलिरहेको मैनवत्तीको शिखा एकाएक म जस्तै काम्न थाल्यो ।” (पृ.७२) यहाँ निर्जीव वस्तुलाई पनि मानिस जस्तै गरी कामेको जस्तो मानवीय कार्यको आरोप गरी आर्थी विचलन ल्याइएको छ ।

“आज देश घाइते भएर मरणासन्न अवस्थामा लडिरहेको छ ।” ( पृ.१५२) यहाँ अमानवीय वस्तुलाई मानवीकृत गरी घाइते र मराणासन्न अवस्थामा लडेको भनिएकाले आर्थी विचलन छ ।

---

१५० मोहनराज शर्मा, पूर्ववत, पृ. २७ ।

### ३.३.८ समानान्तर आकाश उपन्यासको रचनाशैली

कुनैपनि साहित्यिक कृतिमा रचनाकारले आ-आफ्नो किसिमका रचनाशैली प्रयोग गर्दछन् । कृतिको कलाको माध्यम भाषिक उपकरणबाट निर्मित छविमूर्ति हो, जसलाई छन्द, अलङ्कार, अर्थ, प्रतीक, कथन, चरित्र आदि पनि भनिन्छ ।[१५१] यस अध्ययन तहको माथिल्लो वा ठुलो एकाइ पाठ वा सङ्कथन हो । यस सन्र्दभबाट त्यसको संरक्षणमा पाइने तल्ला वा साना एकाइ क्रमश : भाग → अध्याय → अनुच्छेद → वाक्य अध्ययन गरिने हुँदा यसलाई साहित्यिक शैली विज्ञान पनि भनिन्छ ।[१५२]

**क) प्रतीकात्मक शैली**

**समानान्तर आकाश** उपन्यासमा वि-भिन्न प्रतीकहरूको प्रयोग गरी उपन्यासकारले आफ्नो प्रतीकात्मक शैलीलाई प्रस्ट पारेकी छिन् । भाषालाई प्रतीकात्मक र आलङ्कारिक बनाउने कममा यहाँ प्रयोग भएका प्रतीकहरू निम्न छन् :-

पीडाको खाडल, मनमयुर प्वाँख फिँजाएर नाच्न थाल्यो, आवरा बादल, भीडको नदी, पहाड झै गरुङ्गो दिन, आँखाभरि गुलाब फक्रिरहेका छन्, पहिलो पल्ट मैले आरुको बोट, आफु भित्र झाँगिएको अनुभव गरे ।

**ख) चित्रात्मक शैली**

उपन्यासकार पद्मावती सिंहले यस उपन्यासमा चित्रात्मक शैलीको प्रयोग बडो सजगतासहित गरेकी छिन् । उपन्यास पढ्दा पाठकलाई चलचित्र हेरिरहेको भान हुन्छ । शब्दचित्रद्वारा वास्तविक घटनाको छाप पार्न सक्नु उपन्यासकारको कलात्मक वैशिष्ट्य ठहर्छ । नारीहरूको आर्तनाद र कारुणिक दृश्यलाई फोटोमा जस्तै गरी उतारिएको यस उपन्यासका केही अंश यी रहेका छन् :-

“पातली, अग्ली, कुर्ता सुरवाल लगाएकी गोरो वर्णकी अलि सुलुक्क परेको चुच्चेनाक र लाम्चिलो अनुहार भएकी स्विटी राम्रै देखिन्थिन् ।” (पृ.२)

“उनी घरबाट निस्केपछि मैले हातको खुकुरीलाई एकपल्ट शून्य दृष्टिले हेरे र हुऱ्याएर फ्याँकेको खुकुरी हुर्रिएर ड्रेसिङ टेबुलको ऐनामा गई ठोकियो । ऐना चकनाचुर भई फुटी छरियो कोठाभरि छरियो ।”

---

१५१ पूर्ववत्, पृ.२४ ।

१५२ पूर्ववत् ।

**ग) वर्णनात्मक शैली**

उपन्यासमा पात्रहरूलाई खुलाउनुको साथै कथा वस्तुलाई गति दिनको लागि प्रश्नोत्तर भाषा प्रयोग गरिएको हुन्छ । प्रश्नोत्तरको भाषा भन्नु नै संवादात्मक भाषामा कतै प्रश्नोत्तर नभई संवाद मात्र पनि पाइन्छ । जुन शैली यस उपन्यासमा प्रसस्त पाइन्छ । केही उदाहरण :

"अहो ! आज त कप्तान दाइले भात पकाउदै ?"

"के गर्नु माया विरामी परेकी छे गर्नै पऱ्यो नि ।"

" ... कहिले आउनु भो म्याडम ?"

"ज्वरो अझै छ ?" (पृ.९६)

माथिको संवाद सुस्मिता र कप्तान बूढा बीचको हो ।

"के कुरा ?"

यदि शाश्वतलाई गर्भाधान गराउने मान्छेले तिमीलाई भेटेर विवाह गर्ने प्रस्ताव राख्यो भने तिमी के गर्छौ ?"

माथिको संवाद स्विटी र सुस्मिता बीच भएको हो ।

"को हो हँ ? झस्केर मैले सोधे

"म चिनिनौ ?"

"को म ?"

"म अविनाश बिर्सियो ?" (पृ.१७७)

माथिको संवाद सुस्मिताको ढोकामा साँझको बेलामा अविनाश सहारा माग्न आउँदाका अवस्थाको हो ।

**घ) लोकोक्तिहरूको प्रयोग**

**समानान्तर आकाश** उपन्यासमा भाषालाई मिठासपूर्ण र रोचक बनाउनको लागि विभिन्न लोकोक्तिहरूको प्रयोग गरिएको छ । उपन्यासमा रहेका लोकोक्तिहरू यस प्रकार छन् :-

"ढोका फेरिन्छ भाग्य फेरिन्न ।"

"बाघको मुख हेर्न मन लागे बिरालोको मुख हेर्नु,
शत्रुको मुख हेर्न मन लागे दाजुभाइको मुख हेर्नु ।"

"लोग्ने स्वास्नीको झगडा परालको आगो ।"

"राम मिलाए जोडी, एक काना एक कोढी ।"

"टुपी भएकी सासु ।"

ङ) **गति र लय**

उपन्यास घटनाहरूको जोडाइ तथा समयको हिँडाइमा अडेको हुन्छ । उपन्यासको गति भनेको कथानकमा रहेको बेग हो ।[१५३] मध्यम आयामयुक्त **समानान्तर आकाश** उपन्यासले घटनाक्रमबाट पाठकलाई कुतूहलता, कारुणिकता र क्रोध उत्पन्न गराई उपन्यास बीचमै बिसाउने अवस्था सिर्जना हुन दिएको छैन । यसमा कवितात्मकता वा लयात्मकता पाइन्छ भने कतै गोयात्मकता रहेको छ । त्यस्तै संवाद र वर्णनको समायोजले उपन्यासको गति तलमाथि गर्दा पाठकमा रोचकता र उत्सुकता सिर्जना भएको छ । यस उपन्यासमा पाइने गीतिलयको एक अंश यस प्रकार छ :-

"आकाशमा हिड्ने गरुड पङ्खी
नारायणघाटमा पाइने गोही
अरूको माया देख्दछु वरिपरि
मेरो माया छैन कोही ।" (पृ. ७८)

यसरी **समानान्तर आकाश** उपन्यासलाई उपन्यासकार पद्मावती सिंहले सरल रचना शैली प्रयोग गरी जीवन्तता प्रदान गरेकी छिन् ।

## ३.३.९ नारीवादी आँखामा समानान्तर आकाश उपन्यास

नारीवादी साहित्य पाश्चात्य साहित्यिक आन्दोलनको एक सशक्त उदाहरण हो । यसले नारीहरूको सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताको विषयमा सरोकार राख्दछ । समाजमा चिरकाल देखि प्रबल रहेकने लिङ्गकेन्द्री पुरुष विचारधाराको साथै पितृसतात्त्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न चिन्ह खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ । नारीवादी साहित्यले नारीहरूले जीवनलाई कस्तो किसिमबाट व्यतीत गर्छन्, केकस्तो अनुभव गर्छन् र कुनकुन क्रियाकलापहरू गर्छन् भन्ने कुरालाई विशेष महत्त्व दिन्छ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ ।[१५४] सन् १९४९ मा प्रकाशित फ्रान्सेली नारी लेखक साइमन ड बुभाको द सेकेन्ड सेक्स नारीवादी लेखन तथा आन्दोलनको युगन्तकारी

---

१५३ पूर्ववत् ।

१५४ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ, पृ. ३७१ ।

कृतिका रूपमा लिइन्छ ।[१५५] यसै कृतिले पाश्चात्य नारीवादी परम्परालाई हुर्काउने र मौलाउने प्रेरणा प्रदान गरेको छ ।

प्रस्तुत **समानान्तर आकाश** उपन्यासले पनि नारीवादी मान्यतालाई पूर्ण रूपमा स्वीकार गरेको छ । यसको विषयवस्तु नारी समस्यामा केन्द्रित हुदै समस्याको कारक तत्त्वलाई जरैदेखि मिल्काउन सफल देखिन्छ । यस उपन्यासका महिलाहरू सो संरचना निःसृत समस्याहरू सँग स्वाभिमानलाई नझुक्काइकन जुधिरहेका छन् र अन्त सम्म पनि त्योक कायम छ । महिला स्वभिनाको रक्षा उपन्यासको सर्वाधिक महत्त्वपूर्ण वैशिष्ट्य हो ।[१५६] रोग अनुकूलको औषधी आवश्यक परे जस्तै । पितृसत्ता पनि समाजरूपी शरीरमा लागेको पुरानो र कडा रोग हो यसका लागि नारीवाद जस्तो महत्त्वपुर्ण औषधी कुनै छैन, कुकुरले टोक्दा एन्टिरेविज औषधीको विकल्प अर्को हुदैन । नारीवाद राष्ट्रको विकासका क्रममा अङ्गाल्नै पर्ने अत्यावश्यक दृष्टिकोण हो । यसै दृष्टिकोणलाई अङ्गालेर प्रस्तुत उपन्यासकी उपन्यासकार पद्मावती सिंह साहित्य साधनाको बाटोमा लम्कन सफल भएकी छिन् ।

पितृसत्तात्मक समाज र सामन्ती संस्कार महिलामाथि हुने विभेदका सर्वाधिक जिम्मेवारी पक्ष हुन् ।[१५७] उपन्यासले नेपाली समाजको पितृसत्तारूपी रोगको राम्रै निवारण गरेको छ भने सामन्तवादी अर्बुदको विश्लेषणमा त्यति सचेतता देखाएको पाइदैन । यति हुदाहुदै पनि उपन्यासले पुरुषको परम्परित नजरले नारीप्रति गर्ने मुल्याङ्कनको विद्रोह गर्दै सहीकोणबाट पुरुषको मुल्याङ्कन गरेको छ । उपन्यासमा नारीलाई उपेक्षाको नजरले हेर्ने पुरुषपात्र पराजयको शिकार बनेर अन्ततः करुणाको अधिकारी बन्न पुगेका छन् भने ऐस आराम भोगविलास भन्दा ठूलो नारी अस्मिता र मातृत्त्व हुन्छ भन्दै मातृत्त्वलाई शिखरमा पुराउदै यसको विजयी स्वीकार गराइएको छ । यसबाट प्रस्ट हुन्छ कि प्रस्तुत **समानान्तर आकाश** नारीवादी उपन्यासको दृष्टान्त बन्न पुगेको छ ।

लैङ्गिक समानताका लागि सामाजिक आन्दोलनको रूपमा रहेको नारीवाद भाषणमा र विधानमा सिमित नभई प्रयोग र व्यवहारमा लागु गरेर विभिन्न पात्र मार्फत् देखाउन **समानान्तर आकाश** उपन्यास सफल भएको छ । अन्तत : समानान्तर आकाश

---

१५५ पूर्ववत् पृ. ३७२ ।

१५६ सुधा त्रिपाठी पूर्ववत् पृ.छ ।

१५७ पूर्ववत् पृ.ज ।

उपन्यासमा प्रयुक्त सबै नारी पात्रहरूका सुविचारको विजयी भएको र त्यस्ता पक्षहरूलाई उच्च मूल्याङ्कन गर्दै आम नारीहरूलाई आफ्ना हक, हित र अधिकार प्राप्त गर्न डटेर सङ्घर्षको मैदानमा होमिनुपर्ने प्रेरणा प्रदान गरेकोले यो नारीवादी अपन्यासको महत्त्वपुर्ण उपलब्धी हो ।

## ३.४ निष्कर्ष

**समानान्तर आकाश** सामाजिक यथार्थवादी उपन्यास हो । यसले हाम्रै नेपाली समाजमा घटेका घटनाहरूलाई आधार बनाएर नारीका पीडा र छटपटीहरूलाई समावेश गरेको छ । यसका प्रायः घटनाहरूले जन्मजात रूपमा नारी हुनाका कारण समाजमा पुरुषबाट पाउने तिरष्कार र पराधिनताको गह्रौ भारीलाई सकिनसकी बोकेर मृत्युको आगमनलाई कुरीरहनुपर्ने कटु सत्यलाई देखाएका छन् । अबका नारीहरूलाई मानव सबै एक हौ भन्ने सोच सहित आफ्नाहरू अधिकारलाई मध्यनजर गरेर जस्तो सुकै अवस्थामा पनि हटेर होइन कि डटेर आफ्नो अस्तित्त्व रक्षातर्फ कर्तव्य पथमा निरन्तर अघि बढ्नुपर्ने सन्देश उपन्यासले दिएको छ । जसरी उपन्यासकी कृष्णमाया, स्विटी, स्वेच्छा र सुस्मिताले धेरै सङ्घर्ष गरेर भए पनि अन्त्यमा आफ्नो अधिकार प्राप्त गर्न सक्षम भए त्यसरी नै सबै नारीले आफ्नो अधिकारहरू प्राप्त गर्नलाई उपन्यास प्रेरणा श्रोत बनेको छ ।

उपन्यासमा सुस्मिताको मूल कथा रैखिक ढङ्गले अगाडि बढेको छ । उनको अविनाससँग सम्बन्धित कथा स्विटी, नम्रता र कृष्ण मायाका कथाहरू पुर्व दीप्तिका रूपमा आएका छन् । समग्रमा उपन्यासले सरल भाषा शैलीको प्रयोगबाट नेपाली नारीलाई पुरुष सरह देखाउँदै राष्ट्रको विकासका लागि अघि बढ्ने सन्देश दिन सफल भएको छ ।

# चौथो परिच्छेद

## **समानान्तर आकाश** उपन्यासको मूल्याङ्कन

### ४.१ पृष्ठभूमि

उपन्यासकार पद्मावती सिंहद्वारा लिखित 'समानान्तर आकाश' उपन्यासले नेपाली समाजको जनजीवनलाई समेट्ने सफलता प्राप्त गरको छ । यस उपन्यासमा नेपालको उपत्यका, पहाड अथवा गाँउ सहरको समाज चत्रित छ । यस उपन्यासको मूल्याङ्कन तलका विभिन्न उपशीर्षक अर्न्तगत रहेर गरिएको छ ।

### ४.२. समाजिक यर्थाथवादी उपन्यास

सामाजिक यर्थाथवादी उपन्यासमा मानिसका दुर्वलता, दुरावस्थाहरूको समष्टि रूपमा चित्रण गर्ने मानवीय यर्थाथका सम्बेद्य कुराहरू प्रस्तुत गर्ने र मानिसको नियति चित्रण गर्ने कार्य हुन्छ ।[1] यसमा समाजमा घटेका घटनाहरूलाई कुनै किसिमले ढाक छोप नगरी यर्थाथरूपमा रचनामा प्रस्तुत गरिन्छ । समाजका त्यस्ता घटनाहरू प्रति लेखकको सैद्धान्तिक आग्रह वा प्रविबद्धता हुदैन । सामाजिक यर्थाथावादी उपन्यासको प्रवर्तन नेपाली साहित्यमा गर्ने व्यक्ति लैनसिंह वाङ्देल हुन र यस धाराका अन्य उपन्यासकारहरूमा अच्छा राई रसिकको लगन (२००५), मोहन बहादुर मल्लको उजेली छाया (२००८), लील बहादुर क्षेत्रीको बसाइँ (२००४) लीलाध्वज थापाको मन (२०१५) त्यस्तै पद्मावती सिंहको समानान्तर आकाश (२०६२) पर्दछन् ।

वि.सं. २००४ सालदेखि प्रारम्भ भएको सामाजिक यथार्थवादी धारा अर्न्तगत नेपाली समाजमा घटेका पारिवारिक तथा सामाजिक घटनाहरूलाई आधार बनाएर वि.सं. २०६२ सालमा **समानान्तर आकाश** उपन्यास देखापरेको छ । यसले मूलतः वर्तमान समयमा हाम्रो देशमा अवस्थित पितृसत्तात्मक समाजको चाल चलन र नारीहरू माथि गरिने शोषण, दमन, अन्याय र अत्याचारलाई जस्ताको तस्तै चित्रात्मक रूपमा समावेश गरेको छ । **समानान्तर आकाश** उपन्यास जीवनको हासो, रोदन, व्यस्तताका अत्यास र हडबडी ऐकान्तिकताजस्ता सर्न्दभका

१ ईश्वरीप्रसाद गैरे, पूर्ववत्, पृ. २३९ ।

पोकापन्तरा फुकाइएका छन् ।[२] यस उपन्यासले समाज नारी-पुरुषको समान अस्तित्त्वमा विश्वास राख्दछ । पुरुष प्रधान परम्पराको उन्मादले गर्दा उनीहरू प्राय यस्तो भावना राख्दैनन् । सहरिया शिक्षित गाँउले अशिक्षित सबै लोग्ने मान्छेहरूले महिला भनेपछि समाजको दोस्रो दर्जाको प्राणी हुन् उनीहरूलाई पशुवत् व्यवहार गरे पनि सहने हुँदा यसो गर्न केही सङ्कोच मान्नु पर्दैन भन्ने भावना विकसित भएको हुन्छ । प्रस्तुत उपन्यासले यस्तो धारणा राख्ने समाजका माथिल्लो दर्जाका हुँ भनाउँदा पुरुषहरूलाई अबका शिक्षित महिलाले समूहगत रूपमा चेतनाको लहर फैलाएर साङ्गठनिक रूपमा दण्डित गर्दै आफ्ना हकअधिकार आफ्नै काबुमा राख्नुपर्ने सन्देश दिएको छ ।

अन्ततः समकालीन समाजलाई आधार क्षेत्र बनाएर सामाजिक जिन्दगीका अस्त व्यस्तताहरू भनौं यथार्थहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दै हेपिएको समुदाय प्रति चित्रात्मक रूपबाट सहानुभूति प्रकट गर्न सफल प्रस्तुत **समानान्तर आकाश** उपन्यास सामाजिक यार्थथवादी उपन्यासको उत्कृष्ट दृष्टान्त हो ।

## ४.३ घटनाप्रधान उपन्यास

**समानान्तर आकाश** घटनाप्रधान उपन्यास हो । नेपाली समाज व्यवस्थाको स्थापना कालदेखि वर्तमान समयसन्दर्भ सम्मको पितृसत्तात्मक परिपाटीलाई यसले स्पर्श गरेको पाइन्छ । मानवजीवन भोगाइका क्रममा नारीहरूले पुरुषबाट पाउने माया, ममता, आश्वासन, घृणा र अन्याय र थिचिमिचो जस्ता पक्षको चित्रण यहाँ गरिएको छ । यसले संरचनागत रूपमा नारी हुनाले जीवनको जुनसुकै घडीमा हुन सक्ने बलात्कारको घटनाहरूलाई स्विटीको जीवनसँग सादृश्य गराएर देखाइएको छ । त्यसै गरी नारीमाथि पुरुषले सौता हाल्ने, सासुससुराले हेला गर्ने र पोइला जानुपर्ने जस्ता घटनाहरूलाई देखाउदै जहाँ गएपनि नारीहरू दुर्घटित जीवन भोग्न बाध्य हुनुपर्ने कुराहरूलाई कृष्णमायाको उपस्थितबाट उपन्यासले सङ्केत गरेको छ । त्यस्तै सुस्मिताद्वारा नारी शिक्षित भएर अन्यायको विरोध गर्दै अस्तित्वको खोजि गर्दा उसको जीवनमा आइपर्ने सम्पूर्ण घटनाहरूलाई देखाइएको छ । भीरगाँउ तथा मानेगाँउका महिलाहरूको संरचनात्मक कार्यलाई पुरुषहरूले कसरी दुर्घटित गराइदिए भन्ने कुरालाई पनि उपन्यासले सफल रूपमा देखाएको छ ।

२ सुधा त्रिपाठी समानान्तर आकाश, ललितपुरः साझा प्रकाशन भूमिका खण्ड पृ.ङ ।

समग्रमा भन्नुपर्दा उपन्यासको कथा वस्तुमा आएका सबै पात्रहरू आ-आफ्नै जीवनसँग सम्बन्धित घटनाको सञ्जालमा फसेका हुनाले नै प्रस्तुत उपन्यसालाई घटनाप्रधान उपन्यासको रूपमा लिइएको छ ।

## ४.४ नारीवादी उपन्यास

**समानान्तर आकाश** उपन्यास नारी समस्यामा केन्द्रित रहेर लेखिएको उपन्यास हो । यसमा नारीले भोग्नुपर्ने कष्टकर जनजीवनलाई औंल्याउँदै अन्त्यमा नारी अस्मिताको जीत तथा नारी सत्ताको खोजप्रति सचेत रहन सबैलाई जागृत गराइएको छ । नारीवाद आजको नेपालको आवश्यकता नै हो ।[३] यहाँ लिङ्गभेदको अन्त्य भइसकेको छैन । अबको स्थितिमा आएर पनि मानिसलाई लिङ्कै आधारमा ठुलो वा सानो भनी पर्गेल्ने हो भने विश्व परिप्रेक्ष्यको सामु हाम्रो राष्ट्र विकासको गतिमा पश्चाभिमुखी भएर रहनेछ भन्ने भाव उपन्यासबाट ग्रहण गर्न सकिन्छ । यस उपन्यासमा नारीवादको केन्द्रीयताबाट जीवनका यावत् पक्षलाई दृष्टिगत गरिएको छ । उपन्यासमा आएको नारीवादी स्वरूपले समाजिक आन्दोलनको पाटाको भूमिका निर्वाह गरेको छ । नारीको व्यक्तिगत स्वतन्त्रताभन्दा सिङ्गो समाज तथा राष्ट्रको सुखसमुन्नतिको लागि नारीवादको औचित्य स्थापित गर्ने सन्दर्भमा उपन्यासकार सफल भएकी छिन् ।

यस उपन्यासमा सम्पुर्ण नारी पात्रका सुविचारको उच्च मुल्याङ्कन गरिएको छ । यसकी प्रमुख पात्र सुस्मिताद्वारा कामुक र व्यभिचारी पतिलाई लत्याएर मातृत्वलाई उचाइमा राख्न भएको सफल प्रयास, स्विटी बलात्कृत भएपनि भ्रूण हत्या नगरी अविवाहित आमा बनेर शाश्वतलाई सक्षम नागरिक बनाउन सफल हुनु, स्वेच्छाले पतिको कारण निःसन्तान भएपनि टेस्टट्युबबेबी धारण गर्न सफल हुनु, कृष्ण मायाले पतिको पीडा सहन नसकेर स्वावलम्वी बनेपछि उक्त पतिलाई स्वयंले तह लगाउनु, भीरगाउँ लागायतका महिलाहरूले आर्थिक रूपमा आफूलाई सबल बनाएर उद्दण्ड कार्य गर्ने पुरुष वर्गलाई दण्डित गर्नु, सुस्मिता विरुद्ध भ्रुठा सिकायत लेख्ने देवीप्रसादले कार्यालयमा राजिनामापत्र बुभ्राउन विवश हुनु जस्ता प्रसङ्गले उपन्यासमा प्रयुक्त नारी विचारको विजयीलाई अत्यन्त पारदर्शी रूपमा फैसला गरिएको छ, त्यसैले यो उपन्यास नारीवादी उपन्यास हो ।

---

३ पूर्ववत् पृ. च ।

## ४.५ कारुणिक स्वरको उद्घाटन

**समानान्तर आकाश** उपन्यासमा उपन्यासकार सिंहले करुणरसको प्रयोग गर्न आफूलाई सक्षम तुल्याएकी छिन् । यसमा प्रयुक्त पात्रहरूमध्ये प्रायः सबै करुणाको स्रोत बनेका छन् । कथावस्तुमा सबै पात्रहरूको दयनीय अवस्था सिर्जना भएको छ ।

उपन्यासकी मुखपात्र सुस्मितालाई पतिले अर्की श्रीमती ल्याई गृहत्याग गरेपछि नाबालक सन्तानको पालनपोषण कसरी गर्ने र जागिर कसरी खाने भन्ने प्रश्न चिन्हमा करुणाको आभास पाइन्छ । त्यस्तै उनी गैरीगाउँ पुगेपछि करुणाको भाव सल्बलाएको एउटा अंश यस प्रकार छ :-

"... त्यसपछि एक्लै कोठामा सुतिरहेकी छोरी आस्थालाई सम्भे । मेरो मन निचोरिर आयो । आँखाबाट दुई थोपा आँसु चुह्यो । मनलाई दऱ्हो पारी विछयौनामा ढल्किए । परेलीबाट बरबरी आँसु चुहिएर सिरानी लपक्कै भिज्यो ।"[४] यसरी आफ्ना मुटुका टुक्रालाई बाल्यवस्थामै छोडेर जागिर खान दुर्गम जानुपर्दा सुस्मिताको मनमा पैदा भएको मानसिक रोदनमा करुणाको स्वर भल्किएको छ । त्यस्तै कृष्णमायालाई कप्तान बुढोले पिटेपछि उनको शरीरभरी देखिएका नीलडाम हेर्दा सबैको मन दयाले पग्लिन्छ । स्विटीको गर्भावस्थाको अन्तिम घडीमा फुपूकहाँ गई बच्चा जन्माउदा माइती पक्षबाट उनी र फुपू समेत बहिष्कार हुन्छन् यो अवस्थामा पनि सबै पाठकको मन करुणाले छिन्नभिन्न भएर आउँछ । यस्तै करुणाको अभ उत्कर्ष स्वरूप अविनाशको जीवनको अन्त्यावस्थामा फेला पर्छ । अन्तमा अविनाश आफ्ना कुकर्मले स्वयं दण्डित भइ सकेपछि सुस्मिताको सहारा खोज्दै आएको हो स्वयं स्वार्थका लागि परिवर्तन भएर आएपनि उसलाई सुस्मिताले लत्याइदिँदा अविनाश दयाको अधिकारी बनेको छ । यो दृश्य साँच्चै कारुणिक छ । यस्तै गरी भुठा सिकायत लेख्ने देवी प्रसादले हार स्वीकारेर आवासीय प्रतिनिधी सामु राजिनामा लेख्नु पर्दाको अवस्थामा समेत पाठकहृदय दयाले द्रवीभूत भएर आउँछ । समग्रमा यस उपन्यासको विषय वस्तुले कारुणिक स्वरूपको उद्घाटन गरको छ ।

---

४ पद्मावती सिंह, समानान्तर आकाश, साभा प्रकाशन, ललितपुर, २०६४ पृ.२ ।

## ४.६ मानवतावादी भावना

**समानान्तर आकाश** उपन्यासले समानता स्वतन्त्रता र सहअस्तित्त्वको आधारमा मात्रै समाज र राष्ट्रका विकासको अपेक्षा गरको छ । उपन्यासकारले शोषण र दमन गर्ने प्रवृत्तिको पराजय भएको देखाउँदै आफ्नो कर्तव्यबाट विचलित नहुने अभिप्रेरणा सबैलाई प्रदान गर्न सफल भएकी छिन् । यस उपन्यासमा मूलतः लैङ्गिक समानतालाई मध्यनजर गर्दै वर्तमान समयका सामाजिक संरचकहरू नारी तथा पुरुष दुबैलाई समयको परिवर्तन र शैक्षिक जागरणको लहरसँगै लिङ्गगत आधारमा मात्र आफूलाई सबल र दुर्बल नठानी कार्यगत आधारमा हातेमालो गर्दै समाजोत्थानको लागि अघि बढ्नुपर्ने धारणा व्यक्त भएको छ । साथै पुरुषलाई आफू पुरुष भए भन्दैमा नारीहरू माथि हैकमी प्रवृत्ति लाद्नु हुँदैन उनीहरूका यावत् समस्याहरू प्रति ध्यान दिँदै मातृत्वलाई उचाइमा राखेर व्यवहार गर्नुपर्छ भन्ने मानवीय स्वर प्रकट गरिएको छ । त्यसै गरी आम नारीहरूलाई पनि एक्काईसौँ शताब्दीको सन्दर्भ देखाउँदै सधै आफूलाई लोग्नेको टहल गर्ने र घरको शोभा भएर मात्र बस्नुहुँदैन । आफ्ना अधिकारहरू आफैले खोज्नको लागि बाहिरी संसारमा आफूलाई समायोजन गर्नुका साथै मातृत्त्वलाई उच्चता प्रदान गर्दै आफ्ना नैसर्गिक मानवीय हक-अधिकारको सुरक्षाको लागि सदैव प्रयत्नशील हुनुपर्छ भन्ने शुभसन्देश प्रकट गरिएको छ ।

उपन्यासले नारी तथा पुरुष दुबै समाजको उच्च र चेतनशील प्राणी भएकोले आफूमा निहित मानवताको भावलाई खस्किन दिनुहुँदैन भन्ने भाव प्रकट गरेको छ । जसरी उपन्यासका प्रभात र आवसीय प्रतिनिधि दुबै पुरुष पात्र भए पनि लिङ्गगत रूपमा तटस्थ रही आफ्नो कार्यलाई अगाडि बढाएका हुनाले कुनै किसिमको दण्डको सामना गर्नुपरेको छैन । उपन्यासमा आएका अन्य पुरुष पात्रहरूले लैङ्गिक विभेदयुक्त कार्य गरेकाले आफूहरूले पराजय स्वीकार गर्नुपरेको छ । समाजका सबै नागरिकहरूले मानवताको भावलाई मध्यनजर गर्दै मानवीय क्रियाकलापहरूलाई सुव्यवस्थित रूपबाट सञ्चालन गर्दै गएमा कसैले हार वा पराजय खेप्नु पर्दैन । सधै सबैको कल्याण हुन्छ भन्ने कुरा यथार्थ रूपबाट उपन्यासमा प्रकट भएको छ ।

## ४.७ प्रकृतिचित्रण

पद्मावती सिंहले **समानान्तर आकाश** उपन्यासमा अत्यन्त स्वाभाविक रूपमा प्रकृतिको चित्रण गरेकी छिन् । यहाँ आलङ्करिक प्रस्तुतिको रूपमा प्राकृतिक

सुन्दरताको चित्रण गरिएको छ । घटनाको बाहुल्य रहे तापनि उपन्यासमा गरिएको प्रकृतिको वर्णनले औपन्यासिक उच्चता प्रदान गरेको विवरण यस प्रकार छ :-

"झ्यालबाट पर देखिने हिम श्रृङखलाहरूदेखि मुग्ध भइरहेको छ मेरो मन, स्वच्छ, निर्मल आकाश र शीतल वातावरणले मनमा शीतलता प्रदान गरिरहेको छ । ओभानु नभइसकेका मेरा आँखामा परिवेशको सुन्दरताले सुम्सुम्याइरहेझैं प्रतीत भइसकेको छ मलाई । म आकाशमा व्याप्त तितरी पङ्खी देखी पुलकित हुन थाल्छु ।" (**समानान्तर आकाश**: पृ. १)

यहाँ प्रकृतिलाई सचित्र उतार्ने कार्य भएको छ ।

"बिहान उठ्दा झलमल्ल घाम लागिसकेको छ । आँखा खोल्नासाथ मेरो पहिलो दृष्टि झ्यालबाट छर्लङ्गै देखिने भर्खर नुहाएर रातो घुम्टो ओढेकी सलज्ज नवबधू जस्ती देखिने हिमालको सौन्दर्यमा चर्लम्म डुब्यो ।" (**समानान्तर आकाश**: पृ.४)

त्यस्तै प्रकृतिमा देखिने ऋतु परिवर्तनका प्रसङ्ग वर्षा ऋतुमा किसानले देखाउने आफ्नो पेशाप्रतिको लगाब असारे गीत वर्षाको बादल तथा मेघगर्जन लगायतको भायावह अवस्थाको चित्रणलाई देखाइएको छ । त्यस्तै नेपालको उपत्यका, पहाड र हिमाली प्रदेशको वर्णनलाई उपनयासमा सचित्र प्रस्तुत गरिनु यस उपन्यासको विशेषता रहेको छ ।

## ४.८ बिम्बको सफल प्रयोग

**समानान्तर आकाश** उपन्यासको शीर्षक प्रतीकात्मक रहेको छ । यसको वास्तविक अर्थ समानान्तर शब्दले बरावरी अर्थ बुझाउँछ भने यहाँ प्रयुक्त आकाश शब्दले सिङ्गो मानव जीवनको सङ्केत गरेको छ । सिङ्गो मानव जीवनमा नारी र पुरुष सामाजिक तथा मानसिक रूपमा बराबर भए मात्र व्यक्तिगत तथा सामाजिक जीवन सफल हुन्छ ।[५] प्रस्तुत उपन्यासमा अनुभूतिलाई तीभ्रता र तीक्ष्णतासहित व्यक्त गर्नका लागि प्रकृतिलाई बिम्बका रूपमा ग्रहण गरिएको देखिन्छ ।[६]

"मनभरि हुरी हुरबातस चलिरह्यो, मन त आकाश पनि हो, सुकेका दह जस्ता आँखा, आकाश बादलझैं, नजिकै बुढि गण्डकी सुसाएझैं मेरोमन पनि सुसाइरहेकोले, पहाड झै गरुङ्गो दिनलाई मैले विछ्यौनामा पछारे, आफूभित्र फुल्ने

---

५ लीला लुइँटेल गरिमा वर्ष २६, अङ्क १० पूर्णाङ्क ३१०, असोज २०६५ 'समानान्तर आकाश एक विश्लेषण' पृ. ७३ ।

६ सुधा त्रिपाठी पूर्ववत्, पृ.द ।

बोगन भेलियालाई मैले निमोठ्दै आएकी छु, शरिरभरि क्याक्टस उम्रेझैं भयो । त्यसको तीखा घोचाइ मैले मुटुभरि अनुभव गरे, उही एक्लो पनाको अक्टोपसीय हातभित्र जकडिएँ, जीवनको साँझमा डुब्न लागेको सूर्यको प्रतिक भएर उभिएकी छु म" ।

यसरी बिम्वप्रतीको भाषा प्रयोगका दृष्टिले हेर्दा **समानान्तर आकाश** सफल उपन्यासको रूपमा देखिन्छ ।

## ४.९ निर्ष्कष

**समानान्तर आकाश** उपन्यास उपन्यासकार पद्मावती सिंहको औपन्यासिक यात्राको उद्गमस्थल हो । यसमा नेपाली समाजमा प्रचलित लिङ्गभेदी व्यवहारको अन्त्य गर्दै लैङ्गिक समानताको बिगुल घन्काइएको छ । यहाँ उपन्यासकार सिंहले समतामूलक समाज जहाँ नर-नारीको सहअस्तित्त्व रहेको हुन्छ । त्यसको उन्नयन र विकासको लागि दुबै पक्षले एक आपसमा हातेमालो गर्दै समान गतिमा अग्रगामी पाइलाहरू चाल्नुपर्छ भन्ने मूल भावलाई प्रकट गरेकी छन् ।

**समानान्तर आकाश** सामाजिक यर्थाथवादी धारालाई अनुसरण गरेर लेखिएको बहुप्रचलित नारीवादी स्वर घन्काएर सुषुप्त नारी समाजलाई नै आत्मनिर्भर स्वाभिमानी हुने सन्देशसहित अन्याय विरुद्ध विद्रोह बाँच्न यसले उत्प्रेरित गर्दछ ।[७] लैङ्गिक विभेदको अन्त्य गर्दै सबै मानिहरू नारी पुरुष जे भएपनि दुबै पक्षले आफू भित्र रहेको मानवतालाई खस्किन नदिन अपिल गरिएको छ । यस उपन्यासमा प्रयुक्त नारी पात्रहरूले शुरुको अवस्थामा घोर अन्याय सहनु परेको छ । कसैलाई मातृत्त्वबाट बञ्चित गराइएको छ भने कसैलाई दैनिक शारीरिक पीडा प्रदान गरिएको छ त्यस्तै कुनै नारी पात्रको कौमारित्त्व माथि खेलावाड गर्दै बलात्कारको सिकार बनाइएको छ । त्यस्तो अवस्थामा नारीहरूले सङ्घर्ष गर्दै आफ्नो र समस्त नारी वर्गको हक हित र अस्तित्त्व तथा मातृत्त्वलाई सुरक्षित राख्न सक्षम बनाएर कथावस्तुले स्वतन्त्र भई नारीको पक्षमा वकालत गर्दै कुकर्म गर्ने प्रत्येक पुरुषलाई एक-एक गरी दण्डित गरेको देखाइएको छ । यसबाट यो उपन्यास नारीवादी उपन्यास हो भन्ने कुरा स्पष्ट हुन्छ ।

---

७ कृष्णचन्द्रसिंह प्रधान, समानान्तर आकाश ललितपुर साझा प्रकाशन वि.सं. २०६२, भूमिका खण्ड पृ. ख ।

उचित वातावरण सिर्जना गरी अर्घेल्याइँ नलाग्ने नायिकाको निर्दोष व्यवहार यहाँ द्रष्टव्य छ । चाहिने परिवेश तथा प्रतिकुल अमानवीय स्थितिको संयोजन भित्र उठाइएको सुस्मिताको साहसिक पाइला आफैमा अनुचित, उनुत्तरदायी होइन । यसरी स्वतन्त्र बाटो रोजेर पुरुष निरङ्कुशता विरुद्धको निर्णयले कुनै स्वैछिक उच्छृङ्खलताको आभास दिँदैन । त्यस्तो गर्न लगाउने पुरुषको विवेकहीन गैरजिम्मेवारीलाई सङ्केत गर्न खोजिकएको छ, जसले गर्दा प्रतिकार गर्न नारीलाई पनि कठोर हुनुपर्दछ । यसर्थ सहेर होइन, जोखिम सकार्न तयार हुनुपर्छ । चुत्था भई भोग्या र दासी हुनु उचित होइन । यस सन्देश दिन खोजेको छ **समानान्तर आकाश**ले ।[८]

विभिन्न बिम्ब प्रतीकहरूको प्रयोगद्वारा भाषागत सरलता र सुबोध्य तरिकाले रचित यस उपन्यासले प्रकृतिको चित्रण अत्यन्त कलात्मक रूपमा गरेको छ । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा यथार्थ घटनाको तस्विर खिच्न उपन्यासकार सफल भएकी छिन् । उपन्यासको अन्तर्निहित विशेषताको आधारमा यो उपन्यास मध्यम आयाममा सिर्जित आवश्यका पात्रको संयोजन तथा मानवीय स्वरलाई सशक्त रूपमा फैलाउन सफल भएको छ । उपत्यका पहाड, गाँउ-सहर, धनी गरीब, शिक्षित-अशिक्षित सबै पक्षको चित्रण गर्न उपन्यास सफल रहेको छ ।

उपन्यासले नारी अस्मिताको उच्च स्वरूप मातृत्त्व भएको दर्शाउँदै आम नेपाली नारीहरूलाई जुनसुकै अवस्थामा पनि म नारी हुँ भनी हीनताबोध नगरी म सृष्टिको संवाहक हुँ र एक आमा हुँ भन्ने सोच राखेर अगाडि बढ्ने सन्देश प्रकट गरेको छ । ठाउँठाउँमा करुण रसको प्रयोग गरेर अन्यायको विरुद्धमा सङ्घर्ष जीउँदै लैङ्गिक समानताको लागि व्यावहारिक र प्रयोगात्मक पाइला चलाउने सन्देश दिन यो उपन्यास सफल भएको छ ।

---

८ पूर्ववत् पृ.क ।

# पाँचौ परिच्छेद

## उपसंहार

उपन्यासकार पद्मावती सिंहको जन्म वि.सं. २००५ साल वैशाख १९ गते शनिवार ओम्बहालटोल स्थित काठमाडौंको सम्पन्न परिवारमा भएको हो । उनका पिता परशुरामभक्त माथेमा र माता चन्द्र भुवनेश्वरी माथेमा हुनुहुन्छ । नेपालमा संगीत विषयको पुस्तक लेख्ने पहिलो व्यक्ति परशुरामभक्त माथेमाको संगीत प्रतिको लगावबाट प्रभावित पद्मावती सिंहको वास्तविक नाम पद्मा माथेमा हो । वि.सं. २०२२ सालको 'आरती' साप्ताहिकमा सुश्री पद्मा माथेमाको नामबाट 'पत्थरको हृदय' शीर्षकको कथा लिएर नेपाली साहित्यको धारातलमा प्रवेश गरेपछि नेपाली कथाजगतमा निरन्तर सुनिँदै आएको नाम हो ।

कन्यामन्दिर स्कुलबाट वि.सं. २०१९ सालमा द्वितीय श्रेणीमा एस.एल.सी पास गरेकी पद्मावती सिंहले त्रिचन्द्र कलेजबाट विज्ञान विषयमा प्रमाणपत्र तह तथा मानविकी सङ्कायबाट स्नातक तह पास गरेकी छिन् । पद्मावती सिंह मूलतः कथाकार हुन् । उनी गीतकार पनि हुन् । पेशागत दृष्टिले हेर्दा उनी एक समाजसेवी महिला हुन् । हालसम्म पाँचवटा कथात्मक कृतिहरू प्रकाशित गरिसकेकी सिंहले वि-भिन्न पत्र-पत्रिका मार्फत् आफ्ना लेखरचनाहरू प्रकाशित गर्दै आएकी छिन् । त्यस्तै गायन क्षेत्रमा पोख्त पद्मावती सिंहले रेडियो नेपाल लगायतका सञ्चार माध्यमहरूबाट आफ्नो लय र स्वरलाई लोकप्रिय बनाउन सफल देखिन्छन् ।

औपन्यासिक यात्राका क्रममा **समानान्तर आकाश** उपन्यासकार सिंहको प्रथम औपन्यासिक कृति हो । यसमा समाजिक यथार्थवाद अर्न्तगत रहेर नारीवादी स्वरलाई उजागर गर्ने सफल प्रयास भएको छ । यसको विषयवस्तुले सामाजिक सेरोफेरो समेटेको छ । यस उपन्यासले नेपाली समाजमा परम्परादेखि जरो गाडेर रहेको पित्तृसत्तात्मक परिपाटीमा नारीले आफ्नो जीवन भोगाइलाई कति कष्टकर बनाउनु परेको छ भन्ने कुरालाई सरल तरिकाले प्रस्तुत गरेको छ । उपन्यासले विषयवस्तुअनुकूल पात्रको चयन गरी तिनै मार्फत् समाज सुधारको भावनालाई फैलाउन सफल भएको छ । उन्यासकी प्रमुख पात्र वा उपन्यासकी मुखपात्रको रूपमा सुस्मितालाई उभ्याइएको छ । तिनै सुस्मिता मार्फत् उपन्यासकारले आफ्ना मनोभावनालाई उपन्यासमा छताछुल्ल पारेकी छिन् ।

यस उपन्यासले विषयवस्तुको मुख्य थलो नेपाली धरातललाई बनाएको छ । नेपाली समाज, यहाँको उपत्यका, पहाड, गाउँ, सहरका यथार्थ घटनाहरूलाई सुहाउने पात्रको प्रयोगद्वारा उतार्न सफल भएको छ । यसरी समाजका यथार्थ घटनाहरूलाई चित्रात्मक शैलीको प्रयोग गरी फोटोग्राफरले फोटो खिचेजस्तै उपन्यासकारले शब्दचित्रद्वारा प्रस्तुत गर्न सफल भएकाले यो एक

सामाजिक यथार्थवादी उपन्यास हो । सरल भाषाशैली र मिठासपन बढाउने वि-भिन्न उखान-टुक्काको प्रयोग गरी लेखिएको यस उपन्यासको मूल काथावस्तु 'म' पात्रद्वारा रैखिक ढङ्गले अगाडि बढेको छ भने अविनाश, स्विटी तथा प्रभातका कथाहरू पूर्वदीप्तिका रूपमा आएका छन् ।

उपन्यासमा परिवर्तनशील नव समाजको पहिचान पाइन्छ । यस प्रसङ्गलाई एकातिर कम्प्युटर, इमेल, इन्टरनेट, च्याट मोबाइल आदिले देखाएका छन् भने अर्को तिर विभिन्न पात्रका जीवनशैलीबाट प्रस्ट हुन आउँछ । हाल पाश्चात्यजगत्मा प्रचलित लिभइन टुगेदरको जीवनशैलीलाई नेपाली पात्र अर्पणा र आकाशले ग्रहण गर्नु सुस्मिता साँझ एक्लै रेस्टुरेन्ट जानु, नम्रताले आफू अविवाहित भएपनि कुमारी छैन भन्ने प्रसङ्ग देखाउनु, प्रतिभाले ह्विस्की पिउनु, कप्तान बूढाले दमाइसँग गएकी छोरीलाई भित्राउनु, स्वेच्छाले टेष्टुट्यववेवी धारण गर्नु जस्ता प्रसङ्गले उपन्यासमा परिवर्तनशील नवसमाजको सङ्केत पाइन्छ ।

समग्रमा प्रसङ्ग अनुकुल अङ्कका आधारमा बाईस परिच्छेदमा विभाजित तथा आदि मध्य र अन्त्यको क्रमिक विन्यास सङ्गठित यो उपन्यास समाजिक विषयवस्तु केन्द्री विचार मूलक कृति हो । **समानान्तर आकाश** उपन्यासले समाजलाई नारी र पुरुषको सह अस्तित्त्वमा चल्ने संयन्त्रको रूपमा स्वीकारेको छ । नारी र पुरुष एक्लाएक्लै रहेर आ-आफ्नो पाटोबाट दुई विपरित ध्रुवतिर मोडिने हो भने समाज तथा समग्र राष्ट्रकै उन्नतिमा अवरोध हुन्छ भन्ने कुरा स्पष्ट तरिकाले देखाएको छ । उपन्यासमा सुस्मिता र अविनाश आ-आफ्नै उडानतर्फ लाग्दा शारीरिक र मानसिक पीडाको शिकार हुन पुगे । अझ अविनाश त एउटी शिक्षित श्रीमती तथा दुई सन्तानको पिता भएर आफ्नो अहम् र उत्तरदायित्त्वविहिन स्वभावले गर्दा बृद्धावस्थामा समेत बेसहारा बन्न पुग्यो । उता सुस्मिता अविनाशले कर्तव्यलाई कुल्चेर गए पनि आफ्नो कर्तव्यपथलाई सम्हालेर अघि बढ्दा अर्को पुरुष प्रभातको निःस्वार्थ सहायताबाट सधै सुखी हुने अवसर पाइन् भने प्रभात एक्लो जीवनलाई सुस्मिताको निःस्वार्थ ममताले बोझ विहिन पार्न सफल भयो । अन्ततः सुस्मिताले आफ्नो प्रेशा र छोराछोरीप्रतिको उत्तरदायित्त्वलाई असल तरिकाले पार गरिसकेर अन्त्यावस्थाको सहारा माग्न आएको अविनाशलाई वेसहारा गराउँदै भीषण युद्ध विजयी गरेको अनभूति गर्दै आफ्नो साथी प्रभातलाई पतिको रूपमा वरण गर्ने निर्णय लिएबाट उपन्यास सुखान्त भएको प्रस्ट हुन्छ ।

अन्ततः सार्वकालिक एवं सुखदोन्मुख परिवेशमा सिर्जित यो उपन्यास सोद्देश्यमूलक रहेको छ । प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरी सरल र सहज भाषाशैलीय विन्यासमा लैङ्गिक समानता र नारीवादी दृष्टिकोण प्रस्तुत गरिएको **समानान्तर आकाश** उपन्यास सामाजिक यर्थाथवादी उपन्यास हो । यी सबै कोणप्रतिकोणबाट हेर्दा प्रस्तुत उपन्यास एउटा सबल, पूर्ण, जीवन्त र स्वायत्त आख्यानात्मक संरचना बन्न सफल देखिन्छ ।

# सन्दर्भकृति सूची

## अ) नेपाली भाषाका पुस्तकहरू


उपाध्याय, केशवप्रसाद, साहित्य प्रकाश, पाँ.सं., ललितपुरः सा.प्र. २०४९ ।

गैरे, ईश्वरीप्रसाद, आधुनिक नेपाली आख्यान, सिद्धान्त र विशलेषण, कीर्तिपुरः क्षितिज प्रकाशन ।

गौतम, देवीप्रसाद, नेपाली भाषा परिचय, ललितपुरः सा.प्र., २०४९ ।

चालिसे, चक्रपाणि, नेपाली बगलीकोश, दो.सं., ललितपुरः सा.प्र., २०२४ ।

थापा, हिमांशु, साहित्य परिचय, ते.सं., ललितपुरः सा.प्र., २०४७ ।

थापा, हिमांशु, साहित्य परिचय, चौ.सं., ललितपुरः सा.प्र., २०५० ।

न्यौपाने, टंकप्रसाद, साहित्यको रूपरेखा, दो.सं., ललितपुरः सा.प्र., २०४९ ।

पौडेल, हीरामणि शर्मा, समालोचनाको बाटोमा, इन्दिरादेवी शर्मा पौडेल, २०४१ ।

प्रधान, कृष्णचन्द्रसिंह, नेपाली उपन्यास र उपन्यासकार, ते.सं., ललितपुरः सा.प्र., २०५६

प्रधान, प्रतापचन्द्रसिंह, नेपाली उपन्यास परम्परा र पृष्ठभूमि, दार्जिलिङः दीप प्रकाशन, २०४० ।

बन्धु, चूडामणि, भाषाविज्ञान, पाँ.सं., ललितपुरः सा.प्रं., २०५३ ।

बराल, कृष्णहरि र नेत्र एटम (सम्पा.), उपन्यास सिद्धान्त र नेपाली उपन्यास, ललितपुरः सा.प्र., २०५६ ।

राई, इन्द्रबहादुर, नेपाली उपन्यासका आधारहरू, दो.सं., ललितपुरः सा.प्र., २०५० ।

शर्मा, मोहनराज, शैलीविज्ञान, काठः ने.रा.प्र.प्र., २०४८ ।

शर्मा, मोहनराज, समकालीन समालोचना : सिद्धान्त र प्रयोग, काठः ने.रा.प्र.प्र., २०५५ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठः २०६२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा नेपाली साहित्यको संक्षिप्त इतिहास, पाँ.सं., ललितपुर, सा.प्र., २०५६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा — नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुरः सा.प्र., २०४६ ।

सिंह, पद्मावती, — समानान्तर आकाश, प्र.सं., ललितपुरः सा.प्र., २०६२ ।

त्रिपाठी, बासुदेव, — पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग १, चौ.सं., ललितपुरः सा.प्र., २०५० ।

त्रिपाठी, बासुदेव, — पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग २, ललितपुरः सा.प्र. ।

त्रिपाठी, बासुदेव तथा अन्य (सम्पा.) — नेपाली बृहत शब्दकोश, काठः ने.रा.प्र.प्र., २०४० ।

## आ) अङ्ग्रेजी भाषाका पुस्तकहरू

अब्राहम, एच्.एम्., — अ ग्लोसरी अफ लिट्रेचर, रिप्रिन्टेड, दिल्ली : म्याकमिलन इन्डिया ।

फक्स, राल्फ, — दि नोभल एण्ड दि पिपुल, लण्डन : कोवर्ट पब्लिसिङ् लि., १९४४ ई. ।

बेक्सटर, — न्यू इन्टरनेशनल डिक्सनरी, दो.सं., सी.एण्ड.सी. मेमोरियम कर्पोरेशन, १६७० ई. ।

स्कूलस, रोबर्ट र अन्य (सम्पा.), — इलेमेन्ट्स अफ लिट्रेचर, फोर्थ एडिसन, दिल्ली : म्याकमिलन इन्डिया लिमिटेड, १९९३ ई. ।

सिप्ले, जोसेफ टी. (सम्पा.), — डिक्सनरी अफ वर्ल्ड लिट्रेचर, न्युयोर्क : द फिलोसोफिकल लाइब्रेरी, १९४३ ई. ।

हड्सन, डब्लु एच., — एन इन्ट्रोडक्सन टु दी स्टडी अफ लिट्रेचर, नयाँ दिल्ली : कल्याणी पब्लिसर्स, २३ दरियागञ्ज, १९९४ ई. ।

## इ) हिन्दी भाषाका पुस्तकहरू

कालिप्र. तथा अन्य (सम्पा.), वृहद हिन्दी कोश, दो.सं., बनारस : ज्ञान मण्डलि, १९५६ ई. ।

तिवारी, भोलानाथ (सम्पा.) वृहद पर्यायवाची कोश, दो.सं., इलाहाबाद : किताब महल प्रा.लि., १९६२ ई. ।

प्रेमचन्द, कुद्ध विचार, इलाहाबाद : सरस्वती प्रेस, १९३९ ई. ।

## ई) पत्रपत्रिकाहरू

सिंह, किशोरी, 'समानान्तर आकाश यात्रा', कान्तिपुर, वर्ष १४, अङ्क २०४, वि.सं. २०६३ भदौ २५ ।

लुइटेल, लीला, 'समानान्तर आकाश एक विश्लेषण', गरिमा, वर्ष २६, अङ्क १०, पूर्णाङ्क ३१०, वि.सं. २०६५ असोज ।

## उ) शोधपत्रहरू

गौतम, बेलराम, लङ्गडाको साथी उपन्यासको कृतिपरक अध्ययन, भरतपुर, चितवन, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५८ ।

लामिछाने, प्रेमराज, स्वप्नभङ्ग उपन्यासको कृतिपरक अध्ययन, भरतपुर, चितवन, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५९ ।